# नवप्रज्ञापन

साहित्यिक पत्रिका (त्रैमासिक)

प्रकाशनारम्भ : २०५०, पूर्णाङ्क : ४९, साउन-असोज २०६७

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**सह-सम्पादक**
सुधन पौडेल

**सहायक सम्पादक**
यशु श्रेष्ठ

**व्यवस्थापक**
गणेश रिजाल

**विशेष सहयोगी**
पाण्डवराज कार्की
हरि खनाल
शङ्कर भट्टराई
छविरमण सिलवाल
बालमुकुन्द कार्की
बैरागी जेठा
पुष्करराज भट्ट

**प्रतिनिधि**
लक्ष्मी कणेल
शिरोमणि अर्याल
गोविन्द ढकाल 'ढुङ्गेली'
शान्ता अजनवी
हेमसागर पोखरेल
राजेन्द्र विसुंके

**आवरण**
समन श्रेष्ठ

**सम्पर्क**
पो.ब.नं. ९१०९, काठमाडौं
e-mail : nabapragyapan@gmail.com
Mob. 9841635660

**कम्प्युटर**
डीएन्डडी कम्प्युटर, बागबजार

**मुद्रण**
डंगोल प्रिन्टर्स, लगन काठमाडौं

मूल्य : रु. २५ ।-

## विषय-सूची


- निर्मोही व्यास/५
- कपिल लामिछाने /१६
- महेश पौडेल 'प्रारम्भ'/१९
- राज पाखे/२१
- पुष्करराज भट्ट/२२
- कुन्दन कुमार पन्त/२५
- असफल आकृति/२६
- प्रतिभा प्रक्षिप्त/२६
- भूषण श्रेष्ठ/२६
- सरिता ढुङ्गाना/२७
- उषा गिरी/२८
- ठूला सगर/२९
- यशु श्रेष्ठ/३०
- विपुल पोखरेल/३४
- देवी श्रीश/३५
- सीता भण्डारी/३७
- रमेशमोहन अधिकारी/३८
- मुकुन्द प्रयास/३९
- अच्युतरमण अधिकारी/४०
- ज्ञानु विद्रोही/४१
- खिमानन्द पोखरेल/४२
- रश्मि असफल/४४
- शान्ता अजनबी/४५
- पी. तामाङ/४७
- अस्मिता शर्मा/४८
- अरूणबहादुर खत्री "नदी"/५०
- हरि खनाल/५१
- मुक्तिनाथ शर्मा/५३
- वैरागी जेठा/५४

## वरिष्ठ एवं आजीवन सदस्यहरु


१. माया ठकुरी, धोबिघाट ललितपुर
२. विश्वराज अधिकारी, वीरगञ्ज पर्सा
३. रुकु कार्की, हेटौंडा मकवानपुर
४. रामप्रसाद अधिकारी, सिमरा बारा
५. ध्रुवकुमार घिमिरे, निजगढ बारा
६. वीणा पोखरेल, चावहिल काठमाडौं
७. पीताम्बरा 'पीयूष', कलङ्की काठमाडौं
८. ललिता दोषी, बुद्धनगर काठमाडौं
९. डा. सुषमा आचार्य, मानभवन ललितपुर
१०. रविन्द्र रिजाल, बल्खु काठमाडौं
११. भद्रकुमारी घले, मैतीदेवी काठमाडौं
१२. हरिप्रसाद पाण्डेय, बालाजु काठमाडौं
१३. वासुदेव अधिकारी, सुनौलाबजार धादिङ
१४. दीपेन्द्रसिंह थापा, महादेवस्थान धादिङ
१५. ईशा शाह, पकनाजोल काठमाडौं
१६. भगीरथ मिश्र, दमक झापा
१७. लक्ष्मी शर्मा, बालाजु काठमाडौं


## अनुरोध

- भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा यथाशक्य योगदान गर्नु हाम्रो उद्देश्य हो ।
- साहित्यका विविध विधा-कथा, कविता, नाटक, निबन्ध, संस्मरण, समीक्षा, समालोचना, एकाङ्की, हास्यव्यङ्ग्य, भाषा, संस्कृति, कला, अन्तर्वार्ता आदि विषयहरूलाई यहाँ प्राथमिकता दिइनेछ ।
- स्तरीय, मौलिक र अन्यत्र अप्रकाशित साहित्यिक एवं सिर्जनशील र खोजअनुसन्धानपरक रचनाको स्वागत र अपेक्षा गरिन्छ ।
- रचना पठाउँदा कागजको एकापट्टि स्पष्टसँग लेखिएको वा टाइप गरिएको हुनुपर्ने छ । कार्बनकपी गरिएका रचनाहरू स्वीकार्य हुनेछैनन् ।
- रचनामा आफ्नो नाम, ठेगाना र परिचय स्पष्ट हुने गरी लेखिएको हुनुपर्नेछ ।
- आदरणीय स्रष्टाहरूले प्रकाशनार्थ पठाएका रचनाहरू तीन अङ्कभित्र प्रकाशित नभएमात्र अन्यत्र पठाउन सक्नुहुनेछ ।
- रचना स्वीकृत-अस्वीकृत गर्ने र काँटछाँट गर्ने सम्पूर्ण अधिकार सम्पादक मण्डलमा निहीत रहने छ । अस्वीकृत रचना फिर्ता नगरिने हुँदा एकप्रति आफूसँग राखेर मात्र पठाउन अनुरोध छ ।
- प्रकाशित रचनामा व्यक्त विचारहरूप्रति लेखक स्वयं जिम्मेबार हुने भएकाले आफ्नो सिर्जनाप्रति लेखकलाई गम्भीर हुन पत्रिका आग्रह गर्दछ ।
- पुस्तक समीक्षाका लागि दुई प्रति कृति अनिवार्य रुपमा पठाउनु पर्नेछ ।
- र, अन्त्यमा संरक्षक सदस्य, वरिष्ठ सदस्य, आजीवन सदस्य र वार्षिक सदस्य बनेर यो अभियानमा सहभागी बनिदिन 'नवप्रज्ञापन' सबैमा अपिल गर्दछ ।

# सम्पादकीय

हामी हरूवा । हार्न जन्म्यौं । हार्न हुर्क्यौं । हार्न बढ्यौं । हार्न सिक्यौं । हार्न जान्यौं । किन हाछौं । उत्तर छैन । कसरी हाछौं । थाहा छैन । तर हाछौं । साँचो हाछौं । सत्य हाछौं । हार्न हाछौं । हार्न बाँच्छौं । हार्न हाँस्छौं । हार्न नाच्छौं । हार्न गाउँछौं । हार्न कुद्छौं । हार्न जिन्छौं । हार्न दौडन्छौं । हार्न रमाउँछौं । हार्न उफ्रन्छौं । हार्न हिंड्छौं । हार्न बस्छौं । हार्न सुत्छौं । हार्न उठ्छौं । हार्न खान्छौं । भैरहेछ यस्छै । निरन्तर निरन्तर । के भन्नु । कसो गर्नु । के सम्भन्नु । के बिर्सनु । दोधारमा छु ।

केवल ईशारा । बस् त्यत्ती । आज पर्यन्त । मज्जाले हाँस्यौं । अझै हाँस्दैछौं । दाँत देखाएर । किन हाँस्यौं । कसलाई हाँस्यौं । कसरी हाँस्यौं । जान्दैनौ कोही । तर हास्छौं । इतिहास बोल्छ । हामी रोबोट । अन्होटमा चल्छौं । अठोटमा हाँस्छौं । अन्यथा निर्जिव । बोल्न सक्दैनौं । देख्न सक्दैनौं । हिँड्न सक्दैनौं । त्यो आउँछ । चुड्की बजाउँछ । आँखा भिम्क्याउँछ । इशारा सोझ्याउँछ । हामी हाँस्छौं । दङ्ग बन्छौं । कम्मर मर्काउँछौं । खुशी तुल्याउँछौं । आफू भुल्छौं । आफ्नो भुल्छौं । त्यसलाई देख्छौं । त्यो प्रभु । त्यो नायक । त्यो महाननायक । त्यो भगवान् । त्यो ईश्वर । त्यो समाधान । त्यो औषधी ।

यो हाडीगाउँ । यस्तै हुन्छ । जात्रा लाग्छ । जात्रालु आउँछन् । बस्दैनन् सधैं । रमाइलो हेर्नुपर्छ । अचम्म देख्नुपर्छ । अनौठो सुन्नुपर्छ । नसोचेको भोग्नुपर्छ । त्यो आयो । स्वागत गऱ्यौं । जल चढायौं । चमर हल्लायौं । ईश्वर मान्यौ । पूजा गऱ्यौं । खुट्टा ढोग्यौं । आफू बिर्स्यौं । आफ्ना बिर्स्यौं । निर्देश गऱ्यो । नाङ्गा भयौं । एकछिन हाँस्यौं । एकछिन रोयौं । एकछिन करायौं । एकछिन गायौं । एकछिन नाच्यौं । भन्दै गयो । गर्दै गयौ । त्यो मुस्कुरायो । सन्तृष्ट भयौं । दङ्ग पऱ्यौ । मख्ख देखियौ ।

त्यो बोलेन । हामी बोल्यौं । त्यो हाँसेन । हामी हाँस्यौं । त्यसले सुनाएन । हामीले सुनायौं । आफू सुनायौं । आफ्नो सुनायौं । बाबु सुनायौं । आमा सुनायौं । दाइ सुनायौं । भाइ सुनायौं । भाउजु सुनायौं । बुहारी सुनायौं । दिदी सुनायौं । बहिनी सुनायौं । भिनाजु सुनायौं । ज्वाईं सुनायौं । हलुङ्गो बन्यौ । सन्तोष मान्यौ । त्यो मेरो । केवल मेरो । अरुको हैन । हुनै सक्दैन । भन्दै गयौं । गन्दै गयौं । कराउँदै गयौं । आफू चिनेनौं । चिन्नै खोजेनौं । प्रयासै गरेनौं । हातै बढाएनौं । त्यसैले कुँजियौं । डल्लो बन्यौं । थुप्रो बन्यौं । कुप्रो बन्यौं । पोको बन्यौं ।

त्यो हाम्रो । खोपीको देवता । आस्थाको केन्द्र । मेरो भयो । हाम्रो भयो । बाउ गर्जे । आमाले भनिन् । दाइले सुनाए । भाइले थप्यो । भाउजूले थपिन् । बुहारीले प्रष्ट्याइन् । दिदी गनगनिइन् । बहिनीले सुनाइ । जम्मैले पोखे । त्यो मेरो । विवाद चल्यो । मारपिट भयो । कुट्ने हाँस्यो । कुटिने रोयो । बलियोले कुट्यो । निर्धोले सह्यो । आमा भक्कानिइन् । बाउ बोलेनन् । टुलुटुले हेरे । दुवैका आँखा । मलिन देखिन्थे । बाउले सोधे । दोषी को । म हैन । सबैले भने । पालो सके । क्रमशः भने । जम्मै टक्टकिए । पाखा लागे । छानबिन गरौं । सहमति बन्यो । त्यसैलाई ल्याउने । सबैले भने । आमा बोलिनन् । बाउ टोल्लिए । हो ल्याउने । आवाज चर्कियो । दुवै बोलेनन् । ठानेनन् आवश्यक ।

आमा एक्लिइन् । बाबु हड्बडाए । मतलब राखेनन् । जेसुकै गरुन् । छोराहरूले भने । अँ भन्या । छोरीहरूले थपे । म आमा । तिनले भनिन् । म देश । म माटो । मलाई मार । तर नबेच । मलाई खाओ । मनपरी नगर । अनुरोध गरिन् । आग्रह पस्किन् । छोरीहरू हाँसे । छोराहरू बोलेनन् । मात्र केहीक्षण । मनपर्दो गरे । बाबुले भने । गुफामा बस्छु ।

तिनले धम्क्याइन् । बाहिर निस्कन्न । भन्दै गइन् । झन् राम्रो । ती मुस्काए ।

त्यो आयो । स्वागत गरे । ताली बज्यो । ती मुस्कुराए । राडी ओच्छ्याए । पलेटी कस्यो । एक्लै थियो । एक्लै बस्छु । विस्तारै बोल्यो । साउतीको भाषा । जङ्गे शैली । जङ्गे विचार । जङ्गे दृष्टिकोण । क्रमशः भेटे । चड्कन ठोक्यो । ठोक्दै गयो । तोरीको फूल । एउटाले सुनायो । अर्कोले थप्यो । सबैको उस्तै । अचम्म लाग्यो । किन होला । मुखामुख गरे । आँध्यारो मुहार । आँसुको बाढी । मनको पाटो । बग्न खोज्यो । दिएनन् खस्न । नमज्जा लाग्यो । अनुमान मिलेन । एउटाले सुनायो । हो त । अर्को बोल्यो । सबैले सोचे । टाउको समाए । छातिमा छामे । विचारमा हराए । दुःख्न सकेनन् । बग्न सकेनन् । अनुभूत गरे ।

खै स्वाभिमान । खै अस्मिता । खै दायित्व । खै जिम्मेवारी । खै इतिहासबोध । खै भविष्य । खै गन्तव्य । खै पाइला । खै चिन्तन । खै दृष्टिकोण । खै मूल्य । खै मान्यता । केही छैन । छँदै छैन । यो हो ? यस्तै हो ? यसैको लागि । रगत बग्यो । आँसु बग्यो । बेदना बग्यो । विरह बग्यो । चिन्तन बग्यो । चेतना बग्यो । स्वर छैन । बोल्नोस् हजुर । मुख खोल्नोस् । किन चुपचाप । नथुन्नोस् आवाज । नकुँज्याउनोस् विचार । बग्न दिनोस् । हिँड्न दिनोस् । पुग्न दिनोस् । पछ्याउन दिनोस् । आरम्भ होस् । शुभारम्भ होस् । बाटो छाड्नोस । विचार बनाउनोस् । विश्वास नथुक्नोस् । तपाईंको कल्याण । त्यसैमा छ । पटक्कै नडराउनोस् । बाँच्न सिक्नोस् । सिङ्गो जीवन । सग्लो विश्वास । दगुरेको चियाउनोस् । पुगेको नियाल्नोस् ।

तपाईंहरू झगडिने । मिलाउने त्यो । तपाईहरू सुत्ने । उठाउने त्यो । तपाईंहरू लुक्ने । खोज्ने त्यो । तपाईंहरू नबोल्ने । बोलाउने त्यो । घिन लाग्यो । नसुहाउँदो दृश्य । छ्याछ्या उफ । कसरी बुझ्नु । के सम्झनु ? किन सम्झनु । कता बस्नु । कता डुल्नु । कता घुम्नु । कसलाई भन्नु । किन भन्नु । जम्मै विपरीत । सबै बाङ्गो । आँखा बाङ्गो । मन बाङ्गो । माया बाङ्गो । प्रेम बाङ्गो । पिरती बाङ्गो । किन यस्तो । खोज्नु पर्ने । खोतल्नु पर्ने । सम्याउनु पर्ने । मिलाउनु पर्ने । भन्नु पर्ने । भनाउनु पर्ने । तर विडम्बना । कोही सुन्दैनन् । कान थुन्छन् । आँखा चिम्लन्छन् । सुन्न चाहन्नन् । भाग्न खोज्छन् ।

हामी निरीह । हामी पामर । आफ्नै विश्वास । नभएका जम्मै । आफूलाई नचिन्ने । आफूलाई नजान्ने । आफूलाई नदेख्ने । आफूलाई नछाम्ने । आफूलाई नभेट्टाउने । आफूलाई नखोज्ने । आफुलाई नपाउने । लौ सुन्नोस् । कस्ता हामी । कस्तो परिचय । कस्तो पहिचान । कस्तो जीव । कस्तो प्राणी । कुन दुनियाँको । कुन ग्रहको । कुन नक्षत्रको । के सुन्ने । के सुनाउने । अब सोचौं । विगतबाट सिकौं । वर्तमानबाट सिकौं । भविष्य खोतलौं । खोज्नैपर्छ हजुर । अबेर नगरौं । किमार्थ नहटौं । उठौं साँच्चै । लागौं बाटो । ठम्याऔं गन्तव्य ।

देख्ने अन्धो । बोल्ने लाटो । हिँड्ने लङ्गडो । सुन्ने बहिरो । नबनौं अब । वर्तमान चिरौं । वर्तमान फोरौं । वर्तमान गाडौं । वर्तमान बालौं । मसानघाट पु¥याऔं । अँह नफर्काउँ । बिन्ती गर्छु । अनुरोध पस्कन्छु । धरोधर्म हजुर । पुर्खाको सान । पुर्खाको मान । पुर्खाको इज्जत । पुर्खाको गौरव । सम्झौं एकपटक । स्वाभिमानमा बाँचे । त्यसैगरी हाँसे । तपाईं नबग्नोस् । म पग्लिन्न । तपाईंको देश । मेरो देश । हाम्रो देश । सबैको देश ।

सिङ्गो नेपाल । स्वतन्त्र नेपाल । स्वावलम्बी नेपाल । स्वाभिमानी नेपाल । जातमा नबाँड्नोस । धर्ममा नबाड्नोस् । सम्प्रदायमा नबाँड्नोस् । क्षेत्रमा नबाँडनोस । भाषामा नबाँड्नोस् । वर्गमा नबाँड्नोस् । लिङ्गमा नबाँड्नोस् । सम्भावनामा बाँड्नोस् । सप्ठेरोमा बाँड्नोस् । सबैको देश । फेरि सम्झनोस् । पुनः भन्नोस् । सङ्कुचित नबन्नोस् । पूर्वाग्रह नबोक्नोस् । देशमा पाटी । देशमा राजनीति । देशमा सङ्गठन । देशमा विचार । देशमा दृष्टिकोण । देशमा अधिकार । अनि तपाई । अनि म । र हामी । सिङ्गो नेपाल । स्वतन्त्र नेपाल । समृद्ध नेपाल । सबैको नेपाल । नेपालीको नेपाल । भनौं सबैले । एउटै आवाजमा ।

# ‘बकेयाका तीरमा तीन मूर्ति’ भित्र केशवप्रसाद उपाध्याय

–निर्मोही व्यास

**१. विषय प्रवेश**

वि.सं.१९९० सालको पौषपूर्णिमाका दिन मकवानपुर गढीछेउको चण्डिनी गा(उँमा जन्मेका, बाल्यकालमै मातृ-पितृविहीन हुन पुगेका, जीवन र जगत्सित कठोर सङ्घर्ष गर्दै हुर्के बढेर पढे-लेखेका तथा लामो समयसम्म शिक्षण सेवामा संलग्न रही त्रिभुवन विश्वविद्यालयको प्राध्यापक पदबाट अवकाशसमेत ग्रहण गरिसकेका नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको प्राज्ञ परिषद्का पूर्व सदस्य रहेका डा. केशवप्रसाद उपाध्याय नेपाली साहित्यका यशस्वी साधक हुन्। उनको साहित्यसाधना लेखनका दृष्टिले झन्डै छ दशक र प्रकाशनका हिसाबले विगत पाँच दशकदेखि अथक-अनवरत रूपले चल्दै आएको छ । सम्प्रति उनी स्वतन्त्र लेखनमा सम्पूर्णतः संलग्न छन् ।

उपाध्यायले चौध-पन्ध्र वर्षको उमेरमा क्रमशः संस्कृत र हिन्दी भाषमा पद्यलेखनबाट लेखनको आरम्भ गरेका हुन्। एक्काइस बाइस वर्षको वयदेखि उनले नेपालीमा केही कविता, केही कथा र केही निबन्ध लेखेर प्रकाशितसमेत गराएका हुन्[1] । वि.सं.२०१९ सालको अन्त्यमा ‘साहित्यकारको दायित्व’ शीर्षक साहित्यिक चिन्तनमूलक लेखबाट अनुसन्धानात्मक लेखनतर्फ समेत आफूलाई प्रवृत्त तुल्याएर वाद-सिद्धान्त लेखनका साथै तत्सम्बन्धी थुप्रै ग्रन्थको प्रणयन-प्रकाशन गरेका छन्, उनले ।[2] उक्त लेखनबाट नेपाली साहित्यमा आफ्नो पहिचान बनाइसकेका छन् ।

उपाध्यायको कलम केही वर्षयता समालोचना, सिद्धान्त र अनुसन्धानात्मक लेखनका अतिरिक्त यदाकदा संस्मरण-सृजनातर्फ पनि प्रवृत्त रहेको देखिन थालेको छ। अहिलेसम्म उनका ‘बकेयाको तीरमा तीन मूर्ति’ (२०५२) र ‘प्रशान्तिनिलयममा तीन दिन’ (२०५४) गरी संस्मरणका दुईवटा पुस्तक प्रकाशित भइसकेका छन् भने फुटकर रूपमा पनि थुप्रै संस्मरणहरू छापिएका पाइन्छन् । तिनले उपाध्यायको सिर्जनात्मक व्यक्तित्वको चिनारी प्रस्तुत गरेका छन् ।

सम्झना अर्थबोधक संस्कृतको ‘स्मृ’ धातुमा (ल्युट्) ‘अन’ प्रत्यय र ‘सम्’ उपसर्ग लागेर संस्मरण शब्द व्युत्पन्न हुन्छ। साहित्यिक सन्दर्भमा संस्मरण भनेको लेखकको आफ्न यथार्थ जीवनसित सम्बा(न्धत लघु आकार भएको तथा निजात्मक शैलीमा, संवेदनापूर्ण अभिव्यक्तिमा प्रस्तुत गरिएको सोद्देश्य स्मृतिप्रबल र स्थितिशील

---

१. केशवप्रसाद उपाध्याय; बकेयाका तीरमा तीन मूर्ति, (संस्मरण सङ्ग्रह),काठमाडौं : लेखक स्वयम्,२०५२, पृ.५ ।

२. केशवप्रसाद उपाध्याय, ऐ.पृ.क ।

गद्य-रचना हो ।[३] नेपाली साहित्यमा लामो समयदेखि निबन्ध विधाकै एक हाँगोका रूपमा चिनिँदै आएको यस प्रकारको लेखन अचेल केही समययता आफ्नो स्वतन्त्र पहिच(ान बनाउने तरखरमा (आत्मकथा, जीवनी, नियात्रा, दैनिकी आदि अरू आत्मपरक गद्यप्रविधाहरूसँगै) आख्यानेतर गद्य वा अन्य विधाको एउटा सशक्त भेदका रूपमा देखिन थालेको छ ।[४]

यस लेखमा 'बकेयाका तीरमा तीन मूर्ति' (संस्मरण-सङ्ग्रह) मा केन्द्रित रही केशवप्रसाद उपाध्यायको संस्मरणकारिताको विहङ्गावलोकन गर्ने प्रयास गरिएको छ ।

## २. विषयवस्तुको परिचय

'बकेयाका तीरमा तीन मूर्ति' केशवप्रसाद उपाध्यायको संस्मरणात्मक निबन्धहरूको सङ्ग्रह हो र पुस्तकाकारमा लेखकको यो नितान्त पहिलो सिर्जनात्मक कृति हो ।[५]

यसको प्रकाशन वि.सं.२०५२ सालमा लेखक स्वयंबाटै भएको हो । यस सङ्ग्रहभित्र क्रमशः नाममा के छैन, बाबुका डायरीमा छोराको हस्तक्षेप, चराको सिकार, धन्न विस्सू बाँचे, दश रुपियाँको भर्पाई, इस्कुलिया लैका, कागलाई बेल पाक्यो हर्ष न विस्मात्, अत्र मेनी मेनी पण्डिताः सन्ति, बकेयाका तीरमा तीन मूर्ति, मृत्युसँग जम्काभेट, छोरीको बिद(ाइपछि, नैवेद्य बाँड्ने कविको अविस्मरणीय आशीर्वाद, स्मृतिमा शेष र अभिव्यक्तिमा जीवित सम, पारिजातलाई पारिजात, मेरो मोतीहारी यात्रा तथा सभ्यता र मानवता शीर्षक भएका जम्माजम्मी सोह्रवटा संस्मरण सङ्कलित छन् । यीमध्ये पहिलो, दोस्रो, तेस्रो, पाँचौं, छैठौं, सातौं, आठौं, नवौं, दशौं, एघारौं, बाहौं, तेह्रौं, चौधौं र सोहौं संस्मरण पूर्वप्रकाशित देखिन्छन् । 'भन्नुपर्ने कुरा' शीर्षक स्वकीय मन्तव्यमा लेखकले 'एउटाबाहेक अरू सबै विभिन्न ठाउँका विभिन्न पत्र-पत्रिकामा प्रकाशित भइसकेका हुन्'[६] भनेका भए पनि पुस्तकमा चाहिँ चौधवटा संस्मरणको मात्र पूर्वप्रकाशन-सन्दर्भको उल्लेख रहेको र सङ्ग्रहभित्रको चौथो (धन्न विस्सु बाँचे) र पन्ध्रौं (मेरो मोतीहारी यात्रा) यी दुईमध्ये कुनैको पनि प्रकाशन-सन्दर्भ नदिइएको हुँदा त्यो एउटा अप्रकाशित संस्मरण कुन चाहिँ हो त ? भन्ने प्रस्टिएको पाइँदैन ।

पूर्वप्रकाशित सबैजसो संस्मरणहरूलाई संशोधन र परिमार्जनका साथ यस सङ्ग्रहमा भित्र्याइएको र त्यस क्रममा कतिपय संस्मरणहरूमा थपघट गरिएको तथा सङ्ग्रहभित्रका क्रमशः इस्कुलिया लैका, कागलाई बेल पाक्यो हर्ष न विस्मात्, अत्र मेनी मेनी पण्डिताः सन्ति यी तीनवटा संस्मरण मिलन पत्रिका (सं.२०४६ साल, कलैया) मा प्रकाशित 'सम्झनाका टुक्राटुक्री' लाई शीर्षक यौटै संस्मरणलाई टुक्र्याएर छुट्टाछुट्टै शीर्षक दिई यस सङ्ग्रहमा समावेश गरिएको देखिन्छ ।[७] यी सोह्रवटै रचनाहरू स्मरण-विष(ायमा केन्द्रित छन् ।

---

३. भिक्टर प्रधान; नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना, काठमाडौं: ने.रा.प्र.प्र.,२०४४,पृ. ५६ ।

४. वासुदेव त्रिपाठी; सैद्धान्तिक र ऐतिहासिक परिप्रेक्ष्यमा नेपाली यात्रासाहित्यको रूपरेखा, युनिभर्सिटी जर्नल अफ ह्युमानिटिज एन्ड सोसियल साइन्स, भोलम-१, काठमाडौं : त्रि.वि. कीर्तिपुर, सन् १९७८, पृ.१९-२३ ।

५. केशवप्रसाद उपाध्याय; पूर्ववत्, पृ.क ।

६. ऐजन, पृ.ख ।

७. ऐजन ।

### ३. विषयवस्तुको वर्गीकरण

प्रस्तुत 'बकेयाका तीरमा तीन मूर्ति' (संस्मरण-सङ्ग्रह) मा सङ्कलित सोह्रवटा संस्मरण आयामका दृष्टिले तीन भागमा विभाजित छन् । तीमध्येको दशौंबाहेक पहिलोदेखि लिएर एघारौं सङ्ख्यासम्मका दशवटा संस्मरण संस्मरणकारको निजी जीवनवृत्तकै वरिपरि केन्द्रित छन् । बाह्रौं, तेह्रौं र चौधौं संस्मरण लेखक स्वयंकै जीवनानुभव हुँदाहुँदै पनि ती साहित्यकारहरूसँग सम्बन्धित हुनाले साहित्यिक-संस्मरण बनेका छन् भने दशौं, पन्ध्रौं र सोह्रौं चाहिँ उपाध्यायका यात्रा-अनुभव सँगालिएका संस्मरण हुन् ।

यहाँ ती सबै संस्मरणको संक्षिप्त चर्चा गरिन्छ ।

'नाममा के छैन ?' [८]

यो, यस सङ्ग्रहको पहिलो संस्मरण हो, जुन 'समकालीन साहित्य', पूर्णाङ्क १८ मा पूर्वप्रकाशित छ । यसमा व्यक्ति वा वस्तुको पहिचानका निम्ति नामको आवश्यकता देखाउँदै लेखकले आफ्नो नामकरण संस्कारका दिनदेखि लिएर छात्रजीवन, अध्यापकीय जीवन र साहित्यिक जीवनका विविध घुम्तीहरूमा आइपुग्दासम्म पुरोहित, पिता, स्वजन, गुरु, साथीभाइ र सम्पादक-प्रकाशकले समेत अनेक नाम राखिदिएको, स्वयंले पनि स्वेच्छामा छद्मनामहरू अँगालेको र त्यसबाट बेलामौकामा भोग्नु परेका अप्ठ्यारा सप्ठ्यारा प्रसङ्गहरूको चर्चा गर्दै 'नाममा के छ र ? जेसुकै राखे पनि त भइहाल्छ नि' भन्ने चलनचल्तीको भनाइप्रति विमति जनाएर नाममा के छैन ? नामैमा त सबथोक छ, भनी मानिसको जीवनमा नामको ठूलो महत्व हुने कुरा व्यक्त गरिएको छ । नामचर्चाका अतिरिक्त यस संस्मरणमा लेखकद्वारा आफ्नो मातृ-पितृविहीन बाल्य र किशोरावस्थाका करुण प्रसङ्गका साथै विद्यालय-महाविद्यालयहरूमा पढाउँदाका तथा लेखन-प्रकाशन-सम्पादनसित सम्बन्धित निजी साहित्यिक जीवनका बहुरङ्गी स्मृतिपुष्पहरूलाई उनिएको छ ।

'बाबुको डायरीमा छोराको हस्तक्षेप' [९]

रखाइक्रमका हिसाबले यो संस्मरण यस पुस्तकको दोस्रो रचना हो । 'समकालीन साहित्य' पूर्णाङ्क ८ मा पूर्वप्रकाशित यो संस्मरण उपाध्यायको केटौले उमेरसित सम्बद्ध छ । साढे चारवर्षको उमेरमा मातृविहीन र बाह्र वर्षको उमेरमा पितृविहीन हुनपुगेका संस्मरणकारले यसमा युवावस्थामा स्वर्गीय भएका आफ्ना पिताको स्मृतिचिन्हका रूपमा उपलब्ध एउटा डायरीलाई आफ्नो संस्मरणको विषय बनाएका छन् । पिताद्वारा विभिन्न मितिमा उल्लिखित आफ्नो पारिवारिक जीवनका करुण प्रसङ्ग, घरव्यवहारका प्रसङ्ग, पिता (लेखकका पितामह)द्वारा पच्चीस वर्षको उमेरमा दण्डी स्वामी भएर गृहत्याग गरिएको प्रसङ्ग, जननीविहीन आफ्ना बालक छोराछोरीप्रतिको वात्सल्य प्रसङ्ग आदिलाई विशेष स्थान दिएको उक्त डायरीका केही पृष्ठमा टुहुरा संस्मरणकारले केटौले उमेरमा ठाउँठाउँ लिपिबद्ध गरेका तत्कालीन निजी अनुभव र अनुभूतिहरूलाई साठी नाघेको उमेरमा अत्यन्त भावुक भएर सम्झेका छन् । पिता-पुत्रकै जीवनका मार्मिक प्रसङ्गहरूलाई विषय बनाइएको यो संस्मरण यथार्थपरक हुँदाहुँदै पनि भावनाप्रधान बनेको छ ।

'चराको सिकार' [१०]

'मिर्मिरे' पूर्णाङ्क १२३ मा पूर्वप्रकाशित

---

८. ऐजन, पृ.१-८ ।
९. ऐ. पृ.९-१८ ।
१०. ऐ.पृ.१९-२५ ।

यो संस्मरण पुस्तकको तेस्रो रचना हो । यसमा उपाध्याय ब्राह्मणकुलमा जन्मेका र आठवर्षको उमेरमा व्रतबन्ध गरिएका लेखकले त्यसै उमेरमा आफ्नो गाउँघर बारा जिल्लाको कलैया भवानीपुरका दौंतरी साथीभाइसित लहैलहैमा लागेर एक दिन छिमेकको बगैंचामा एउटा चरा मारेको, त्यसलाई पोलपाल पारी रमाउँदै साथीहरूका लागि पातापातमा भाग लगाइदिएको, तर संस्कारवश आफूले चाहिँ नखाएर नियम-निष्ठाको पालना गरेको बा( ल्यकालीन प्रसङ्गलाई सम्झेका छन् ।

'धन्न विस्सू बाँचे' [११]

यस संस्मरणमा पनि लेखकको बा( ल्यकालीन अल्लारे क्रियाकलापकै सम्झना पोखिएको छ र परिवेश बारा जिल्लाको कलैया-भवानीपुरकै रहेको छ। आठ-नौ वर्षको उमेरमा लेखक दिनदिनभर दौंतरीहरूसित वरपर भौंतारिने, आफूले नखाने गरे पनि खोल्सामा माछा मार्ने, रुख चढ्ने, डन्डीबियो, खोपी आदि खेल्ने गर्दा एक दिन उनको बालमण्डलीका 'विस्सू' नामधारी मित्र इँटको अग्लो चाङ लगाई त्यसमाथि चढेर खेल्ने क्रममा चकचकेपनका कारण जोखिमपूर्ण चाङबाट खसेको, तर संयोगवश उतिबेलै त्यहाँ कतैबाट आइपुगेका कुनै मदिसे पुरुषले उनलाई भूइँमा बजारिनुपूर्व नै हात थापेर बचाएको प्रसङ्ग प्रस्तुत छ । बालसुलभ चाञ्चल्यको बयान सहज रूपले गरिएको यस संस्मरणमा ठाउँ-ठाउँमा स्थानीय भाषा भोजपुरीका वाक्य र वाक्यांशहरूको सुहाउँदो प्रयोग भएको छ ।

'दश रुपियाँको भर्पाई'[१२]

'दश रुपियाँको भर्पाई' यस सङ्ग्रहको पाँचौं रचना हो। यो कलैयाबाट २०४५ साल पौषमा मिलन पूर्णाङ्क २ मा पूर्वप्रकाशित देखिन्छ । यसमा लेखक 'साहित्यशास्त्री' उपाधि हासिल गरेर पूर्णतः व्यावहारिक जीवनमा प्रवेश गरेपछि आजीविकाका निम्ति शिक्षण व्यवसाय अँगालेर २०१२ सालमा सरकारबाट खटिई घरदेखि निकै टाढा तौलिहवाको एउटा अनकन्टार गाउँठाउँमा गएको, त्यहाँ एकजना हैकमवाल जमिनदार डाक्टर गङ्गाप्रसादको घरमा केही दिन रहँदा लेखक निकै अस्वस्थ हुन पुगेको, सहयोगका नाउँमा तिनले लेखकसँग एकदमै अमानवीय पाराले रकमी बोली-व्यवहारका साथ दश रुपियाँको भपाई गराएर उनलाई बिदा गरेको मार्मिक प्रसङ्ग मूल रूपमा अङ्कित छ, गौण रूपमा चाहिँ लेखककै प्रारम्भकालीन जागिरे (शिक्षक) जीवनका अन्य प्रसङ्गहरूले पनि स्थान पाएका छन् ।

'इस्कुलिया लैका' [१३]

यो छैठौं संस्मरण लघु आकारको छ र दश रुपियाँको भपाईकै दोस्रो खण्ड जस्तो छ, किनभने यसमा तौलिहवाको स्कूल छाडेर आएपछि उही (२०१२) सालमा नै लेखकले आफ्नै जिल्ला (बारा) को 'बुढगाई' नाउँको थारू गाउँमा सञ्चालित मिडिल स्कुल (नि.मा.वि.) मा अध्यापन गरेको बयान छ। त्यस स्कूलको वातावरण उनका निम्ति स्नेहपूर्ण, सन्तोषजनक र ज्ञानवर्द्धकसमेत रहेको चर्चाका साथै त्यसताका उनको उमेर कलिलै (२२ वर्षको मात्र) रहेको हुँदा कुनै दिन त्यहाँ आइपुगेको चुरोट खाने एक जना गाउँले पुरुषले सानो जिउडालका र चुरोट नखाने उनलाई शिक्षकको साटो 'इस्कुलिया लैका' अर्थात् इस्कुलमा पढ्ने

११. ऐ.पृ.२६-३३ ।
१२. ऐ. पृ.३४-४० ।
१३. ऐ. पृ. ४१-४३ ।

विद्यार्थी ठानेको रमाइलो घटनाको उल्लेख गरिएको छ ।

'कागलाई बेल पाक्यो हर्ष न विस्मात्' [१४]

यो, यस सङ्ग्रहको सातौं संस्मरण हो । अतिथिसत्कारपरायण थारू जातिको संस्कृतिका राम्रा-नराम्रा पक्षबारे टिप्पणी गर्दै थालिएको यस लघु रचनामा बारा जिल्लाको बुढगाईंकै स्कूलमा पढाउँदा थारूहरूको विवाहसस्कार हेर्ने-बुझ्ने रहरले एउटा विद्यार्थी केटाको जन्त गएको, तर चढेको बैलगाडा (गोरुले तान्ने गाडा) पल्टेर आफू बाटैमा घाइते भएकाले त्यो विवाहको रमझम आफ्ना लागि 'कागलाई बेल पाक्यो हर्ष न विस्मात्' भनेझैं भएको उल्लेख गरेका छन् ।

'अत्र मेनी मेनी पण्डिताः सन्ति' [१५]

सङ्ग्रहको यो आठौं संस्मरण पनि छैठौं र सातौंझैं लघु आकारकै छ र उही थारूगाउँ बुढगाईंकै स्कूलमा शिक्षणरत रहँदाको समयावधिसित सम्बन्धित छ । यसमा लेखक 'दौरवा' नाउँको अर्को छिमेकी थारूगाउँमा एक दिन एउटी बालिकाको विवाहमा निम्त्याइएर गएको बेला वर-वधू दुवैतर्फका पुरोहित र पठित व्यक्तिहरू पक्ष-विपक्षमा बाँडिएर परस्पर शास्त्रार्थ गर्ने त्यताको चलनअनुसार लेखकले पनि वधूपक्षबाट शास्त्रार्थमा भाग लिएको र वरपक्षका अल्पज्ञ पुरोहितले हाँक दिँदै संस्कृतमा 'यहाँ कोही पण्डित छ ?' भनी प्रश्न गर्दा लेखकका अग्रज सहकर्मी अङ्ग्रेजीका स्नातक र संस्कृतका राम्रा ज्ञाता माधव गौतमले तिनलाई उल्ल्याउन अङ्ग्रेजी शब्दमिश्रित संस्कृत वाक्य बनाएर 'अत्र मेनी मेनी पण्डिताः सन्ति' (यहाँ धेरै पण्डितहरू छन्) भनी हाँसोको लहर चलाएको रमाइलो प्रसङ्ग वर्णित छ ।

'बकेयाका तीरमा तीन मूर्ति' [१६]

'अञ्जन' वर्ष-१, अङ्क-१ (२०४९) मा प्रथमपटक प्रकाशित यो संस्मरण, सङ्ग्रहभित्रको नवौं रचना हो । यसकै शीर्षकलाई लेखकले पुस्तकको शीर्षक बनाएका छन् ।

यो संस्मरण पनि लेखकको शिक्षक-जीवनसितै सम्बन्धित छ ।

वि.सं.२०१६ सालमा लेखक रौतहट जिल्लाको राजपुर गाउँको स्कूलमा प्रधानाध्यापक भएर गएको र आफ्नो विद्वत्ता, सरल बोली-व्यवहार र आनीबानीले त्यहाँका बासिन्दाहरूबाट स्नेह-सम्मान पाउन थाल्दै गरेको एक महिना जति बितेपछि त्यस गाउँका एकजना ठूला हैकमवालले स्थानीय आफन्तलाई प्रधानाध्यापक बन(ाउने अभिप्रायले लेखकलाई बोलाएर तुरुन्तै स्कूल छाडेर जान धम्क्याएकाले लेखक आत्मसम्मानको रक्षाका लागि त्यो जागिर छाडेर घरको बाटो लाग्दा उनी बस्ने गरेको छिमेकी गाउँ 'बलुवा' का सम्बन्धित घरमूली आफ्ना दुई किशोर-किशोरी छोराछोरीका साथ शोकाकुल भएर उनका झोलाझाम्टा बोकी आँसु पुछ्दै गाउँबाहिर बकेया नदीको तीरसम्म पुऱ्याउन आएको र लेखक खोला तरेर पारितीरमा पुगिसक्ता पनि वारितीरमा मूर्तिवत् उभिएर तीनैजनाले अत्यन्त संवेदित भई तिर्खाएका आँखाले उनलाई टुलुटुलु हेरेको बत्तीसवर्ष पुरानो स्मृति विम्ब 'बकेयाका तीरमा तीन मूर्ति' शीर्षक यस संस्मरणमा छताछुल्ल भावुकतासाथ अङ्कित छ । यसमा

---

१४. ऐ.पृ.४४-४६ ।

१५. ऐ. पृ.४७-४८ ।

१६. ऐ. पृ.४९-५३ ।

लेखकले 'मानिस ठूलो दिलले हुन्छ' भन्ने महाकवि देवकोटाको भनाइमा अक्षरशः सहमति जनाएका छन् र विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयबाट शिक्षा लिनेहरूभन्दा जीवनको पाठशालामा अनुभवबाट शिक्षा लिनेहरूले वास्तविक ज्ञानार्जन गर्ने कुरा सिद्ध गरेका छन् ।

'मृत्युसँग जम्काभेट'[१७]

'प्रतिनिधि' पूर्णाङ्क ४ (२०३७,कलैया) मा पूर्वप्रकाशित यो संस्मरण यस सङ्ग्रहको दशौं रचना हो । बृहदारण्यक उपनिषद्को 'मृत्युबाट सृष्टिको आरम्भ भयो' भन्ने वाक्यबाट थालिएको यस संस्मरणमा दार्शनिक समको भनाइसित सहमत भएर जीवनको नश्वरता र मृत्युको शाश्वतताबारे चिन्तन प्रस्तुत गर्दै, तर मानिसको जिजीविषाकै पक्ष लिँदै लेखकले आफ्नो जीवनयात्रामा दुईपल्ट मृत्युसँग जम्काभेट भएको रोमाञ्चक र त्रासद सम्झना पोखेका छन् । दुवै सम्झना मोटरयात्रासित सम्बन्धित छन् ।

वि.सं. २०२० सालको फागुनमा कलैयाबाट हजुरामा, बहिनी र सालालाई लिएर भारतको बाटो गरी राजविराज जाँदा निर्मली भन्ने ठाउँमा चढिएको जीप कोशी तटबन्धमाथिबाट पल्टिनाले वृद्धा हजुरामा घाइते भई बेहोस हुनुभएको, बहिनी र सालालाई सामान्य चोट लागेको र लेखकको चाहिँ हात भाँचिएर, औंला काटिएर, कञ्चट फुटेर रगतको धारो लागेको, निकै बेर संवेदनाशून्य अवस्थामा रही बिस्तारै चेतनामा फर्केर स्थितिबोध हुँदा अत्ताल्लिएको, शारीरिक पीडाबोधले भन्दा मानसिक पीडाबोधले बढी छट्पटिएको र उद्धारकहरूद्वारा अस्पताल पुऱ्याइएपछि हजुरआमाको अचेत शारीरिक अवस्था देखेर कातर र भावविह्वल भई आफूहरूको उपचारका लागि डाक्टरसित अनुनयात्मक प्रलाप गरेको अनि त्यहाँ पुनर्जीवन पाएर राजविराज पुगेपछि भावावेगले पत्नी र छोराछोरीलाई गम्लङ्ङ अँगालो हालेको घटना मृत्युसँगको पहिलो जम्काभेटका रूपमा वर्णित छ भने २०३३ सालमा वीरगन्जबाट काठमाडौं जाँदा रक्सीले टिल्ल परेको चालक सरदारको लापर्वाहीका कारण बसको गति अनियन्त्रित भई विपरीत दिशाबाट हुइँकिँदै आएको ट्रकसित जुध्दा दोस्रोपल्ट मृत्युसँग जम्काभेट भएको, तर जीउलाई चाहिँ केही नभएको प्रसङ्ग वर्णित छ । यसमा तत्कालीन अनुभूतिको विश्लेषणसमेत गरिएको छ ।

'छोरीको बिदाइपछि' [१८]

'गरिमा' पूर्णाङ्क १४२ मा पूर्वप्रकाशित यो रचना पुस्तकमा एघारौं स्थानमा रहेको छ । स्नातकोपाधि हासिल गरेकी आफ्नी एकमात्र छोरी प्रतिमाको विवाह २०३६ साल मङ्सिर महिनामा कलैयास्थित आफ्नो घरको साटो परिस्थितिवश जनकपुरमा कुम्लेविवाहका रूपमा सम्पन्न भएको प्रसङ्गलाई विषय बनाइएको र महाकवि कालिदासप्रणीत 'अभिज्ञान शाकुन्तल' नाटककी नायिका शकुन्तलाको बिदाइ बेलाको कण्वपीडा-अभिव्यक्त-श्लोक 'जान्छिन् आज शकुन्तला घर भनी' को उल्लेखबाट थालिएको यस संस्मरणमा लेखकले छोरीलाई अन्माएर पठाएपछि उनको वियोगमा विगलित भएर आफूलाई कण्व ऋषिकै प्रतिरूप ठानेको र घर फर्कन चढेको बसको झ्यालबाट अश्रुसिक्त आँखाले बाहिर हेर्दा पहेंलपुर सर्स्युं-तोरी लहलहाएको फाँटभरि पनि छोरीका बाल्यकालदेखिका तमाम मोहक स्मृति-विम्ब झलझलाएको सम्झना पोखेका

१७. ऐ.पृ.५४-६१ ।
१८. ऐ.पृ. ६२-६९ ।

छन् र मानसिक आवेग-उद्वेगलाई दबाएर राख्न खोज्ने स्वभावको भएको हुँदा त्यस वियोग वेदनाबाट आफूले सजिलै मुक्ति पाउन नसकेको यथार्थबोध गरेका छन् ।

'नैवेद्य बाँड्ने कविको अविस्मरणीय आशीर्वाद' [१९]

संस्मरणकार उपाध्यायले यस संस्मरणमा आफूले कवि धरणीधर कोइरालाको 'नैवेद्य' कवितासङ्ग्रह सानैमा पढ्न पाएको, त्यसबाट आफ्नो व्यक्तित्वनिर्माणमा सघाउ पुगेको कुराको उल्लेखसाथ २०२४ सालमा नेपाली विषयको एम.ए. द्वितीय वर्षको एउटा मौखिक परीक्षा दिँदा परीक्षकका रूपमा रहेका कवि धरणीधरको प्रथम दर्शन पाएको, ज्यादै गम्भीर स्वभावका अर्का परीक्षक ताराप्रसाद जोशीको कठोर बोली-व्यवहारले गर्दा उनीसितको प्रश्नोत्तरका क्रममा आफू खुबै धकाएको, तर कवि धरणीधरले चाहिँ प्रसन्नताका साथ आफूलाई सफलताका लागि आशीर्वाद र विद्यावारिधि गर्ने सल्लाहसमेत दिएको सम्झनालाई श्रद्धापूर्वक प्रस्तुत गरेका छन् ।

यो संस्मरण धरणीधर स्मृति-ग्रन्थ (२०४९) मा पूर्वप्रकाशित छ ।

'स्मृतिमा शेष र अभिव्यक्तिमा जी(वित सम' [२०]

मधुपर्क (२०३८ माघ-फागुन) मा प्रथमपटक प्रकाशित यस संस्मरणमा मा(नवतावादी, राष्ट्रवादी साहित्यकार कलाकार एवं दार्शनिक बालकृष्ण समको व्यक्तित्वको रूप तथा प्रभावको सम्झना गरिएको छ । ठाउँठाउँमा समका गद्यात्मक र पद्यात्मक उद्धरण प्रस्तुत गर्दै बूँदागत रूपमा तयार पारिएको यस रचनामा लेखकले समलाई पहिलोपल्ट २०१९ सालमा देख्न पाएको प्रसङ्गदेखि लिएर एउटा साहित्यिक भेलामा आफूले उनको कवितावाचन सुन्न पाएको, कवि सिद्धिचरण श्रेष्ठका माध्यमबाट उनीसित परिचय र साक्षात्कार गर्न पाएको, त्यस्तै पछि उनको ना(टकीय योगदानबारे शोधकार्य गर्ने क्रममा बेलाबेला आफू उनीकहाँ गइरहँदा उनले कहिले सम्झेको-कहिले बिर्सेको तर पनि आफ्नो बैठककोठामा बसेर आवश्यक ग्रन्थहरूको पाण्डुलिपी पढ्ने चिन्ताका त्यहाँ नभए डरामै लगेर पढ्नेसमेत अनुमति दिएको आदि चर्चासहित वार्द्धक्यजनित अशक्तता र पारिवारिक चिन्ताका कारणले अनुहारमा मानसिक व्याकुलता, विकलताउद्वेलन, छटपटी प्रतिबिम्बित भएपनि सकेसम्म आफ्ना अर्न्वेदना प्रकट गर्न नचाहने समका मानवीय कमजोरीहरूलाई केलाउनुभन्दा उनको व्यक्तित्वमा निहित अनुकरणीय सत्पक्षको सम्मान आफ्नो निम्ति काम्य रहेको जनाउँदै लेखकले स्मृतिमा शेष र अभिव्यक्तिमा जीवित रहेका समप्रति आस्था र श्रद्धा प्रकट गरेका छन् ।

'पारिजातलाई पारिजात' [२१]

पुस्तकमा चौधौँ स्थानमा राखिएको यो संस्मरण 'जनमत' विशेषाङ्क (२०४९) मा प्रकाशित रचना हो । यसमा लेखकले नेपाली साहित्यकी बहुमुखी र विशिष्ट प्रतिभा पारिजातसितका आफ्ना चार साक्षात्कार-प्रसङ्गलाई प्रस्तुत गरेका छन् । पारिजातको बहुचर्चित र पुरस्कृत उपन्यास 'शिरीषको फूल' पढेपछि उब्जेको उनीसित साक्षात्कार गर्ने आफ्नो रहर निकैपछि साहि(त्यकार आनन्ददेव भट्टको सौजन्यले सुकन्या (पारिजातकी बहिनी) को घरमा पूरा भएको, त्यस प्रथम भेटमा 'शिरीषको फूल' बारे

---

१९. ऐ.पृ.७०-७७ ।
२०. ऐ.पृ.७८-८७ ।
२१. ऐ.पृ.८८-९४ ।

जिज्ञासा पोख्ता शून्यवादी बौद्ध दर्शन तथा अस्तित्ववादी पश्चिमी दर्शन पढेर लेखिएको नभई स्वानुभूतिबाटै लेखिएको भन्ने जानकारी पारिजातबाट मिलेकाले आफ्नो अनुमानको पुष्टि भएको बताएका छन्[२२] । त्यस भेटमा आफूले पारिजातलाई शान्त, सरल, सौम्य र विनीत महिला देखेको भन्ने उल्लेख लेखकले गरेका छन् । पारिजातसित दोस्रो भेट सिद्धार्थ वनस्थली मा.वि.मा आयोजित उनको जन्मोत्सव र अभिनन्दन समारोहमा, तेस्रो भेट लेखकको आफ्नै गृहनगर कलैयामा (निर्मोही व्यासको घरमा) भएको लेखकले चर्चा गरेका छन् । चौथो भेट कहिले र कहाँ भयो भन्ने कुराको उल्लेख संस्मरणमा छैन, तर किस्ताबन्दीका रूपमा विभिन्न मिति र स्थानमा आफूले चारपटक भेटेको आधारमा लेखकले पारिजातलाई अति नै स्वाभिम(ानी, मानापमान एवं आलोचनाप्रति औधि संवेदनशील, मानवतावाद, सङ्घर्ष, कर्तव्य र सङ्कल्पको अप्रतिम आदर्श र समग्रमा आफ्नै किसिमको व्यक्तित्व भएकी 'गरीयसी र महीयसी महिला' भनेर श्रद्धासाथ स्मरण गरेका छन् ।

'मेरो मोतीहारी यात्रा'[२३]

बारा जिल्लाको एउटा थारूगाउँ बुढगाईंको मिडिल स्कूलमा पढाउने गरेताका २०१३ सालको मङ्सिरमा वार्षिक परीक्षाका प्रश्नपत्र छपाउन स्कूलबाट खटिएर मोतीहारी (भारत-विहार) को यात्रा गरेका लेखकले बाटोमा पनि र गन्तव्यमा पुगेपछि पनि खप्नुपरेको भुक्तमानको जीवन्त बयान गर्दै उनन्चालीस वर्षअघिको आफ्नो त्यस यात्रालाई 'गाईजात्रा' संज्ञा दिएका छन् । त्यस बिहारी सहरको यात्रा लेखकका लागि नौलो रहेको, त्यसमाथि राति एघार बजे मात्र रेलबाट त्यहाँ ओर्लेको, फोहर र उडुसको खानी रहेको त्यहाँको धर्मशालामा लुगलुगाउँदै र उडुस मार्दै घुँडामा चिउँडो जोडेर छर्लङ्ग रात काटेको, भोलिपल्ट बिहान प्रेस खोजी प्रश्नपत्रका पाण्डुलिपिहरू जिम्मा लगाएको, छपाइको दुई-तीनदिने अवधि(भरि खूबसित त्यो सहर डुलेको, तीनवटा सिनेमा हेरेको, दैनिकी लेखेको र दैनिकीहरूमा आफूले त्यहाँ हेरेका फिल्महरूबारे समीक्षा(त्मक टिप्पणी पनि लेखेको अनि मुद्रित प्रश्नपत्रहरू लिएर रेल चढी फर्किंदा पछ्यौरा रेलमै छुटेको आदि घटनाहरूलाई यसमा स्मरण गरिएको छ ।

'सभ्यता र मानवता' [२४]

यस सङ्ग्रहको अन्तिम संस्मरण 'सभ्यता र मानवता' हो । यो 'रूपरेखा'

(लेखकाङ्क-२०२२ वैशाख) मा पूर्वप्रकाशित छ ।

वि.सं.२०१५-१६ सालतिर रौतहट जिल्लाको एउटा प्रा.वि.मा अध्यापनरत लेखक एकपल्ट झोला र छाता भिरी घरबाट जागिरमा जानल(ाग्दा रक्सौलको भारतीय रेल्वे स्टेसनमा अपार घुइँचोका कारण पहिले त रेलको डब्बाभित्र छिर्नै नसकेको, पछि अनेक कष्ट झेल्दै भीडद्वारा ठेलिएरै पस्न सफल भएको तर त्यस डब्बाभित्र बसेका भोका-नाङ्गा, मैला, फोहोरी, कुरूप र पशुतुल्य असङ्ख्य नरनारीको दारिद्र्यपूर्ण अवस्थाप्रति सहानुभूतिशील भए तापनि आफू सभ्य, शिक्षित र सुसंस्कृत हुनाले तिनीहरूसित टाँसिएर उभिन घीन मानी त्यहीँ अर्कोतिर विराजमान आधुनिक फेसनका नवयुवकयुवती

---

२२. ऐजन ।
२३. ऐ.पृ.९५-१०४ ।
२४. ऐ.पृ.१०५-१०४ ।

र दुग्धधवल धोतीकुर्ताधारी आफूजस्तै शिक्षित र सभ्यहरूसित 'मलाई यो नर्कबाट बचाउनोस्' भनी उनीहरू ढलिमली गरेर बसेको सीटमा लेखक पनि टुसुक्क बस्न खोज्दा ती सभ्य भनाउँदाहरूले शिष्ट भनाउँदो वाक्शैलीमा चरम उपेक्षात्मक सम्वाद ओकलेको, तर दयनीय मुद्रामा लामो समयसम्म उभिँदा फतक्क खुट्टा गलेर लड्ने स्थितिमा पुगेका उनलाई तिनै फोहोरी र अर्धनग्न कङ्गालहरूमध्येकै कसैले मानवीय सद्भाव र हार्दिकतासाथ ठाउँ दिएर 'बस' भनी बसाएको प्रसङ्ग यस संस्मरणमा वर्णित छ ।

**४. प्रवृत्ति**

'बकेयाका तीरमा तीन मूर्ति' का स्रष्टा केशवप्रसाद उपाध्यायका संस्मरणहरूमा यथार्थपरक जीवनदृष्टि, प्रगतिवादी चेत र मानवतावादी स्वर पाइन्छ । संस्मरणकार उपाध्यायलाई आफ्नो धर्म, संस्कृति, रीतिस्थिति र परम्परा प्यारो छ। उस्तै उनका निम्ति भौतिकभन्दा आध्यात्मिक उन्नति महत्वपूर्ण रहेको देखिन्छ । सानैमा मातृ-पितृविहीन हुन पुगेर जीवन र जगत्सित कठोर सङ्घर्ष गर्दै अघि बढेका उपाध्यायका रचनामा समाजका श्रमशील, विवेकशील र संवेदनशील सच्चा मानिसहरूप्रति स्नेह-सम्मानको भाव र स्रष्टाहरूप्रति श्रद्धा एवं आदर पाइन्छ भने शिक्षित, सभ्य तथा सम्पन्न भनाउँदाहरूको आडम्बरी र अमा( नवीय चरित्रप्रति विक्षोभ र व्यङ्ग्य पाइन्छ।

**५. उद्देश्य/विचार**

संस्मरणकार उपाध्यायको प्रस्तुत कृतिमा सङ्कलित सोह्रवटा संस्मरणमध्ये क्रमशः ' नाममा के छैन ?' संस्मरणमा व्यक्ति वा वस्तुको पहिचानका निम्ति राखिने नामको जीवनमा ठूलो महत्व हुने कुरा प्रस्ट्याउनु लेखकको उद्देश्य रहेको छ। नाममा 'सु' लागे सुनाम अनि 'कु' लागे कुनाम हुने हुँदा जो पनि नामप्रति सचेत रहनुपर्ने विचार यसमा व्यक्त गरिएको छ। 'बाबुको डायरीमा छोराको हस्तक्षेप' मा पिताद्वारा अर्जित ज्ञान र अनुभव सञ्चित भएको डायरीको अध्ययनबाट छोरामा परेको सृजनात्मक प्रभावलाई प्रस्ट्याइएको छ र जीवनमा कहिल्यै घमण्ड गर्न नहुने, असल बोली-व्यवहार गर्नुपर्ने र बैगुनीलाई गुनले मार्नुपर्ने विचार प्रकट गरिएको छ।

'चराको सिकार' मा परतृप्तिमा आत्मतुष्टिबोध गर्ने तत्त्वको कारक बनेर संस्कार र सङ्कल्पले भूमिका खेलेको हुन्छ भन्ने आशय व्यक्त गरिएको छ, साथै यस संस्मरणमा लेखकको बालमनोविज्ञान पनि प्रस्तुत छ । 'धन्न विस्सू बाँचे' मा एउटै भूलले पनि डरलाग्दो परिणाम निम्त्याउन सक्ने हुँदा त्यस्ता भूलबाट जीवनमा सदा सचेत रहनुपर्ने सन्देश अभिव्यक्त भएको छ। 'दश रुपियाँको भर्पाई' मा मानवीय संवेदना र सद्भाव मानिसको साँचो सम्पत्ति हो, त्यो छैन भने भौतिक सम्पत्ति जति थुपारे पनि मानिस दरिद्र नै हुन्छ भन्ने विचार पोखिएको छ।

'इस्कुलिया लैका' मा सहरिया चनाखो संस्कृतिबाट असम्पृक्त रहेका सरल गाउँलेहरू सपाट र सोझो अर्थको अनुशासन मात्र बुझ्ने गर्छन् भन्ने कुरा हास्यात्मक प्रस्तुतिमा राख्ने प्रयास गरिएको छ । 'कागलाई बेल पाक्यो हर्ष न विस्मात्' मा हर्ष र विस्मात् नितान्त रूपले मानवमनोदशामा भर पर्ने कुरा भएको स्पष्ट पार्दै आफू प्रफुल्ल हुँदाको स्थितिमा मात्र मानिसलाई हर्षानुभूतिले छुन सक्छ, नत्र जस्तोसुकै हाँसो-खुसीको अवसर पनि कागलाई बेल पाकेसरह अर्थहीन हुन्छ भन्नु यसको उद्देश्य रहेको छ । 'अत्र मेनी मेनी पण्डिताः सन्ति' मा टपर्टुइँयाहरूका सामु अगाध ज्ञान भण्डार उघार्नुको कुनै औचित्य नहुने हुँदा बरु उटुङ्ग्याइँ गरेर त्यस्ताको झाँको झार्नुपर्छ भन्ने विचार पोखिएको छ।

'बकेयाका तीरमा तीन मूर्ति' मा विद्य(ालय, महाविद्यालय र विश्वविद्यालयले शिक्षा दिए पनि सबै ज्ञानी नहुने, बरु जीवनरूपी पाठशालाबाट अनुभवरूपी गुरुद्वारा शिक्षा लिने व्यक्ति ज्ञानी हुने विचार व्यक्त गरिएको छ । त्यसै गरी 'मृत्युसँग जम्काभेट' शीर्षक संस्मरणमा मरिन्छ भन्ने त्रास सबैलाई हुने भए पनि मृत्यु अपराजेय शक्ति हो र त्यसले प्रतिक्षण प्राणीलाई पछ्याइरहन्छ भन्दै मानिसले आफ्नो देश र समाजको हितका लागि केही गर्नुपर्छ, त्यसै बैगुनी भएर मर्नु हुँदैन भनिएको छ । 'छोरीको बिदाइपछि' मा जन्माएर लाडप्यारले खेलाई-हुर्काई र बढाई-पढाई गरिएकी छोरीलाई अन्माएर पतिगृह पठाउँदाको पीडानुभूति साँच्चै कालिदासद्वारा 'अभिज्ञान शाकुन्तल' नाटकमा अभिव्यक्त करुणा-विगलित कण्व ऋषिको वेदनानुभूतितुल्य हुन्छ भन्दै मानवीय संवेदना सार्वकालिक र सार्वभौम सत्य हो भन्ने आशय व्यक्त गरिएको छ ।

'नैवेद्य बाँड्ने कविको अविस्मरणीय आशीर्वाद' मा कविताका माध्यमबाट राष्ट्रिय र जातीय चेतनाको उद्घोषण गर्ने धरणीधर कोइराला व्यावहारिक दृष्टिले पनि निश्छल, निर्मल र प्रेरणादायी व्यक्तित्व रहेको आशय पोख्नुबाट त्यस्तै व्यक्तित्व बन्नू भन्ने उद्देश्य व्यक्त भएको छ । 'स्मृतिमा शेष र अभि(व्यक्तिमा जीवित सम' शीर्षक संस्मरणमा जीवनका बाह्य र आन्तरिक सङ्घर्षसित जुधी जिजीविषाको असामान्य उदाहरण प्रस्तुत गर्ने शान्ति, अहिंसा र मानवताका पक्षधर साहित्यकार बालकृष्ण सम एक महान् नेपाली प्रतिभा हुन भन्ने विचार सिद्ध गरिएको छ । 'पारिजातलाई पारिजात' शीर्षक संस्मरणको उद्देश्य अधिकांश नारी पारिजात जस्ता हुनुपर्छ भन्ने आशय प्रस्तुत गर्नु रहेको छ । यसमा मान्छे हुनुका नाताले त्रुटि, कमजोरी र अपूर्णतायुक्त भए पनि मा(नवतावादी भावनाले ओतप्रोत तथा सङ्घर्ष, कर्तव्य र सङ्कल्पकी प्रतिमूर्ति नारीका रूपमा साहित्यकार पारिजातको व्यक्तित्वको मूल्याङ्कन गरिएको छ ।

'मेरो मोतीहारी यात्रा' मा कहिलेकहीँ ज्यादै कष्टकर भएर यात्रा गाईजात्रातुल्य हुने गरे पनि अनुभव र अनुभूतिका दृष्टिले मानवजीवनमा यात्राको ठूलो महत्व रहेको हुन्छ भन्ने आशय झल्किएको छ र 'सभ्यता र मानवता' शीर्षक सोह्रौं वा अन्तिम संस्मरणमा अनुभव जीवनको अनमोल ज्ञान प्राप्त गर्न सकिने पुस्तकालय हो तथा सभ्यताभन्दा मानवता सधैँ श्रेष्ठ हुन्छ भन्ने भाव केन्द्रीय विचार बनेको छ ।

**प्रस्तुति**

केशवप्रसाद उपाध्यायका प्रस्तुत संस्मरणहरू अनुभव र अनुभूतिमय छन् एवं संवेदनाले ओतप्रोत पनि छन् । यिनमा भा(षिक प्राञ्जलता र शैलीको सरलता पाइन्छ । सबैमा सूचना र सन्देश छ । चराको सिकार धन्न विस्सू बाँचे, इस्कुलिया लैका, कागलाई बेल पाक्यो हर्ष न विस्मात्, अत्र मेनी मेनी पण्डिता: सन्ति जस्ता रचनामा विषयवस्तुको केही सोझो बयान पाइन्छ र यत्किञ्चित् हास्य पनि पाइन्छ । बाँकी अरू सबैको वर्णनमा आल्हादकता मिसिएको छ । नाममा के छैन ?, पारिजातलाई पारिजात, स्मृतिमा शेष र अभिव्यक्तिमा जीवित सम जस्ता संस्मरणमा भावुकताको रमरम र चिन्तनको प्रधानता छ भने बाबुको डायरीमा छोराको हस्तक्षेप, दश रुपियाँको भर्पाई, बकेयाका तीरमा तीन मूर्ति तथा सभ्यता र मानवता शीर्षक संस्मरणहरू रमरम चिन्तन, पर्याप्त भावुकता र क्षीण व्यङ्ग्य मिसिएका रचना हुन् । मृत्युसँगको जम्काभेटमा चिन्तन र भावुकताको आधा आधा उपस्थिति पाइन्छ र छोरीको बिदाइपछि

चाहिँ आद्योपान्त भावना-संवेदनाप्रधान छ ।

कुनै-कुनै संस्मरणमा समालोचक उपाध्यायबाट संस्मरणकार उपाध्याय आक्रान्त भएका देखिन्छन्, यसो हुनु किन अस्वाभाविक होइन भने स्रष्टा उपाध्याय र द्रष्टा उपाध्याय दुवैको कलम सँगसँगै गतिमान् बनेको छ ।

संस्मरणलाई भिन्न-भिन्न लेखकले भिन्न-भिन्न शैलीमा प्रस्तुत गर्ने गरेको पाइएको छ । उपाध्यायका संस्मरणहरूमा पनि शैलीगत भिन्नता पाइन्छ, साथै उनले यस कृतिमा सङ्कलित कुनै-कुनै संस्मरणमा यथावसर अतीतावलोकन वा पूर्वदीप्ति शैलीलाई पनि अँगालेको पाइन्छ । उदाहरणका लागि यहाँ 'छोरीको बिदाइपछि' र ' बाबुको डायरीमा छोराको हस्तक्षेप' यी दुवै संस्मरणलाई अघि सार्न सकिन्छ ।

'बकेयाका तीरमा तीन मूर्ति' मा सङ्कलित सबै संस्मरणहरू विशुद्ध नेपाली भाषामा लेखिएका छन् भने यिनमा संस्कृतनिष्ठ शब्दहरूको प्रयोग पनि केही मात्रामा भएको छ । प्रायः तराइली परिवेश र जनजीवनसित सम्बद्ध रहेका यी संस्मरणहरूमध्ये केही संस्मरणमा स्थानीय भोजपुरी भाषाका वाक्य-वाक्यांश र पद-पदावलीको प्रयोग भएको पाइन्छ भने कुनैमा फाटफुट हिन्दी भाषाका वाक्यको प्रयोग पनि पाइन्छ तर, ती कुरा सान्दर्भिक रूपमा आएकाले बिझाउँदैनन्, बरु स्वादिला नै लाग्छन् । संस्मरणकार उपाध्यायको प्रस्तुति इमानदारीपूर्ण, सरल, स्पृहणीय छ तथा शिल्पपक्षका तुलनामा विचार वा भावपक्ष सबल छ ।

## उपसंहार

'बकेयाका तीरमा तीन मूर्ति' संस्मरण-सङ्ग्रहमा केन्द्रित रहेर केशवप्रसाद उपाध्यायको संस्मरणकारिताको अध्ययन गर्दा उनका संस्मरणहरूमा चिन्तन र अनुभूतिमयता, अनुभवको व्यापकता, पर्याप्त निजात्मकता, यथार्थपरक जीवनदृष्टि, बौद्धिकता र हार्दिकताको समन्विति, प्रायः संवेगमाथि संयम, नियतिप्रति विश्वास, स्वदेश, स्वधर्म र स्वसंस्कृतिप्रति गाढा प्रेम, प्राञ्जल भाषा, सरल र इमान्दारीपूर्ण प्रस्तुति अनि प्रगतिवादी चेत, मानवतावादी विचार र जीवनप्रति रागात्मक भाव पाइनुका साथै भौतिकताप्रति नभएर आध्यात्मिकताप्रति लेखकको आस्था रहेको पाइन्छ ।

यी विशेषताहरूका आधारमा प्रस्तुत ' बकेयाका तीरमा तीन मूर्ति' संस्मरण-सङ्ग्रहलाई नेपाली संस्मरण साहित्यको एक सुन्दर कृतिका रूपमा र यसका स्रष्टा केशवप्रसाद उपाध्यायलाई एक उल्लेखनीय संस्मरणकारका रूपमा लिन सकिन्छ ।

---

**सन्दर्भग्रन्थसूची**

१. अधिकारी, रामलाल (इ.१९९५), निसंस्मरण, गान्तोक, सिक्किम : दिलकुमारी भण्डारी
२. उपाध्याय, केशवप्रसाद (२०४५), समको दुःखान्त नाट्य चेतना, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
३. -----------,(२०४९), साहित्य प्रकाश, पाँचौं सं., ललितपुर : साझा प्रकाशन
४. -----------, (२०५२), बकेयाका तीरमा तीन मूर्ति, काठमाडौं : लेखक स्वयं
५. निर्मोही, व्यास, (२०५३), सम्भवामि युगे युगे, वीरगञ्ज : प्रतीक प्रकाशन
६. प्रधान, भिक्टर, (२०४४), नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना, काठमाडौ : नेराप्रप्र
७. बराल, ईश्वर र अरू(सम्पा.), (२०५५), नेपाली साहित्यकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान
८. भट्टराई, घटराज, (२०५७), प्रतिभैप्रतिभा र नेपाली साहित्य, काठमाडौं : नेशनल रिसर्च एसोसियट्स
९. लुइँटेल, खगेन्द्रप्रसाद,(२०५७), आधुनिक नेपाली समालोचना, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
१०. श्रेष्ठ, दयाराम, मोहनराज शर्मा, (२०४९), नेपाली साहित्यको संक्षिप्त इतिहास, चौथो सं. ललितपुर : साझा प्रकाशन
११. सुवेदी, राजेन्द्र,(२०४९), स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि, दोस्रो सं. ललितपुर : साझा प्रकाशन ।

# घान्द्रुक झलल

**– कपिल लामिछाने**

यात्रा एउटा सिकाइ हो, ज्ञान हो र एउटा सान हो । यात्रा गरिहन परिस्थितिले साथ दिएन होला, तर मलाई यात्रा ज्ञानवर्द्धक र मनोरञ्जक लाग्छ । यसपटक घान्द्रुकको यात्रा गर्ने अवसर मिल्यो । घान्द्रुक मनोरम स्थल, आफ्नो गृहजिल्लाको प्यारो स्थल, तर मेरै त्यो रमणीय र प्रिय स्थलमा म अझै पुगेको थिइन । मनभरि अनन्त खल्लोपना थियो । यस्तैमा नेपाल बालसाहित्य समाजको निम्तो आयो, समाजका अध्यक्ष रामबाबु सुवेदीको फोन पनि आयो । घान्द्रुकमा समाजको बीसौं सम्मेलन २०६६ फागुन २४ र २५ मा सम्पन्न हुन गइरहेको थियो । यता तनहूँको दुलेगौंडामा शुक्ला प्रवाहको कथा विशेषाङ्कको लोकार्पण २२ गते हुनु थियो र शेषमणि आचार्यको ताकिता कायमै थियो । एउटै रुटमा एकै दिशामा दुईवटा साहित्यिक कार्यक्रम हुने । हार्न सकिएन । कार्यालय र व्यक्तिगत तमाम कामलाई छाडेर फागुन २१ गते नै प्रदीप प्रधान र म बिहानै रुपन्देहीबाट हिँड्यौं । २२ गते शुक्ला प्रवाह कथा विशेषाङ्कको लोकार्पण समारोहमा सहभागी भयौं । शुक्ला साहित्य सङ्गमले छोटो अवधिमा जे काम गऱ्यो त्यो सराहनीय छ । त्यसमा पनि सयौं साहित्यस्रष्टा र शुभेच्छुक जुटाएर लोकार्पण कार्यक्रम गऱ्यो त्यसले छुट्टै महत्व राखेको छ ।

लोकार्पण कार्यक्रममा प्रमुख व्यक्तित्व (अतिथि नभनिएको) वैरागी काइँलाको मन्तव्य सुरु हुँदा मैले र प्रदीप प्रधानले समारोहस्थल छाड्नुपऱ्यो, कारण घान्द्रुकको कार्यक्रमका सहभागीको बस आइपुग्दै थियो र हामीले पनि त्यसैमा जानु थियो ।

फागुन २३ गते पोखरा-बागलुङ राजमार्गको नयाँ पुलबाट हाम्रो पैदल यात्रा सुरु भयो । उत्साहले गर्दा केही तयारी गरिएनछ । पोखरामा पुगेर स्पोर्ट सु र नयाँ पुलमा पुगेर ट्र्याकिङ ब्याग जुटाएपछि बल्ल यात्रा जस्तो यात्रा थालियो । नयाँ पुलबाट वीरे ठाँटी, दाङसिङ, किम्चे, सेउली हुँदै टाढा माछापुच्छ्रे र पारि लुम्लेलाई नियाल्दै हाम्रो लस्कर अघि बढ्दै गयो ।

अभि सुवेदी, चूडामणि बन्धु, प्रदीप नेपाल, विनय कसजू, सुषमा आचार्य, शारदा शर्मा, के.के. कर्माचार्य, नयनराज पाण्डे, महादेव अवस्थी, रामकृष्ण दुवाल, रामकुमार पाँडे, युवराज नयाँघरे, रमेश श्रेष्ठ, कन्हैया नासननी, रामप्रसाद ज्ञावाली, प्रदीप बमजन, नवराज रिजाल, छविरमण सिलवाल, ललिता दोषी प्रभृत्ति ख्यातिप्राप्त विद्वन्हरू समेत यात्रामा सहभागी थिए । सानी बहिनी रक्षा थापा पनि सहभागी थिइन् भने केही वयोवृद्ध स्वनामधन्य लेखक पनि त्यहीँ सहभागी थिए । सोही जिल्लाका साहित्यस्रष्टा पनि त्यहीँ थिए, अमेरिकाली प्रो.लिन्डा र कोरियाबाट आएका प्रो.यु

जङ यी लगायतका बालसाहित्यस्रष्टा पनि त्यहीँ यात्रामा थिए । सबै पैदल यात्रा गर्दै थिए । स्वास्थ्यका कारण घोडा चढ्नुपर्ने विनय कसजू र गङ्गा कसजू पनि लस्करमै थिए र पोकापुन्तुरा बोकाउने साहित्यस्रष्टा पनि थिए र साहित्यकारका पोकाको भारी बोकेर ठसठसी कन्दै हिँड्ने भरिया पनि त्यहीँ थिए ।

बालसाहित्यका लेखक-कलाकारको यत्रो सम्मेलनमा पहिलेपहिले झैं कुलमान सिंह भण्डारी, जनकप्रसाद हुमागाई, रमेश विकल, शारदा ढकाललाई देख्न पाइएन, अब देख्न पाइँदा पनि पाइन्न । तर तिनका योगदान र तिनका रचना हाम्रा माझ छन् । विजय चालिसे, कृष्णप्रसाद पराजुली, गोपीकृष्ण शर्मा, शान्तदास मानन्धर, विश्वम्भर चञ्चल, ध्रुव घिमिरे, बानिया कान्छा, बुँद रानालाई पनि यस सम्मेलनमा देख्न पाइएन, तर उनीहरू अर्को-अर्को सम्मेलनमा अबस्से आउनेछन् । मेरा लागि युवक श्रेष्ठ, इन्द्रप्रसाद अधिकारी, शर्मिला खड्का, राजेन्द्र शलभ, के.बी. सिम्पल यसअघि पढेसुनेका व्यक्तित्व भए पनि साक्षात्कार भएको यो पहिलो अवसर झैं लाग्छ ।

बाटाभरि सहभागीहरूको सूची हेर्दै तथा बालसाहित्यस्रष्टा र कलाकारहरूलाई स्मरण गर्दै कति वरिष्ठ छुटेछन्, कति नयाँ जुटेछन् विश्लेषण गर्दै थिएँ । यो यात्रा हाम्रो मात्र यात्रा थिएन, नेबासासको पनि यात्रा थियो । ऊ अब बीसौं खुड्किलोमा टेक्दै थियो, बीसौं राष्ट्रिय सम्मेलन गर्दै थियो ।

बाटामा नाकै ठोस्सिने उकालोमा स्याँस्याँ गर्दै 'पारि पऱ्यो लान्द्रुक वारि पऱ्यो घान्द्रुक, बीचमा मोदी खोला ...' भन्दै के.बी. सिम्पलले देउडा घन्काउँदै थिए भने रामकृष्ण दुवालले झ्याउरे रन्काउँदै थिए । जाँदा पनि उ-कालो, आउँदा पनि उ-कालो के हो ? भनी म गाउँखाने कथा हाल्दै थिएँ । पानीमा पछि लाग्नू, धूलोमा अघि लाग्नू भन्ने उखान बखान्दै शिवप्रसाद पौडेल अघि लाग्दै थिए । प्राज्ञ महादेव अवस्थी प्रज्ञाप्रतिष्ठानको पुनर्जीवन गर्न सकिएला कि भनी घोत्लिँदै थिए । रामप्रसाद ज्ञवाली तेस्रो आँखा समालोचनाको कुरो गर्दै थिए । विजयराज आचार्य बालसाहित्यको अवस्थाको आकलन गर्दै थिए । नवराज रिजाल नेपाली बालकृतिको हिसाब राख्दै थिए । प्रमोद प्रधान सम्मेलनको पूर्वतयारीका लागि पहिले नै घान्द्रुक पुगिसकेका रहेछन् ।

माछापुच्छ्रे हामीलाई ढल्कीढल्की हेर्दै थियो । हामी उकालो चड्दा थरथर भएका खुट्टा उचाली-उचाली हिमाल हेर्दै थियौं । घरि देवकोटाको 'पहाडी जीवन'का हरफहरू सम्झना हुन्थे, घरि रामकृष्ण शर्माको 'सगरमाथामा तेन्जिङ'को स्मरण हुन्थ्यो । म माधव घिमिरेको 'मेरै धौलागिरि शिखरमा छैन मैले पुगेको' श्लोक दोहोऱ्याउँदै थिएँ । बालसाहित्यस्रष्टा र कलाकारको यात्रा जारी थियो ।

घान्द्रुक जान पैदल हिँड्नै पर्छ । मालसामान केही मान्छेले र बढीजसो खच्चडले बोक्दछ । खच्चड हिँड्दा मालगाडीको सम्झना हुँदो रहेछ । बाटाभरि खच्चडको लिदी डुङ्ङ गनाउँछ । लिदीभरि मसिना झिँगा भन्केका ! ... अन्नपूर्णा हिमशिखरहरू, हिउँचुली, गन्धर्वचुली, प्रसिद्ध माछापुच्छ्रे जस्ता हिमशिखरहरूसम्म पुग्न घान्द्रुक भएरै जानुपर्छ । घान्द्रुकबाट करिव

चार दिनको पैदल यात्रापछि बल्ल अन्नपूर्णा र माछापुच्छ्रेका आधार शिविरसम्म पुग्न सकिन्छ । त्यहाँसम्म घोडेटो बाटो छ । यहाँ विदेशी पर्यटकहरू आइरहँदारहेछन् । उनीहरू यी हिमशिखर र यो प्राकृतिक छटा अवलोकन गरेर मन्त्रमुग्ध हुन्छन् । घान्द्रुकबासीहरू आफ्नो व्यवसाय चलाउँछन् ।

बालसाहित्य सम्मेलनमा पाँचवटा कार्यपत्र प्रस्तुत भए, टिप्पणी भए, छलफल भयो । कृतिविमोचन भए । समीक्षा भयो । स्रष्टा सम्मान भयो । तिनका योगदानको चर्चा भयो । सर्वसम्मतिबाट घान्द्रुक घोषणापत्र जारी भयो । बालगीत, बालकविता र नृत्य प्रस्तुत गरिए । बालबालिकाले चित्र कोरे र ती चित्रउपर स्रष्टाहरूले कविताको रचना गरे । बालबालिका र विद्यालयहरू पुरस्कृत भए । बालपुस्तकको प्रदर्शनी भयो । समाजका तर्फबाट करिब २०० बालपुस्तकहरू विद्यालयहरूलाई हस्तान्तरण गरियो । नेपाली, दक्षिण कोरियाली र अमेरिकाली बालसाहित्यको विगत र वर्तमानको लेखाजोखा भयो । रामकृष्ण दुवाल, प्रदीप बमजन, रामबाबु सुवेदी र प्रो. यु जङ यी (जानकी) सम्मेलनभरि छाइरहे ।

घान्द्रुक सम्मेलन नेपाली बालसाहित्यको इतिहासमा एउटा कोसेढुङ्गा बनेर रहनेछ । यो सम्मेलनलाई राष्ट्रिय भने पनि यो अन्तर्राष्ट्रिय सम्मेलन भएको छ । पहिलोपटक समाजको घोषणापत्र तयार पारी सम्मेलनबाट पारित गरेको छ । यो ऐतिहासिक काम भएको छ । यति उँचाइमा यतिको ठूलो सहभागितामा यतिको उत्साहपूर्ण सम्मेलन जुन घान्द्रुकमा भयो यसले नेपाली बालसाहित्यका क्षेत्रमा काम गर्ने लेखक, कलाकार र प्रकाशक सबैलाई उत्साह थपेको हुनुपर्छ ।

हामी वहाँ लोडसेडिङ्बाट आक्रान्त थियौँ, यहाँ घान्द्रुक, लुम्ले झलल थिए । काठमाडौँबासीलाई पानीको हाहाकार छ, यहाँ पानीको पौल छ । घान्द्रुक अन्नपूर्णा र माछापुच्छ्रेको बेस क्याम्प (आधारशिविर) पुग्ने बाटोको एक प्रमुख कडी पनि हो । पर्यटकहरू पहिलो विश्रामस्थल घान्द्रुकलाई बनाउँछन् ।

घान्द्रुक जसले लोडसेडिङ जानेको छैन र जो सधैं बिहेघरझैं झलल छ । घान्द्रुक जसले आफ्नो परम्परा पनि थामेको छ र विकासको स्वाद पनि चाखेको छ । घान्द्रुक जसको मुख्य व्यवसाय पर्यटन व्यवसाय बनिसकेको छ र राष्ट्रले पनि त्यही आँटिरहेको छ । घान्द्रुक जहाँका नागरिकहरू अतिथि सत्कारका लागि आतुर भएर उभिरहेका हुन्छन् । घान्द्रुक जहाँ धुवाँ, धुलो र प्रदूषण छैन; जसले दुर्लभ विदेशी मुद्रा खर्च गरेर ल्याएको पेट्रोलियम पदार्थको प्रयोग गर्दैन । घान्द्रुक जहाँका नागरिकहरूले २००६ सालमै विद्यालय खोलेका थिए । अहिले मेश्रमवराह मा.वि.मा पुस्तकालय छ, कम्प्युटर ल्याब छ, खेलकुद मैदान छ, शौचालय छ, ह्वाइट बोर्ड र मार्कर पेनको प्रयोग हुन्छ । मलाई लाग्छ मुलुकका औसत विद्यालयभन्दा धेरै माथि छ यो विद्यालय । यहाँका बालबालिकाहरू हिमाल हेर्दै त्यसको चित्र कापीमा कोर्दा रहेछन् । यहाँका नागरिकलाई कपालभारती गर्नुपर्दैन, उकाली-ओराली गर्दा यस्ता धेरै योगासनले भन्दा बढी स्फूर्ति तिनले पाउँदा रहेछन् । योग बसिखानेलाई रहेछ, गरिखानेलाई होइन । यो ज्ञान दिएको छ घान्द्रुकले हामीलाई ।

●

• syf

# दृश्यान्तर : यथार्थभित्र र बाहिर

**– महेश पौडेल 'प्रारम्भ'**

उनलाई मैले लोकन्थलीका कुना काप्चा र गल्लीहरूमा धेरै पल्ट देखिसकेको थिएँ । लोकन्थली कुनै ठूलो सहर हैन । यो भर्खरै विकासको आलोक पाउन लागेको गाउँ नै हो । तर अरनिको राजमार्गको दुवैतिर बाक्लो आवासक्षेत्रमा फैलिएकोले कुना, काप्चा र गल्लीहरू प्रशस्तै छन् । कहिलेकाहिँ त पुरानै मान्छे पनि अल्मलिने सम्भावना हुन्छ ।

तरकारी बजारका वरिपरि, बसपार्कमा, मितेरी अस्पतालको प्राङ्गणमा, मन्दिरका छेउछाउ : हो जताततै देखिन्थिन् उनी । कहिले पर्खालका आडमा लुकेर रुँदै गरेकी, कहिले बसपार्कमा आँसु पुछेर लोकका अगाडि मुस्कुराउने प्रयार गरिरहेकी । उनका ओठ कलेँटी परेका थिए, कुर्कुच्चा चुर्चरी चिरिएका, जवानीमै गाला चाउरी परेका, ती चाउरीहरूकाबीच सुकेको आँसुका धाराहरूका थेग्रा स्पष्टै देख्न सकिन्थ्यो । ठाउँ-ठाउँमा च्यातिएर धुजाबाती भएका लुगा, छाला घोटिएर कालै भएको कुहिनाहरू, फुटेका ओठका धाँजाहरूमा दुःखका असङ्ख्य कारुणिक बिम्बहरू छरिएका स्पष्टै देखिन्थे ।

आज लक्ष्मीपूजाको रात । सहर मैन र रङ्गीचङ्गी बिजुलीबत्तीले प्रदीप्त । मणिपुरतिर त लक्ष्मीपूजा नगरी भैली खेल्नु हुँदैन भन्थे । हामीहरू भैली खेल्न जाँदा सँघारबाटै लक्ष्मी पूजेको-नपूजेको सोधेर मात्रै प्रवेश गर्‍यौं । यहाँ काठमाडौंमा त दिउँसैदेखि सुरु हुँदो रहेछ देउसे-भैलेको ताँती छुट्ने क्रम् । हुन त चालचलन र परम्परा ठाउँ अनुसार भिन्न हुन्छ ।

एक हूल भैले आएर आँगनमा बसे । दिउँसोको चार बजेको हुँदो हो । बाहिर उज्यालै थियो । आकाशमा एक जुवाजति घाम अझ बाँकी नै थिए । भैलेले मौखिक एकदुईवटा गीत गाएपछि क्यासेट प्लेयरको तार जोडे र मस्तसँग पपगीतमा नाच भर्न थाले । उनीहरूलाई कतिको लाज लाग्यो त्यो दैव जानोस्, तर हामीहरू भने देउसीभैलीका निहुँमा हाम्रो मौलिक संस्कृतिको यो विभत्स हत्या देखेर केही लज्जित भयौं, र केही क्रोधित पनि । परिवर्तन आउनु पर्छ, त्यो जायज कुरा हो । तर त्यो वेलगाम हुनु हुन्न, त्यो पनि सर्वमान्य मान्यता हो ।

दुई-चारवटा पप गीत बजे । हामीले चाहेर पनि ध्यान दिन सकेनौं । हामी पप गीत विरोधी हैनैं, तर देउसीभैलीको न्यूनतम् मर्यादा पनि नरहने गरी बजेका बेमैसमी बाजालाई स्वागत गर्न सकिएन, त्यो पप होस् कि सप् होस् ।

घरबेटीले भैलीमा ध्यान नदिनु उनीहरूबाट त्यति प्रभावित नहुनु हो, र भैलीबाट घरबेटी प्रभावित नहुनु भैनेको भैलेका लागि निकै ठूलो चोट हो । सायद उनीहरूमध्ये कसैलाई यो कुराको भान परेको हुन सक्छ, "मोहनी लाग्ला है गाउँलेको बोलीले" भन्ने गीत बजाइयो । स्वभाविकरुपले त्यहाँको माहौलमा केही

परिवर्तन आयो । हामीले पनि आनन्दको अनुभूति गर्‍यौं ।

गेटमा बसेर भैलो नियालिरहेकी उनी सुस्त-सुस्त भित्रतिर घुस्रिइन् । आज उनको ललाटमा एउटा दुर्लभ प्रकृतिको खुसी टल्किइरहेको थियो । निधारमा घामजस्तै गोलाकारको ठूलो रातो टिको, सिउँदोभरी लालीगुँरासले पाखा ढकमक्क ढाकेजस्तै सिन्दूर, गलाभरी साउनमा लहराउँदै गरेका धानका गाभा जस्तो लहलह पोते, आङ्मा चौबन्दी र फरिया । हिँजो-अस्ति देखिएकी उनी र आजकी उनीमा आकाश-जमीनको फरक थियो ।

उनी डराउँदै भित्र पसिन्, र आँगनको एक कुनामा उभ्भिइन्, भर्खरै चिर्पट खाएको कुकुर जस्तै भयभीत् । उनलाई सायद थाहा थियो, गाउँका सभा-समारोहमा र सुखद मुहूर्तहरूमा उनको उपस्थितिलाई स्वागत गरिंदैन ।

गीत गुन्जँदै गयो । नाच्नेहरू नाच्दै गए । मैले नाचभन्दा बडी चासो उनको प्रतिक्रियामा दिएँ । विना अवरोध भित्र प्रवेश पाएकोमा उनी दङ्ग थिइन् र अचम्भित पनि । उनका आँखाबाट हर्ष प्रज्वलित् भैरहेको देखिन्थ्यो । उनले ओठभरी लाली पनि लगाएकी रहिछन् । उनका आँखा र अनुहारहरूको बाटो बिर्सिएको खुसी आज वापस आएको उनको अनुहारमा बस्दा उनको सम्पूर्ण जीवन नै साँच्चै सुन्दर देखियो ।

मैले उनलाई अझ ध्यानपूर्वन नियालेँ । गीतको बोलसँगै उनका ओठ फर्फराइरहेका थिए । ती ओठको फरफराहट र गीतको बोलमा अचम्मको तदात्म्य थियो । वास्तवमा उनलाई त्यो गीत कण्ठै थियो । सँगसँगै उनको जिउ गीतको तालसँगै झुम्दै गरेको आभास पनि सबैले पाए ।

गीत सकियो, र फेरि भैलेहरू पपमा फर्किए । उनको अनुहारमा पुनः सधैँको जस्तै विषाद दृष्टि फर्कियो । बसन्त पछि तुरन्त शिशिर ... माझमा लामो शून्यता, कति नसुहाउँदो ! मैले भैलेलाई आग्रह गरेँ, “फेरि एकपल्ट मोहनी लाग्ला है ” नैं बजाउनुहोस् न । उहाँ दिदीको नाच हेरौं । ”

घरबेटीको आग्रहलाई भैलेले काट्नु हुँदैन । यो देउसीभैलोको अघोषित नैतिकता हो । बज्यो गीत । उनी उठिन र नाच्न थालिन् ।

कस्तो सजीव नृत्य ! जीवन्त नाच । शिवको ताण्डवमा पनि थिएन होला यो सजीवता । मैले धेरै नाचहरू हेरेको छु जीवनमा । विश्वप्रख्यात मणिपुरी, कथाकली, कुचिपुडीदेखि लिएर हाम्रै मारुनी, च्याब्रुङ्, सोरठी, कौडा, धाननाच, बालनलगायत थुप्रै नाच । तर कुनै पनि वर्गमा नपरेको त्यो नाचलाई मैले “जीवननाच” भन्नुभन्दा पृथक अन्य कुनै नाम जुराउन सकिनँ । ती ओठहरूमा लयबद्ध फरफराट, ललाटमा आनन्दको अभाष्य आभा, मन्द मुस्कानमा लोहित् गाला, हातगोडामा श्रृष्टिको आदिम उत्तेजना । हेर्नेहरू हेरेकहेरेइ भए ।

गीत सकिन लागेको थियो । उनी एक्कासि रोक्किइन, र स्याँ-स्याँ भएको स्वरमा मलिन रुपले भनिन्, “गीत बन्द नगर ल, म आज धेरै नाच्छु ।”

गीत सकियो । फेरि देहोर्‍याइयो । फेरि सकियो । फेरि देहोर्‍याइयो । नाच जारी रह्‍यो । समय र अन्तरिक्षको व्यापकतालाई निरीह तुल्याउने त्यो असीमित उर्जामा ब्रह्माण्डको गतिनै स्तब्ध होला कि जस्तो प्रतीत हुन्थ्यो । त्यो नाचमा कुनै नटराजको केही जोर नचल्ने प्रष्ट थियो । अन्य नाचहरूमा कला होला, यस नाचमा जीवनको गतिलाई उसको स्वभाविक

धावनमार्गबाट अन्यत्र मोड्न सक्ने दृढ इच्छाशक्ति र दम थियो ।

भैलेहरू सायद केही भन्न चाहन्थे । तर घरबेटीलाई नृत्यमा ध्यानमग्न देखेर केही बोल्न सकेनन् । निकैबेरसम्म निर्वाद नाचेपछि टक्क रोक्किइन उनी, र हृदयको गतिलाई थाम्न नसकी भैँमा लडिन् । केही ले उठाए र बसाए । उनी घोप्टो परिन् र केहीबेर उँधोमुण्टो लगाएर बसिरहिन् । हामी र भैलेहरू स्तब्ध भयौँ, र भयभीत पनि । केहीबेर पछि उनले टाउको उठाइन र भनिन् , "भोलि त तिहार सिद्धिन्छ हो?"

"अँ," समूहिक जवाफ ।

लस्अनि एक्कसि उनले डाँको छोडिन्। केही भैलेहरू छेउमा गएर सम्झाउन थाले । म पनि छेउतिरै तान्निए ।

"अनि त यसरी नाच्न पाइँदैन । "

हामीले मुखामुख गऱ्यौँ । सबैका अनुहारमा विषाद दृष्टि । सबैभित्र एउटा अनौठो प्रकृतिको सहानुभूति ।

"किन र ? नाच्नलाई तिहारै चाहिन्छ र?" कसैले सोध्यो ।

"अरुबेला नाच्दा मलाई सबैले कुट्छन् ।"

आसूँ बगि नै रहे । उनले गुन्यू माथि तानेर असङ्ख्य सुम्ला र डामले भरिएका तीघ्रा देखाइन्। चोलोका बाउला पनि तानिन्। त्यहाँ पनि निकै देखिए क्रूर डामहरू ।

कसैका मुख खुलेनन् । सबैको बाक्के रोकियो । केवल ती आँसूहरूको निर्वाद वहावमा तरङ्गित अव्यक्त कथामा अर्थ खोजिरहे उनीहरूले । एकछिन भए पनि नृत्यको आडमा कालो यथार्थबाट उम्कन चाहान्थिन उनी। एकछिन भए पनि बाँचेको अनुभूति गर्न चाहान्थिन उनी। तर शरीरको उर्जा सकिए पछि, र मुटुले आदेश दिए पछि क्रूर यथार्थका निष्ठूर पाउमा बज्रिन बाध्य भइन् अनि फेरि उही "बहुलाई" को बर्को ओढेर त्यहाँबाट हिड्न बाध्य भइन ।

काश, यो पापी समयको अवधि त्यही नाचजति मात्रै भएको भए.........

भोलिपल्ट मैले फेरि देखेँ उनलाई, मितेरी अस्तपालको पर्खाल छेउ बसेर आकाशतिर हेरिरहेकी । उही विभत्स शरीर, उही थकित् अनुहार र उही विषाद दृष्टि । वरिपरी धेरै "मानिस" हरू थिए, म पनि थिएँ । सबै आ-आफ्नै सूरमा व्यस्त। मानिसहरूमाझ "मानिस" भेट्टाउन असमर्थ उनका आँखाभने माथि आकाशमा उडिरहेका बादलमा टुक्राहरूसित साक्षात्कार गरिरहेका थिए ।

•

# गजल

**– राज पाखे**

उडेका खरानीहरूसँग सोध्नू
भिजेका सिरानीहरूसँग सोध्नू

छ शङ्का कतै नि भनेमा तिमीले
सुनेकै कहानीहरूसँग सोध्नू

कहाँ भो र पीडा नभन्नू हिजो ती
दुःखेका बिहानीहरूसँग सोध्नू

मलाई नसोध्नू सही भो अतीतमा
बितेका जवानीहरूसँग सोध्नू

उडेका खरानीहरूसँग सोध्नू
भिजेका सिरानीहरूसँग सोध्नू ।

– हाल फिनल्याण्ड

# कथाकार प्रेमसिंह धामी र उनको कथायात्रा

**– पुष्करराज भट्ट**

**१.१ प्रवेश**

प्रेमसिंह धामी (२००९-२०५४) नेपाली साहित्य क्षेत्रमा चर्चामा नआई ओझेलमा परेको नाम हो। नेपाली राजनीतिका क्षेत्रमा चर्चामा रहेका धामी सवारी दुर्घटनामा परेर मृत्युवरण गर्न पुगेका व्यक्तित्व हुन। धामीको योगदान सुदूर पश्चिमेली साहित्य, संस्कृति एवं लोकसाहित्यको क्षेत्रमा महत्वपूर्ण रहेको छ। संस्थागत योगदान, साहित्यिक पत्रिका सम्पादन एवम् फूटकर लेखरचना प्रकाशनका माध्यमबाट धामीले आफूलाई जीवन्त एवम् क्रियाशील तुल्याएको पाइन्छ। देश र जनताको पक्षमा उभिएर राष्ट्रियताका पक्षमा आफ्नो आवाज बुलन्द पार्ने प्रेमसिंह धामीको साहित्य लेखन पनि त्यतिकै सशक्त छ। धामीको बारेमा हालसम्म पनि कुनै खोज-अन्वेषण हुन नसक्नु आफैमा दुःखद पक्ष हो।

**१.२ प्रेमसिंह धामीको परिचय**

प्रेमसिंह धामीको जन्म सुदूर पश्चिमको विकट पहाडी जिल्ला दार्चुलाको मल्लिकार्जुन गाविस भौतडीमा वि.स. २००९ भदौ २९ गते भएको थियो। पिता बहादुरसिंह धामी एवम् माता मायादेवी धामीका ज्येष्ठ सुपुत्र धामीले मध्यमवर्गीय परिवारमा जन्मेर धेरै दुःख भोगेको पाइन्छ। उनले गोकुलेश्वर माध्यमिक विद्यालय, दार्चुलाबाट यस. एल.सी. पास गरेको र विरगञ्ज शिक्षाशास्त्र अध्ययन संस्थानबाट आइ. ए. पास गरेको भेटिन्छ। विद्यार्थीकालमा धामीले अनेरास्ववियूको कार्यकर्ता भई काम गरेको र वि.स. २०४३ देखि नेकपा (माले)को सक्रिय कार्यकर्ता भई भूमिगत राजनीतिमा समेत क्रियाशील रहेको पाइन्छ। वि.स. २०४७ मा नेकपा (माले) सम्बद्ध राष्ट्रिय जनसांस्कृतिक मञ्चको केन्द्रीय सदस्य, २०४८ सालमा राष्ट्रिय सभा सदस्य, २०४९ सालमा नेकपा (एमाले) को पाँचौ राष्ट्रिय महाधिवेशबाट केन्द्रीय सदस्य भएर काम गरेको पाइन्छ। वि.स. २०५१ मा आवास तथा भौतिक योजना राज्यमन्त्री (९ महिना सम्म) र वि.स. २०५४ मा माओवादी समस्या समाधान कार्यदलको संयोजक भई काम गरेको देखिन्छ। वि.स. २०५४ भाद्र २७ गतेका दिन नुवाकोट जिल्लाको मदनपुर गाविस, केउरेनीमा जीप दुर्घटनामा उनको मृत्यु भयो।

आफ्नो जीवनकालमा धामी शिक्षण पेशाका साथै प्राविनि भएर काम गरेको पाइन्छ। उनको परिवारमा हाल उनकी पत्नी नन्दादेवी धामी र छोराहरू नविनसिंह धामी र अनिलसिंह धामी छन। त्यस्तै उनका भाइबहिनीहरूमा भाइ गणेशसिंह

धामी र मदनसिंह धामी त्यस्तै बहिनीहरूमा सुन्दरी धामी र जानकी बोहरा रहेका छन । दार्चुला, मल्लिकार्जुन (मड) बाट कञ्चनपुरका विभिन्न ठाउँ हुँदै हाल भासीमा उनको परिवारको बसोबास रहेको छ ।

प्रेमसिूह धामीको सक्रियताको लामो समय राजनैतिक /सामाजिक क्षेत्रमा भेटिएता पनि उनको साहित्यिक/बौद्धिक क्षेत्रमा क्रियाशीलता पनि त्यतिकै सशक्त छ । वि.स. २०३७ मा प्रथम पटक रचना प्रकाशनमा ल्याएका धामीले २०३७ मा नै अर्जुन चन्द "वियोगी" सँग मिलेर "रैवार" नामक साहित्यिक पत्रिका कञ्चनपुरबाट प्रकाशनमा ल्याएको पाइन्छ । त्यस्तै वि.स. २०४६ सालमा कैलालीबाट निस्कने "गोरा" साहित्यिक द्वैमासिकमा पनि सम्पादक मण्डलमा रहेर काम गरेको देखिन्छ । स्थानीय स्तरका "वार्ता" साप्ताहिक लगायतका पत्रिकामा उनका राजनीतिक एवम् साहित्यिक लेखरचना प्रकाशनमा आएको पाइन्छ । उनका प्रदिप क्षेत्री, प्रेमसिंह धामी नामबाट रचनाहरू छापिएका पाइन्छन । काठमाडौंबाट निस्कने "जनआस्था" "नवआवाज" साप्ताहिकहरूमा उनका लेखरचनाहरू प्रकाशनमा आएको पाइन्छ। त्यसैले धामीको साहित्यिक चिनारी विधागत योगदानका आधारमा हुनु उपयुक्त ठहर्छ ।

### १.२.१ कथाकारका रूपमा धामी

प्रेमसिंह धामीको लेखनीको सबैभन्दा सबल पक्ष कथाकार व्यक्तित्वको रूपमा रहेको छ। उनका केही कथाहरू "रैवार", "मलासिनी","गरिमा", "वार्ता" जस्ता साहित्यिक एवम् खबर पत्रिकाहरूमा प्रकाशित पाइन्छन भने अधिकांशत :अप्रकाशित पाण्डुलिपिका रूपमा भेटिन्छन्। "मेरो कथाको पात्र" मूलतः सामाजिक यथार्थवादी अंशतः आलोचनात्मक यथार्थवादी चिन्तन बोक्ने कथा हो। यसमा एकातरि निम्नवर्गीय होटल मालिकको जीवनका बाध्यतालाई प्रस्तुत गरिएको छ भने अर्कोतिर उसलाई दुःख दिने मानिसहरूको आलोचना पनि गरिएको छ । यो कथा "मलासिनी" मासिक (वर्ष १ अङ्क १,२०४१ वैशाख) मा प्रकाशित भएको छ । "कथा" आलोचनात्मक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । यसमा पारिवारिक रूपमा गरिने विभेदका साथै सामाजिक राजनीतिक जीवनका घटनालाई आलोचनात्मक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । यो कथा "रैवार" त्रैमासिक (अङ्क ३, २०३७ कार्तिक) मा प्रकाशित भएको पाइन्छ । वि.स. २०३२ सालमा प्रेमसिंह धामीले सात वटा कथाहरू लेखेको पाइन्छ। यी कथाहरू पाण्डुलिपिमा रहेका छन् । यी कथाहरू धामीले सुर्खेत र नुवाकोटमा रहूदा बस्दा लेखेको पाइन्छ । "कटहलको मोल" सामाजिक यथार्थवादी कथा हो। बाटोमा सँगै हिंडिरहेका पात्रहरूले कटहल बेच्दै गरेकी बुढी आमैसँग गरेको वार्तालाप र उनको जीवनका कष्टप्रति देखाएको सम्वेदना कथाको मूल कथ्यको रूपमा आएको छ। "अपराध" मनोवैज्ञानिक यथार्थवादी कथा हो । यसमा आफूले मन पराएकी केटी आफ्नै साथीले बिहे गरेपछि पागल भएको हुलाकीको मनोदशालाई देखाएको छ। "डायरीमा यस्तो रहेछ" मा बालमनोविज्ञानलाई दर्शाइएको छ। घरमा

भएको दाजुको छोराको मृत्युमा अनभिज्ञ बालक बहिनी भाउजूलाई लट्ठीले हान्ने र रूने कराउने गर्नाको साथै भाइको (बच्चाको) माग गरेको स्थिति देखाइएको छ। "छोराको अनुहार" मनोवैज्ञानिक कथा हो । यसमा आफ्नै पत्नीमाथि शङ्का गर्ने शङ्कालु पतिको कथा छ । अरूको लहैलहैमा लागेर आफनै सन्तान पनि आफ्नो हैन की भनेर शङ्का गर्ने पति पछि भ्रममुक्त भएको अवस्था देखाइएको छ। "ऐना" नारी मनोविज्ञानसँग सम्बन्धित कथा हो । आफ्नो घरमा बसेको एउटै भान्सामा खाना खाने पुरूष पात्रप्रति आकर्षित महिलाको कथा छ । बालकसँग नजिक भएको, बोलचाल गरेकोमा भित्रभित्रै भुटभुटिने महिलाले अन्त्यमा आफ्नो आकर्षण भाव प्रकट गर्दा कथा रोचक बन्न पुगेको छ । "ममता छटपटिन्छ मुटुभरि" अस्तित्ववादी-विसंगतिवादी कथा हो । यस कथामा प्रेम गरेर छोडिएकी एउटी देउकी महिलाको जीवनप्रतिको निराशा एवम् विसङ्गतिबोध प्रस्तुत छ । अस्तित्ववादी चेत कथामा पाइन्छ । "आत्महत्यामा बाँचेको मृत्यु" कथामा अस्तित्ववादी-विसङ्गतिवादी चेतना पाइन्छ । एउटी महिलाको जीवनको निर र्थकता, निस्सारताका साथै आत्महत्याका घटना यस कथामा देखाइएको पाइन्छ । "बिग्रेको मेसो" आफन्त मासिक (वर्ष १, अङ्क ७, २०६१ असोज-कार्तिक) मा प्रकाशित छ। यो मनोवैज्ञानिक कथा हो । छोरा पाउन परपुरूषको सङ्गतमा जाने महिला श्रीमान् आफूबाट टाढा भएपछि प्राप्तिको निमित्त तडपेको कथा छ । यसमा महिलाका मनमा अनेक उतारचढाउलाई देखाइएको छ ।

त्यसरी नै प्रेमसिंह धामी का तीनवटा लघुकथाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित पाइन्छन । "समाधान" लघुकथा "गरिमा" (वर्ष ७, अङ्क ७, पूर्णाङ्क ७९, २०४६ असार) मा प्रकाशित पाइन्छ । यस कथामा आलोचनात्मक यथार्थवादी स्वर मुखरित भएको छ । रोग लागेर धेरै मानिसहरू मरिसक्दा पनि रोगको लक्षण पत्ता लगाउन नपाएको भनेर अल्मलिने प्रशासनयन्त्रप्रति कटु व्यङ्ग गरिएको पाइन्छ । "फाटेको खल्ती" लघुकथा (गो:रा द्वैमासिक वर्ष १, अङ्क २-३, २०४६) मा प्रकाशित छ। लोभ र लापरवाहीका कारण पैसा गुमाउनु परेको अवस्था यसमा देखाइएको छ । कथाले सामाजिक यथार्थवादी चिन्तन बोकेको छ। "लाटोकोसेरो र कोइली" लघुकथा जमर्को पाक्षिक (वर्ष १, अङ्क ६, १-१५ माघ, २०४९) मा प्रकाशित पाइन्छ । सामाजिक परिवेशको प्रभावबाट कोही पनि बच्न नसक्ने कुरा यसमा देखाइएको छ । आफन्तवर्ग खराब भए राम्रो मानिस पनि नराम्रामा गणना हुनपुग्ने कटु सत्य यसमा देखाइएको छ। कथा सामाजिक यथार्थवादी चिन्तन राख्दछ ।

यसरी प्रेमसिंह धामी का कथाहरू विशेषतः मनोवैज्ञानिक यथार्थसँग बढी निकटता राख्ने पाइन्छन भने अंशतः सामाजिक यथार्थवादी एवम् आलोचनात्मक यथार्थवादी दृष्टिकोण पनि राखेको पाइन्छ।

## ३. निष्कर्ष

साहित्यकार प्रेमसिह धामीको लेखनमा उतार चढाव पाइन्छ। प्रारम्भमा मनोवैज्ञानिक धारका कथा लेख्ने उनी मध्यतिर लोकसाहित्यको विश्लेषणका साथै यथार्थवादी र स्वच्छन्दतावादी रचना लेख्न

पुग्दछन । तेस्रो चरणमा आएर उनका रचनामा यथार्थसँगको उनको निकटता प्रबल बन्दछ । वामपन्थी राजनीतिसूगको निकटताले उनलाई यस तर्फ अघि बढन प्रेरित गरेको पाइन्छ । समसामयिक यथार्थप्रतिको व्यङ्ग, विद्रोहका साथै विषयवस्तुप्रतिको समीक्षात्मक दृष्टि पछिल्ला चरणमा पाइन्छ । वि.स. २०६१ सालमा प्रकाशित भएको बिग्रेको मेसो कथा प्रारम्भिक चरणमै लेखिएको जस्तो देखिन्छ। रचनाको लेखनको विकासक्रमलाई हेर्दा यसको बारेमा सहज अनुभव गर्न सकिन्छ।

प्रेमसिंह धामीका विभिन्न पत्रपत्रिकाहरूमा राजनैतिक, सामाजिक, सांस्कृतिक विषयमा लेख, सामयिक टिप्पणी, अर्न्तवार्ता प्रकाशित भएको पाइन्छ। यस किसिमका अभिव्यक्तिमा धामीका विचार, चिन्तन पक्षको बारेमा जानकारी पाइन्छ । धामी काठमाडौंबाट निस्कने जनआस्था, नवआवाज साप्ताहिकमा स्तम्भकार रहेका थिए ।

साहित्यकार प्रेमसिंह धामी मूलतः कथाकार, त्यसपछि लोकसाहित्य अन्वेषक, त्यसपछि कवि, त्यसपछि समीक्षकका रूपमा स्मरणीय छन । उनका राजनैतिक लेखमा पनि लोकउखान एवम् लोककथाहरूलाई उदाहरणको रूपमा लिएको पाइन्छ। जनआस्था साप्ताहिक वर्ष २ अङ्क ४६, २०५३ माघ २३ मा प्रकाशित लछुवाकी श्रीमती र पार्टीका नेताहरू लेखमा सुदूर पश्चिमेली लोककथालाई तत्कालीन सन्दर्भसँग जोडेर प्रस्तुत गरिएको पाइन्छ। राजनैतिक लेखमा लोकसाहित्यको पक्षबारे लेख्ने कमै राजनैतिक नेता मध्ये धामी पनि एक हुन ।

प्रेमसिंह धामी नेपाली साहित्यको क्षेत्रमा चर्चामा नआएका सुदूर पश्चिम क्षेत्रका एक होनहार प्रतिभा हुन । साहित्य संगठन , सम्पादन र सिर्जनको क्षेत्रमा उनले पुऱ्याएको योगदान उल्लेख्य छ। मूलतः कथा एवम् लोकसाहित्य क्षेत्रका प्रतिभा धामीले निबन्ध, लघुकथा, कवितामा फाटफुट कलम चलाएको पाइन्छ। उनमा समीक्षात्मक चेत पनि पाइन्छ । राजनीतिक लेख लेख्दा पनि लोकसाहित्यका अनेक सन्दर्भ प्रस्तुत गर्ने स्रष्टा धामीको लेखन प्रवृत्ति रहेको पाइन्छ । सुदूर पश्चिमेली एवम् नेपाली साहित्यको क्षेत्रमा धामीको लेखनको चर्चा एवम् विश्लेषण अब आवश्यक भइसकेको छ ।

●

## पाँच हाइकू

**– कुन्दन कुमार पन्त**

आँसु भै झऱ्यो
मन भित्रकोदुःख
पीडाको रुप ।

ढलेछ बैंस
समयमा नसोच्दा
पश्चाताप भो ।

यौटै कुरामा
सँधै किन झगडा
सम्झौता गर ।

उत्साही मन
अवसर नहुँदा
शिथिल भयो ।

पीडा सहेर
सन्तुष्टि अरुलाई
कस्तो बाध्यता !

– पकनाजोल, काठमाडौं

# दुई गजल

एक्लो हुँदा समाउने हात पाइन मैले
आनन्दले निदाउने रात पाइन मैले

भौंतारिँदै एक्लै एक्लै हिँडे कहाँ कहाँ
भोक लाग्दा अघाउँजी भात पाइन मैले

खाली हात मन्दिरसामु टोल्हाउँथे सधैं
भगवान्लाई चढाउने पात पाइन मैले

घृणा र तिरस्कारले बित्यो सारा जीवन
मान्छे बीच मानवताको जात पाइन मैले

चोटैचोटले मनभरि पीडा दिँदाखेरि
मलहम लाउन मायाको खात पाइन मैले

– **असफल आकृति**, धादिङ

यता दुःखी छाप्रोभरि अभाव कति कति
उता ठूला हवेलीको रवाफ कति कति

देखिएन कहिँ कतै शिखर सम्म सहयात्रा
तलकालाई कुल्ची हिंड्ने लगाव कति कति

सधैं साँझ उदास उदास चिसो हुन्छ चूलो
कतै फालाफाल हुन्छ कवाफ कति कति

फूल झैं सुन्दर अनि कोमल सोधाइको बदलामा
कलेजी नै फाट्ने रुखा जवाफ कति कति

कोही गर्छन् धर्ती फुट्ने अट्टाहस सधैं सधैं
कसैलाई चुपै लाग्ने दबाब कति कति

– **प्रतिभा प्रक्षिप्त**, धनकुटा

# गीत

**– भूषण श्रेष्ठ**

पाउले काँडा टेकेर बाँचे पीडाले हाँसो छेकेर बाँचे
यो मन साह्रै दुःखेको बेला आँसुले जीवन लेखेर बाँचे।

नियतिको यो खेल कस्तो विपत्तिको यो मेल कस्तो
भूमरीमा पुऱ्याउने आँसुको यो भेल कस्तो
मुटुमा छुरा रोपेर बाँचे रगत्मा जीवन चोपेर बाँचे
यो आत्मा साह्रै रोएको बेला मनमा घाऊ खोपेर बाँचे ।

जिन्दगी मेरो कारजस्तो मरिसकेका रहर जस्तो
रात भरि तड्पी तड्पी बित्ने अन्तिम प्रहर जस्तो
आँखामा पीर बोकेर बाँचे हृदयमा व्यथा छोपेर बाँचे
यो दिल साह्रै जलेको बेला छातिमा सास रोकेर बाँचे ।

धनपा-५, धनकुटा

# समाजका कुरीति र कुसंस्कारलाई ....

– सरिता ढुङ्गाना

समाजका कुरीति र कुसंस्कारलाई लात हानेर
आफ्नो अधिकार खोज्न उठ तिमी
समयको आमूल परिवर्तनसँगै
नयाँ जोश र जाँगर लिएर जुट तिमी

तिमी होइनौं १७ औं शताब्दीकी नारी
यानिकी तिम्रो जुजुमाको कथा भोग्न जन्मिएकी
तिमी होइनौं दास कसैको इसारामा नाच्दै हिंडेकी

एक मुठी मायामा भुलेर कसैको
देशको चाहना र भावना नकुल्च
सिन्दूर र पोतेले सजिदैमा
आफ्नो परिचय र लक्ष्य नबिर्स

नतर्स कसैको घुर्की र धम्कीले
स्वावलम्बी भएर बाँच्न सिक
नहराऊ आफ्नो अस्तित्व कहीँ
अधिकार जमाएर हाँस्न सिक

नझुकाऊ तिम्रो शिर कहीँ पनि
कसैको यातनामा बाँधिएर
झुकाउनु नै छ भने झुकाऊ
आफ्नो उच्च परिचय दिलाएर

नभूल कर्तव्य कुनै नसह अन्याय केही
आफूबाट आफूजस्तै अरुलाई
नदेऊ पीडा केही
आफ्नो बहुमूल्य समय अनावश्यक
कुरा काटेर नबिताऊ
मन्दिर धाएर पूजा होइन
अधिकारका भण्डार जमाऊ
देवता तिमी नै हौ

सरस्वती लक्ष्मी आदि
किन जान्छौ अमूर्त मन्दिर
नदेखेको संसारका लागि
आमा बनेर बाँच्न सिक
संसारका दुःख पीडा बुझेर
नदेऊ यातना कहीँ कसैलाई
१७ औं शताब्दीकी बज्यै बनेर

हातेमालो गरेर अघि बढ्नुपर्छ
अब नारीहरू एक भएर
पितृसत्ता समाजको
कुसंस्कारमा लात हानेर

छाडिदेऊ चुलाचौका मात्र गर्न
पुरुष-सरि बाँच्नुपर्छ
मागेर होइन अधिकार
खोसेर नै लिन पाउनुपर्छ

थिचिएर किचिएर नराख लौ
चाहनालाई
एक एक शक्तिमिलि उडी जून हुनुपर्छ
पतिब्रता परायणी अन्याय सबै सही
नलुक लौ घरभित्र पीडाव्यथा सबै भुली
पुरुषको दमन बेग्लै नारी शोषण
नारीले नै
थुक कुल्च कुसंस्कार ती
निस्क अब सीमा नाघी
एउटा सीमा अब बेग्लै नारी मिली कोर्नुपर्छ
हेपिएर होइन यहाँ तातिएर उठ्नुपर्छ
सगर छुने लक्ष्य राखी सदा अघि बढ्नुपर्छ
विकासका हर आधार नारी अघि बढ्नुपर्छ ।

(रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग काठमाडौं)

• IgaGw

# तिर्खाएका आँखा

– उषा गिरी

प्रकृतिको अमूल्य उपहार, वसन्त ॠतुको वहार, भगवानको उपहार वा ब्रम्हाको कठोर तपस्या जे जसरी परिभाषित गराउँ यो मानवीय अस्थिपञ्जर मान्नैपर्छ आदिम कालदेखिको अनौठो इतिहास । व्यापक रुपमा रुपान्तरण गर्दा विवाहको मण्डपजस्तो शृङ्गारिएको बाह्य आवरण, आन्तरिक रुपमा सुषुप्त भगवान्‌को मन्दिर जस्तै पवित्र हृदय अनि कोमल आत्माबाट निर्मित सुन्दर प्रतिमूर्तिको स्वरुप रहेछ मानव जीवन । हरेकको बाँच्ने शैली र जिन्दगीका मोड प्रतिमोडहरूलाई चरमोत्कर्षमा पुऱ्याउने माध्यम रहेछ यो सिङ्गो शरीर । जे होस् जिन्दगी एउटा सानो हिस्सा मात्र हो जसभित्र हाँसो, खुसी, माया, प्रेम, दुःख पीडा आदिमिश्रित हुँदै सगबगाएको सप्तकोशी रहेछ जसले जता डोऱ्याउँछ उतै लुरुलुरु बग्नुपर्ने रहेछ अनमोल जिन्दगी ।

संसारलाई चियाउँन धर्तीमा हतासिँदै हाम फालेको एउटा बालक समयको प्रवाहसँगै प्रवाहित हुँदै जाने क्रममा ऊ स्वयं कल्पना गर्न थाल्छ ऊ नै माया र प्रेमको प्रतीक हो । जन्मदाता र आफ्ना आफन्तको माया ममताको भोकले छटपटाउन थाल्छ । अदृश्य र असीमित परिकल्पनाहरूलाई जतनले समेटेर मनभित्र गुथेर राख्छ । यी प्यासी, तिर्खाएका आँखाका माध्यमबाट प्यासी आँखा जसले आफ्नो भोक, तृष्णा, प्यास मेटेर तृप्त बन्न चाहन्छ, चाहे त्यो मान्छे नै मान्छेको भिडभित्रको थरिथरि अनुहारको पारखी भएर, चाहे भौतिक सुख, सुविधा, सम्पन्नतालाई र आधुनिकीकरणलाई नियालेर या प्रकृतिको पूजारी बनेर जसले ती गगनचुम्बी पर्वत-पहरा-छहरा, हिमशृंखलाको खित्का वा आफ्नो सुन्दरताको प्रदर्शन गर्दै आत्तिदै उछिट्टिएका झरना हेरेर होस् अनि कोइलीको मुग्ध धूनमा छमछमाएको मयुरको सुन्दरतामा मोहित हुन समेत पछि पर्दैनन् यी ।

आफ्नो अनुभूतिमा कसरी घोलु, आफ्नो दृष्टिमा कसरी ढालौं, व्याख्या विश्लेषण गरौं प्यासी आँखाको । हरेकको दृष्टिकोण फरक फरक हुन्छ । मानव शरीरको सबैभन्दा महत्वपूर्ण र संवेदनशील यो आँखा जसलाई कसैले भगवानको प्रसाद, कसैले लुकिछिपी चियाउने माध्यम या छोटो किस्सा, सानो झिल्को तर म भन्छु यी आँखा कोसौं टाढाका असीमित चाहनाहरूको भोको अनि आतुर आँखा हो, जीवनलाई जति खोज्दा पनि टाढा टाढा रहेर गिज्याइरहने आकाशको ताराझैं दूर मृगतृष्णा ।

हरेक मान्छेको हेर्ने शैली फरक फरक हुन्छ तर माध्यम मात्र आँखा । जे देखिन्छ सो भ्रम पनि हुनसक्छ, जसको श्रेय आँखालाई नै जान्छ । पृथक मान्छे, पृथक आँखा, पृथक हेराई यो मिथ्या भ्रम जे होस् मान्छेले मान्छेलाई हेर्ने, परिभाषा गर्ने तरिका पृथक-पृथक हुन्छ ।

हरेक मानव अस्तित्वमा रहनका लागि विशेषतायुक्त हुनुपर्छ । सोही विशेषतालाई गुथेर मान्छेलाई मोहित बनाउने जज पनि

यहाँका पृथक मान्छे अनि तिनका प्यासी आँखा नै हुन् । आत्मिक र शारीरिक गुणहरू, विशेषताहरू कसैको ओठ र कसैको मुस्कान, कसैको नाक त कसैको शारीरिक बनावट यी सबैलाई नियाल्ने यो क्रम परापूर्व कालदेखि चल्दै आएको छ जे होस् सबै दुई दिन बाँच्ने भ्रमिक बाहना मात्र हो ।

प्यासी वा तिर्खाएका आँखा यो शब्दप्रति धेरैसँग प्रश्न प्रतिप्रश्न गरे । प्यासी आँखा के हो, यो के सँग सम्बन्धित छ ? एउटै उत्तरमिल्यो दुई आँखाको आकर्षण माया प्रेमको आत्मिक मिलनको मूल आधार वा माध्यम । मन एकैचोटी छाँगाबाट खसेर दुर्घटित भयो । आजित छ यो संसार निष्कर्षमा पुगिहाल्यो मन, आँखा यसले सिंगो ब्रम्हाण्ड यहाँ अवस्थित मान्छेका मनोबिम्बलाई नियाल्न, आवरणलाई नियाल्न प्रखर त छँदैछ साथै नारीपुरुषले एकअर्काको प्रशंसाको गजवको विषय वस्तु तथा हेरेर मोहित बन्दै आत्मा आनन्दित तुल्याउने माध्यम रहेछ । चञ्चल, हतास, निश्चल आँखा उनीहरूको उद्गमस्थल, गन्तव्य साथै मायाप्रेमको जीवन्त सुरुवात गर्ने अथाह सागरको मोती रहेछ ।

समग्रमा भन्नुपर्दा आँखा कल्पनाको आन्तरिम बिम्ब हो । जसलाई चित्रात्मक रुपमा, ठोस रुपमा नियालेर निश्चित आकार प्रदान गर्ने कार्य तिर्खाएका आँखाले नै गर्दछ । मिथ्या कल्पनाको ओइरोबाट चरमोत्कर्षमा पुऱ्याउने कार्य गर्दछ । यसर्थ प्यासी आँखा कल्पना हो, मानव आभाष हो, अनुभूति हो, विजुलीको एक झिल्को हो जुन एक छोटो समयमै देखिन्छ अनि बिलाउँछ । यसर्थ आँखा सौन्दर्यको पारखी हो, पुजारी हो जसले जोकोहीलाई मोहित पार्न पछि पर्दैन । एकितृत रुपमा भन्नुपर्दा प्यासी आँखा माया-प्रेम, जीवन-मृत्यु, सुख-दुःखसँग सम्बन्धित छ । आकाशको ताराझैं लाखौं जुनिसम्म बाँचिरहेको हुन्छ । वर्षा हुनुपूर्व आकाशमा चम्किएको विजुलीको एक झिल्को हो प्यासी वा तिर्खाएका आँखा ।

---

# गीत

**– ठूला सगर**

कति लाग्थ्यो तिम्रो माया उल्टै घात गऱ्यौ
सम्झिने मन हुँदाहुँदै साँच्चै भुल्नै पऱ्यो

तिमी फूल आखिर फुल्यौ तर अर्कै बोटमा
चोटै थप्यौ फेरि पनि मनको चोटै चोटमा
अन्तिमपल्ट तिमीलाई सम्झिँदैछु आज
अरु याद मेट्दैछु म झिक्दै मुटुबाट

प्रेम गर्ने बहाना नै कति ठूलो गुन भो
तिम्रो माया मेरा लागि आकाशको जून भो
आफैं पनि बुझ्छौ तिमी गल्ती कसको हो यो
विगत् अरू भुल्नै पऱ्यो पैले

# मदनदास श्रेष्ठ

–यशु श्रेष्ठ

(रेडियो नाटकका हस्तिको रुपमा चिनिन्छन् वरिष्ठ कलाकार मदनदास श्रेष्ठ। पिता नारायणदास श्रेष्ठ तथा माता रुद्रमाया श्रेष्ठको कोखबाट वि.सं. २००५ साल असार ५ गते भिमेश्वर न.पा. विहार क्षेटोल, दोलखामा जन्मनुभएका श्रेष्ठका एक छोरा तथा एक छोरी हुनुहुन्छ। २०२७ सालदेखि तत्कालीन राजकीय प्रज्ञा प्रतिष्ठानमा वरिष्ठ 'क' श्रेणीको कलाकारिता जागिरे जीवनदेखि २०३० सालमा साझा प्रकाशन, धनगढी शाखाका प्रमुख रही, २०२१-२२ सालदेखि नै रेडियो नाटक थाल्नुभएका श्रेष्ठले रेडियो नेपालमा २०३२ सालदेखि केही समय करारमा जागिर खानुभयो। त्यसपछि कृषि सूचना महाशाखामा कृषि कार्यक्रम संचालकको रुपमा २०३५ सालदेखि जागिर खानुभयो। यसपछिको समयअ र्थात् २०४०-४१ सलादेखि पूरा समय रेडियो नेपाल, नाटक शाखा प्रमुख भई २०६५ सालमा रेडियो नेपालबाट अवकास पाउनुभयो।

रेडियोका कृषि कार्यक्रमका संचालक जे.टि.ए. बाबु भनेर चिनिने उहाँले कृषि कार्यक्रमका लागि लगायत रेडियो नेपालमा हजारौं नाटक अभिनय तथा निर्देशन गर्नुभएको छ। टेलिभिजनको स्थापनासँगसँगै टेलिसिरियलहरूमा अभिन गर्दै आउनुभएका मदनदास श्रेष्ठले थुप्रै ठूलो पर्दाका फिल्महरूमा पनि सशक्त अभिनय गर्नुभएको छ।उत्कृष्ट चरित्र अभिनेता २०२७, अभियान सम्मान २०४४, चलचित्र अवार्ड २०५८ जस्ता अनेकौं-अनेकौं पुरसकार र सम्मानित स्रष्टा मदनदास श्रेष्ठ नेपालकै एक उत्कृष्ट कलाकारका रुपमा परिचित हुनुहुन्छ।

---

**पहिलो नाटकमा अभियन कसरी सुरु गर्नुभयो ?**

– बुबा काठमाडौंतिर सरकारी जागिरे हुनुहुन्थ्यो। परिवार नै यतै बस्थ्यो। यता आउँदाखेरि साथीहरूको लहै लहैमालागेर नाटकतिर तानिन पुगें। त्यत्तिबेला हालका नृत्य निर्देशक वसन्त श्रेष्ठ, पेन्टिङ कलाकार गौतमरत्न तुलाधर, कवि, कलाकार नरेन्द्र श्रेष्ठ जस्ता साथीहरूसँग मिल्ने माहौल मिल्यो। उहाँहरू करिब करिब स्थापित नै हुनथालिसक्नु भएको थियो। त्यही माहौलमा मलाई पनि उहाँहरूले समावेश गराउनुभयो।

त्यसबेलामा 'नेपाल कला केन्द्र' भन्ने कृष्णप्रसाद रिमाल अध्यक्ष रहनुभएको एउटा संस्था थियो। उहाँहरूले मलाई त्यहाँ लानु भयो। त्यही मैले मेरो जीवनको पहिलो नाटक 'गहना' कृष्णप्रसाद रिमाल र हरिप्रसाद रिमालका दाजुको निर्देशनमा गरें। नौ महिनासम्म रिहल्सन गरियो। त्यति लामो

रियाजपछि मात्र नाटक मञ्चमा प्रस्तुत भयो। मैले त्यतिबेला रंगमञ्चमा प्रस्तुत हुन कति गाह्रो रहेछ बुझ्ने अवसर पाएँ। नौ-नौ महिना, त्यो पनि एउटै नाटकको लागि दिनु चानचुने कुरा थिएन । त्यही नाटक मंचन हुँदाहुँदै मञ्चनमै आएर श्यामदास वैष्णवज्यूले रेडियोमा काम गर्ने इच्छा छ भने आउनोस् भन्नुभयो ।त्यही बेलादेखि रेडियो नाटक पनि सुरु गरें ।

**मिडियामा पहिलोपटक कसरी प्रस्तुत हुनुभयो ?**

– मैले सबैभन्दा पहिले रेडियोमा काम गरेँ। त्यत्तिबेला रेकर्ड गरेर हैनलाइभ नाटक गर्नुपर्दथ्यो। एउटा माइक हुन्थ्यो। माइकलाई नै सबैथोक सम्झेर बोल्नुपर्दथ्यो। सबैभन्दा पहिला मैले धार्मिक नाटक 'श्रीकृष्ण जन्म' भन्ने श्यमदास वैष्णभको निर्देशनमा गरेको थिएँ। रेडियोमा हाउभाउको कुनै मतलब भएन, स्वरको उतारचढावले नै अभिनय गरेको बुझाउनुपर्ने, स्क्रिप्टमा आफ्नो भूमिका यो-यो भनेरचिनो लगाइएको हुन्थ्यो। स्क्रिप्ट हेरेर बोल्नु पर्दथ्यो। एउटा बन्द कोठाभित्र, पहिलोपटक नै प्रत्यक्ष नाटक गर्नुपर्दा बिग्रने हो कि ? स्वर नमिल्ने हो कि ? भन्ने डर लागिरहन्थ्यो ।

**कतै अभिनयको तालिम लिनुभएको थियो ?**

– त्यसबेला अहिलेका जस्ता तालिमकेन्द्रहरू थिएनन् । त्यसकारण तालिम लिने कुरै भएन । फेरि अभिनय सिकाएर सिकिहाल्ने कला होइन, त्यसलाई तिखार्न मात्र सकिन्छ। हो बरु सैद्धान्तिक ज्ञान चाहिँ लिन सकिन्छ । त्यसैले सैद्धान्तिक ज्ञानको लागि पनि तालिम लिइएन । त्यही 'गहना' भन्ने नाटकको लागि काम गर्दा निर्देशक कृष्णप्रसाद रिमालज्यूले सिकाउनुभयो । तात्कालिन राजकीय प्रज्ञा प्रतिष्ठानमा कलाकार माग्दा निवेदन हालियो। त्यहाँ 'क' श्रेणीको कलाकारमा छानिएँ। अनि त्यही नाटककार प्रचण्डमल्लद्वारा केही सिकियो । हेर्दै सिक्दै जाँदा कलाकारिता जान्नेसुन्ने भइयो ।

**पहिलोपटक पारिश्रमिक लिँदा ?**

– पहिलो पटक पारिश्रमिक लिएर काम गरेको नाटक महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'कृषिवाला' भन्नेमा हो । महिला संगठन सांस्कृतिक उपसमितिद्वारा आयोजना गरेको त्यस नाटकमा २-३ महिना रियाज गरियो अनि सात दिन प्रदर्शन गरियो । त्यसबेलामा २-५ रुपैयाँ टिकट लिएर पब्लिक सो गरिएको थियो । त्यही बेलामा एक सय ५० कि  दुई जति पारिश्रमिक लिएको थिएँ। त्यो पारिश्रमिक के गरें ? थाहा भएन।

**पहिलोपटक निर्देशन गर्दाको अनुभव ?**

– पहिलोपटक भन्नाले धेरै नाटकहरू गरिसकेको हुनाले यही हो वा यस्तै भयो याद भएन । कृषि सम्बन्धी कार्यक्रमका लागि पुस्तकहरू हेरेर स्क्रिप्ट लेखिन्थ्यो । नाटक चाहिँ अस्कलका (अमृत साइन्स कलेज) केटाहरूलाई अभिनय गराएर गरेको विजय मल्लद्वारा लिखित नाटक 'नेपाल सांस्कृतिक भण्डार' भन्ने निर्देशन गरेँ। त्यसै नाटकले सर्वश्रेष्ठ नाटक अवार्डसमेत पायो।

**पहिलो पटक पुरस्कार वा सम्मान पाउँदा ?**

– एल्मुलाइन एसोसिएन भन्ने सेन्टजेभियर्सका विद्यार्थीहरूकोएउटा संस्था थियो । सले हरेक साल वान एक्ट

प्ले फेस्टिबल मनाउँथ्यो । त्यसैको लागि मैले विजयबहादुर मल्लको नाटक 'नेपाल सांस्कृतिक भण्डार' निर्देशन गरें । त्यसै फेस्टिबलमा नेवारी नाटक 'राम बऱ्या संसार' लाई नेपालीकरण 'रामबहादुर संसार' भनेर गरिएको थियो । त्यस नाटकमा मैले अभिनय गरेका थिएँ। 'नेपाल सांस्कृतिक भण्डार' नाटकले सर्वश्रेष्ठ नाटक अवार्ड पायो। अनि 'रामबहादुरको संसार' नाटकको लागि मैले नै गरेको अभिनयले 'उत्कृष्ट चरित्र अभिनेता' पुरस्कार पायो । एउटै ठाउँमा एकै पटक त्यसरीपुरस्कृत हुन पाउँदा साह्रै खुसी लाग्यो । त्यसबेलामा मन्त्रीको हातबाट पुरस्कार वितरण भएको थियो । त्यसैले गर्दा साह्रै हर्षित भएँ। यो क्षेत्रमा लागिरहने हौसला, उप्रेरणा पनि दियो त्यो पुरस्कारले।

**भोग्नुभएका तीतामीठा कुराहरू ?**

– पहिला त धेरै तीता कुराहरू भए । त्यस बेलामा यो क्षेत्रको विकास नै भएको थिए । कुनै चेतना नै थिएन । समाजले नौटङ्की भनी हेँला गर्दथ्यो। मान, प्रतिष्ठान, इज्जत दिंदैन थियो ।

घर परिवारले पनि आवारा भयो । नोटङ्कीमा लागेर बिग्रियो भन्थे। नाटकतिर नहिंड्न बारम्बार अड्चन आइरहन्थ्यो । नाटक सकेर घर आउँदा घरमा ढोका नै खोलिदिंदैन थिए । रिसाउँथे । त्यस्तो अवस्था पार गर्नुपर्यो। अहिले सम्झदा मात्र साधारण लाग्छ त्यसबेलाका वचन, व्यवहार कटू लाग्दथे । हुन पनि यो क्षेत्रमा लागेर दुई पैसा कमाइ हुँदैन थियो। नाटक सकेर भोकभोकै खुई खुई गर्दै फर्कनुपर्दथ्यो । सामाजिक व्यवहार नराम्रै भोग्नुपर्दथ्यो ।

पछि कलाकारिताको विकास भयो । सबैलाई चेतना जाग्यो । सामाजिक प्रतिष्ठाको विषय बन्यो । कलाकारिताले नै बाँच्ने पारिश्रमिक दिन थाल्यो । पछि त धन्न छाडिएनछ यो क्षेत्र। छाडेको भए कहाँ यत्रो सम्मान, चिनारी पाइन्थ्यो र ? भन्ने लाग्छ। मीठो अनुभूति हुन्छ।

**तपाईंको पुर्खामा कसैले यस्तो काम गरेको थाहा छ ?**

– मेरो पुर्खामा कसैले पनि यस्तो काम गरेको छैनन्। बरु दोलखा बजारमा हाम्रो घर भएको र नेवारहरूको बाहुल्यता भएकाले विभिन्न पर्वहरूमा यस्ता कार्यक्रमहरू भैरहन्थे । त्यसमा मेरा मावलीहरू चाहिँ सक्रिय हुनुहुन्थ्यो ।

**स्कुल जाँदा ?**

– पहाडमा काठको पाटीमा लेखेर पढिन्थ्यो। पढ्ने चाहिँ कम तर खेल्ने चाहिँ धेरै गरिन्थ्यो। फि पनि धान चामल दिने गरिन्थ्इो। खै तेतना नै नभएको जस्तो पढ्ने कुराको केही ज्ञानै थिएन। पछि काठाडौंमा आएर चाहिँ पढियो । तर एसएलसी दिन भने म दोलखा नै गएँ ।

**सम्झिरहुँ जस्तो लाग्ने आमा-बुबासँग रिसाएको क्षण ?**

– त्यस्तो केही छैन । अलि अलि त रिसाइन्थ्यो तर त्यस्तो याद केही छैन । नाटक गरेर घर फर्कंदा रात पर्दथ्यो। घरको ढोका नखोलिदिँदा मेरा साथी जितेन्द्र महत 'अभिलाषी' आर्मी थिए। उनकै क्वाटरमा गएर सुत्दथें। तर, रिसाएको त्यस्तो क्षण याद छैन।

**पहिलो तेस्रो मुलुक विदेश भ्रमण ?**

– कुन भनौं ? बेलायत, अमेरिका, पाकिस्तान धेरै राष्ट्रहरू गइयो । अँ

भारतपछि गएको भन्या पाकिस्तान। 'हामी एक हौं चलचित्रको डविङको लागि गइयो। त्यहाँको प्रविधिमा घुलमिल हुन, भेउ पाउन केही गाह्रो भयो। नत्र त सम्मानित विदेश भ्रमण गरिन्थ्यो, त्यस्तो गाह्रो केही भएन।

**रुँदाको अविस्मरणीय क्षण ?**

– अहँ ! रुँदाको अविस्मरणीय क्षण नै याद छैन।

**कुनै महिलासँग आकर्षित भएको, कसैले वा कसैलाई प्रेम प्रस्ताव राख्दा ?**

– हामी एकेडेमी मै काम गर्दथ्यौं। एकै ठाउँमा काम गर्ने भएकाले उनीसँग नै आकर्षित भएँ, मायामोह बढ्यो, प्रस्ताव पनि उनीसँग नै राखियो,जससँग २०३५ सालमा मागी विवाह भयो।

**विवाहको दिन (रात) ?**

– पहिले देखि नै चिनजान, घुलमिल भइसकेको हुनाले कुनै केही सम्झना लायकको पहिलो दिन भन्ने भएन। सबै यादगार क्षण भए, सबै साधारण। नयाँ भए पो कहाँ के गरौं ? कसो गरौं ? कसरी कहाँबाट बोल्न सुरु गरौं भन्ने हुन्थ्यो। एक आपसमा भावना बुझ्ने भइसकेका थियौं, त्यस्तो गाह्रो केही भएन।

**ससुराली जाँदा नि ?**

– पहिले पहिले पनि जान्थें। बिहेभन्दा पहिले नै ससुराली गएर घुलमिल भएपछि पछिल्लो पटकको के कुरा भयो र ?

**बाबु बन्दा ?**

– म पहिला छोरीको बाबु भएँ। हस्पिटलमा जन्म भएको हो उनको। पहिला एक्लो थिएँ। श्रीमती ल्याएपछि दुई जना भए। अब छोरी पनि भई। ओहो तीन जनाको भयौं। एकातिर रमाइलो, अनौठो अनुभव भयो। अर्कोतिर व्यवहारिक भइयो। अब कसरी परिवार रमाइलो गरी चलाउँदै जाने ? भन्ने व्यवहारिक कुराको चिन्तन र जिम्मेवारी बढेको बोध भयो।

**जीवनलाई फर्केर हेर्दा ?**

– एउटा कुरा चाहिँ एक किसिमको खुसी पनि लाग्छ सम्झेर ल्याउँदा। त्यतिबेला अनौठो हेलाँ सहेर पनि निरन्तर लागियो। समाजले नै नराम्रो भनेको काम पनि राम्रै छ भनेर ढिपी गरेर लागियो। राम्रै छनौट गरेछु जस्तो लाग्छ। त्यस्तो अपहेलित, अपमानित अवस्थामा पनि त्याग, तपस्या गरेर निरन्तरता दिइयो, त्यसको फल मिल्ने रहेछ।

मैले कुनै एउटा सरकारी जागिरमै झुम्मिएर बसिरहेको भए, कहाँ अहिलेको त्यस्तो आमदर्शकलेचिन्ने मदनदान श्रेष्ठ हुन्थें र ? कहाँ यस्तो परिचित मानिस हुन्थें र ? अहिले त जागिरबाट अवकास पाए पनि कामबाट अवकास पाउनु परेको छैन। भनेर गर्व लाग्छ। यसकै माध्यमबाट सामाजिक क्षेत्रमा पनि लाग्न पाइएको छ खुशी लाग्छ।

**हाल के-के गर्दै हुनुहुन्छ ? कस्तो लागिरहेको छ हालको जीवन,समय ?**

– जागिरबाट अवकाश पाएँ। तर कामहरू गरिनै रहेको छु। बढी त म अहिले सामाजिक कामहरू गर्दैछु। मेरो चरित्र सुहाउने सिरियल, फिल्महरूमा अफर आउँछ, त्यसमा पनि अभिनय गरिनै रहेको छु। नेवार भएर नेवारी भाषाको लागि केही गर्नुपर्छ भनेर नेवारी फिल्महरूमा पनि अभिनय गर्दैछु। समयले कोल्टे फेरिसकेको छ। हिजो, आज अनि भोलि सम्झँदै रमाइरहेको छु।

●

# एउटा स्वतन्त्र आवाज

– विपुल पोखरेल

मनभित्रका यी लामा पङ्क्तिबाट आज
एक्कासि निस्कन खोज्दैछन्
यथार्थका सिलेबसभित्रबाट
तँ छाड म छाड गर्दै
लाग्दैछ कि
साथीभाइको नाता बिर्सेर
अनि भाषा पनि
र विष्फोट हुन खोज्दैछन्
सत्यताका परमाणुहरू
हुनसक्छ घातक ।
ज्वालामुखीको रुपमा
अथवा अदृश्य, खतरनाक विष्फोटन
भूकम्पलाई अँगालो हाल्दै
जसले चिन्दैन कसैलाई
अनि गन्दैन पनि,
भित्रिन्छ स्वतन्त्र भएर
अनि बाहिरिन्छ निरङ्कुश बनेर ।

दबिएका थिए धेरैअघिदेखि
अथवा भनौं दबाइएका थिए कसैबाट
आफ्नो वस्त्र जोगाउन
आफ्नै नाम उच्च राख्न
हतियारको भरमा
तर्साएर, धम्काएर, गलाएर, जलाएर
स्वार्थ सिद्धिका निम्ति
शक्ति प्राप्तिका लागि
शिथिल पारिएका ती आवाजहरू
आज एक्कासि बज्न खोज्दैछन्
कलमको साथमा, हावाको माझमा,
मेट्रो ट्रेनसँगै लाग्दैछ कि अब
अन्तिम घण्टीमात्र बज्न बाँकी छ
र पर्खिरहेको छ अन्त्यको घडीलाई ।

धेरैसमय खाँदिएपछि
गाह्रो हुन्छ उकुस मुकुस हुनथाल्छ
र अन्त्यमा स्थानको अभावमा आउनसक्छ
एउटा ठूलो आँधीबेरी
सुनामी नै किन नहोस्
बिना सूचना निस्किन्छ
समयलाई पछार्दै निर्वस्त्र भएर
खोज्दै आफ्नो मार्गहरू
स्वाभिमानलाई बचाउन,
अनि नैतिकतालाई जोगाउन
र निरङ्कुशता ढलाउन ।
अन्धकारलाई गलाउँदै
पन्छाउन त्यसलाई जसले
अन्धकारमा बसेर,रमेर
जूनकीरीको उज्यालोमा
ब्रह्माण्ड नै बाल्न खोज्दैछ ।

सुरु भयो एउटा खतरनाक विष्फोट
तर थाहा छैन कसले लिन्छ जिम्मा
कुलेलामको तयारी हुँदैछ
अलपत्रमा छन् हतियार पनि
र सामर्थ्य छैन चल्नलाई
जुर्मुराउँदैछन् आवाज पनि
चाहार्दैछन् चारै दिशा कुना काप्चा,
कहिल्यै पनि थाक्दैन आवाज
सधैँभरि घुमिरहन्छ, अनि झुक्दैन पनि
सधैँभरि तयारीमै हुन्छ विष्फोटको
स्वतन्त्रताको पक्षमा निरङ्कुशताकोविरोधमा
अन्यायको विरुद्ध न्यायको वकालतमा
त्यस्तो आवाज सर्वव्यापी आवाज
स्वतन्त्र आवाज ।

– धनकुटा

· syf

# आघात मन र मोबाइलको घण्टी

– देवी श्रीश

आम्मै ! बिहानको आठ बजिसकेछ, मोबाइलमा म्यासेजको घण्टी सुनेर झल्यांस्स बिउँझिएँ तैपनि ओछ्यान छोड्न मन लागेको होइन, झ्यालको पर्दा खोलेर बाहिर हेर्नसम्म मन छैन त्यसैमाथि जाडो भरखर बैंसको चरम चुलीमा पुगेको छ । उठेर खाना पकाएर खाइवरी अफिस जानुपर्ने कुन्नि किन हो बितेका तीन दिनदेखि अफिस जान पनि मन छैन र काम गर्ने पनि मुड छैन, मलाई के भएको छ, सोच्दा सोच्दै फेरि अर्को म्यासेजको घण्टी बजेको आवाजले म झस्किन्छु। सिरानीबाट मोबाइल झिकेर हेर्छु त पाँच वटा म्यासेज देखिन्छन् म क्रमशः म्यासेजहरू एक एक गर्दै हेर्दै जान्छु पहिलोम्यासेज थियो गुडमर्निङ ! दिनहरू कसरी बितेका छन्, दोस्रोमा हेरन तिमी फिल्ड गएकीले जान्छु समेत भन्न पाइन, तेस्रोमा सबै साथीहरूलाई मेरो सम्झना सुनाइ दिनु !, चौथोमा किन रिप्लाइ नदिएकी, रिसायौ, म अपर्झट हिंड्नु पऱ्यो ! भर्खर आएको पाँचौं म्यासेज थियो- मात्र प्रश्नवाचक चिन्ह ? म यी म्यासेजहरू हेर्दाहर्दै विगतको सम्झनामा चुर्लम्बै पौडिएँ । जब म स्वयंसेवक बनेर त्यो गैरसरकारी संस्थामा प्रवेश गरेँ त्यति बेलादेखि नै मेरो मनमा एउटा नयाँ अनुभूतिले जरा गाडेको अनुभव हुन्थ्यो । त्यो अनुभूतिले जलाएर, मलाई पटक पटक खरानी नतुल्याएको होइन तर पनि त्यही मीठो अनुभूतिसँग रुमलिन थालेँ। सायद त्यो अनुभूतिभन्दा अझै गहिरो भएर एक कुनामा मेरो विगत लुकेको थियो भनौं या लुकाएर राखेकी थिएँ त्यही विगतले मलाई यसरी घोच्थ्यो कि म बेहोसी झैं टोलाएर आफैंमा हराउँथें ।

म सानी छँदा गरिबीको कारणले आमाले मलाई मामाघरमा पढ्नको लागि राखिदिनुभयो।जसोतसो गरेर मैले एसएलसी उत्तीर्ण गरेँ । क्याम्पस पढ्नका लागि मैले आफै खर्च जुटाउनु पर्थ्यो त्यसको लागि एउटा (प्रा.वि.) प्राथमिक स्कुलमा पढाउन थालेँ र पढ्न पनि थालेँ। वि.ए.सम्मको पढाइ सक्दासम्म मेरो विवाह भएर पनि पारपाचुके भइसकेको थियो त्यसपछि मलाई त्यस ठाउँमा बस्न मन लागेन र म एक्कासि तराईतिर हानिएँ । संयोगले मेरो एउटा चिनेजानेका दाइसँग भेट भयो र उनले नै मलाई एउटा गैरसरकारी संस्थामा स्वयंसेवकको रुपमा काम लगाइदिए । त्यससंस्थामा लागुपदार्थ दुर्व्यसनमा लागेका युवा-युवतीको मानसिक उपचार गरिन्थ्यो र हाल पनि म त्यही गैरसरकारी संस्थामा कार्यरत छु । म यस संस्थामा प्रवेश गर्दा मलाई नै मानसिक उपचारको खाँचो थियो । त्यस संस्थामा अत्यन्तै स्नेहपूर्वक व्यवहार गरिन्थ्यो । माया प्रेम भन्ने शब्दहरू त्यहाँ हजारौं पटक व्यक्त हुन्थे । ती आवाजहरूले मेरो जीवन झन्झन कठिन हुँदै जानु स्वाभाविक थियो। म अत्यन्तै कमजोर हुन थालेँ । मेरो यस्तो अवस्था देखेपछि एक दिन डाक्टर प्रशान्तले

मलाई बोलाएर समस्या सोधे, मसँग उनलाई दिने जवाफहरू केही पनि थिएनन् म नबोलेरै बसिरहें र अन्तमा उनको मायालु व्यवहारले मलाई परिवर्तन गराएर छोड्यो । डा. प्रशान्तले मलाई हरेक कुरामा सम्झाइ बुझाइ गर्थे । उनको व्यवहार र अनुहारको चमकताले गर्दा मलाई असह्य पीडा हुन्थ्यो त्यतिबेला, उनले प्रेम र स्नेहका कुरा सम्झाउँथे। उनले मेरो जीवनको गोरेटो देखाइदिएका थिए । उनी भन्ने गर्थे- प्रेम हार्दिक र आत्मिक हुन्छ, जसले आत्मादेखि प्रेम गर्छ उसले जङ्गलीपन कहिल्यै देखाउँदैन। जसले फूलको महत्व बुझेको हुन्छ उसले फूल कहिल्यै चुँडाउने प्रयास गर्दैन। म पनि डा. प्रशान्तको व्यवहारबाट प्रभावित हुँदैगएँ। प्रियहरूको नाममा लगातारपहिरो गएको मन, अबोध सपनाहरू बोकेर म अर्कै संसारमा पसेकी थिएँ। मसँग केवल बी.ए.को सर्टिपिकेट र नागरिकता बाहेक केही थिएन, न नाम, न परिचय, रित्तिसकेको थियो घर, रित्तिसकेको थियो तैपनि चेतना खसेको तस्बिर जस्तो जीवन बोकेर म तराइतिर झरेकी थिएँ। कामको सिलसिलामा पछि विस्तारै सबै कुराहरू स्मृतिबाट मेटाउने प्रयास गर्दैगएँ। अफिसमा अनु र निर्मलाजस्ता अत्यन्तै सहयोगी साथीहरूको साथ पनि थियो र डा. प्रशान्तको समीपता पनि, धेरै ठाउँको फिल्डमा डा. प्रशान्तसँग सहयोगीको रुपमा काम गर्ने मौका मिल्यो। उनले नै मेरो साँघुरो गल्लीजस्तो मस्तिष्कमा जीवनका बिउहरू रोप्न सिकाए, जीवनलाई जीउन सिकाए । मनको कोलाजमा आगोका रङ पोत्ने मेरो अनुभवहरू परिवर्तन भइसकेका थिए र जीवन पनि अलि सहज भएको भान हुन्थ्यो ।

एक महिनाको लामो कार्यक्रम लिएर म फिल्डमा गएकी थिएँ। एक दिन अचानक निर्मलाले फोन गरेर डा. प्रशान्तको विराटनगर अफिसमा सरुवा भयो रे भनिन् तर मलाई विश्वास नै लागेन र उनको कुरालाई वास्ता पनि गरिन । मलाई लाग्यो तीन महिना अगाडि मात्र उनको बढुवा भएको थियो फेरि घरपरिवार यहीँ छ किन जान्थे विराटनगर ! यही कुरा मनमा खेलिरह्यो । डा. प्रशान्त सरुवा नै हुने भए पनि मलाई त एक पटक जानकारी गराउँथे किनकि म उनलाई आफ्नो सबभन्दा नजिकको मान्छे ठान्थें । यी कुराहरू सोच्नु बेकार हुनजस्तो लाग्यो, फोन गर्दा पनि सम्पर्क भएन त्यसपछि म फिल्डको काम सकेर फर्किएँ । भोलिपल्ट अलि हतार गरेर अफिस गएँ । डा. प्रशान्तको कुर्सी खाली थियो, आउँदै होलान् सोचेर म आफ्नो फिल्ड रिपोर्ट तयारीमा लागेँ त्यसैबेला अनुको आगमन भयो साथमा निर्मला पनि, उनीहरूसँग फिल्डको कुरा गर्दै थिएँ अनुले बीचैमा भनिन् डा. प्रशान्तको त विराटनगर सरुवा भयो नि । हिजो विराटनगर जानु भयो, भन्नुहुन्थ्यो तिमीलाई फोन सम्पर्क भएन पछि आएर सबैलाई भेट्नुहुन्छ रे। मलाई आकाश खसेर थिचेको अनुभव भयो, के गरौँ के भनौँ भइरह्यो । मनमा एक प्कारको भुकम्प नै गयो। फेरि यो मनको घाउ बल्झियो, अझै मन शान्त भएन र डा. प्रशान्तलाई फोन गरेँ । उनले म विराटनगर छु सरुवा भएँ नि भनेपछि त मोबाइलको स्वीच अफ गरिदिएँ। अफिसमा एक छिन काम गर्न मन लागेन, आधा समय पनि काम नगरेर कसैलाई केही नभनी सरासर अफिसबाट बाहिरिदै गर्दा अनु, निर्मला र अन्य स्टाफहरूले हेरेको देखेँ त्यसपछि बाटामा को भेटिएँ ? कसले के भने पत्तै नपाई कोठाको साँचो खोली खाटमा थचक्क बसेँ । कति बेला साँझ

पऱ्यो थाहै पाइन र हिजो शनिबार पनि केही नगरी बित्यो । फेरि मनमा एउटा पहिरो गयो । मन अनेक धारमा टुक्रियो, स्मृतिमा लागेका ग्रहणका मौनछिटाहरू यति छिटो सक्रिय भए कि मनमा ह्वात्तै कालोबादल लागेर अश्रुधारा पानी वर्षनथाले । मलाई थाहा थियो उनी मेरा लागि होइनन् र म उनका लागि होइन तर डा. प्रशान्तसँगका प्रत्येक क्षणले मलाई गिज्याइरहेको अनुभव भयो । उनीसँगको अवर्णित अन्तर्सम्बन्धको धमिलो पर्दा चमकहीन हुँदैशून्यतामा बिलाउने फेरि देखिने हुन थाल्यो । सीमायुक्त प्रेमका शब्ददंश विषाक्त बनेर डसेर भागेको अनुभव भयो । जुन मोडमा आलो घाउहरूमा नुनचुक छर्ने र मलम लगाउने बानीपार्न म पटक पटक प्रयासरत रहेँ तर कसैबाट पनि हार्दिक र सार्थक प्रेमको आभाष पाइन । लाग्थ्यो मलाई प्रेम र स्नेह भन्ने कुरा वैवाहिक सम्बन्ध भन्दामाथि अति पवित्र हुन्छ तर थाहै थिएन म गलत थिएँ या समय जसले मलाई पटक पटक चोटहरूमात्र दिइरह्यो, पटक पटक एउटा मधुरो सम्झना मात्र छाडेर गयो त्यही सम्झनाका काँडाहरू बिझिरहन्छन् यो खोक्रो मनमा तर मेरो कसैप्रति गुनासो छैन । हृदयका आकाशबाट बैंसका ताराहरू हराइसकेका छन् जहाँ थुप्रै प्रेमका छायाँहरू आकारहीन भएका छन् । कसैको स्मृतिमा तप्किने छैनन् परेलीहरू, रेटिने छैनन् तार छिनेका सारङ्गीहरू, बज्ने छैनन् प्वालै प्वाल परेका मनको बाँसुरी बहकिने छैनन् मस्तिष्क अब, रुझ्ने छैनन् मनको मझेरी किनकि आँसुहरू लुकाइदिने प्रिय रातहरू पनि त छन् मसँगै । टिरिङ ... टिरिङ फेरि मोबाइल बज्यो म झस्किन्छु र हतार हतार फोन रिसिभ गर्छु हलो .... प्रशान्त सर .... तरफोन डा. प्रशान्तको नभई निर्मलाको पो रहेछ ... । ●

---

· slj tf

# मेरो जन्म गाउँ

– सीता भण्डारी

प्राणभन्दा पनि प्यारो मेरो आफ्नै जन्म ठाउँ
त्यही जन्मे त्यही हुर्के लाग्छ प्यारो आफ्नै गाउँ
जन्म लिएँ जुन दिन मैले मोहरीया टोलमहाँ
त्यही दिनदेखि आरम्भ भो यात्रा यो जीवनमा
पाँच वर्ष उमेरसम्म आमाको काख भरियो
त्यसपछिका दिनहरूमा स्कूलमा गई पढियो
१२ वर्ष स्कूलको जीवन यात्रा सकेर
आज म त आएँ पढ्न काठमाडौं सहर
उच्च शिक्षा हासिल गर्न बाहिरिएँ पनि म
जिल्ला गुल्मी जोहाङ्ग वडा-६ मै हुन्छ सदा मन
डाँडाकाँडा हरियाली गाउँबेँसी पखेराको
औधी माया लाग्छ मलाई मेरै मातृभूमिको
आफ्नो गाउँ-ठाउँ जस्तो हुँदैन है पराई
दिनरात सम्झना छ त्यही गाउँको मलाई
वरिपरि भीरपाखा बीचको त्यो गाउँ हाम्रो
भौगोलिक अवस्था नै सदा लाग्छ मलाई राम्रो ।
– गुल्मी

# ‘सीताहरू’का परशु प्रधान

**– रमेशमोहन अधिकारी**

सीताहरू मूलतः यौनवादी कथोपन्यास हो । हाम्रो समाजको यथार्थता व्यक्त यस कृतिमा यौन शिष्ट/अशिष्ट दुवै रूपमा देखा परेको छ । यसका कतिपय कथामा शिष्टताको पर्दा अलि खुलेको देखिन्छ । महिलाहरूका विविध पक्ष र पाटाहरूको चित्रण गरिएको छ । महिलाको दुर्दान्त कथा–व्यथा तथा तिनबाट मुक्तिको चाहना यी कथाहरूमा पाइन्छ । महिलाहरूका विविध पक्ष र पाटाहरू चित्रित यस कृतिमा एकातिर यौनलाई नै प्राथमिकता दिएको पाइन्छ भने अर्कातिर यौनविलास गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य पनि पाइन्छ ।

जागिर खोजेर हत्तुहैरान भएकाहरू अस्मिता बेच्न विवश छन् भने हाकिमहरू तिनको अस्तित्व लुट्न आतुर छन् ।

महिलाका विभिन्न रूपहरू देखा पर्दछन् । नारीहरू विवश छन्, निरीह छन् । ती अबला ठानिएका छन् । ती दुर्दान्त आर्थिक स्थितिसँग भिड्दै छन् । ती सित्तैको वस्तु अस्वीकार गरिहाल्न सक्तैनन्, सहजै स्वीकार गर्न पनि अप्ठ्यारो मान्दछन् ।

आत्मनिर्भर महिलाहरूमा अहम् भाव देखिन्छ । ती पतिमाथि हुनसम्मको हस्तक्षेप गर्दछन् । तिनका पति निरीह छन् ।

लोग्नेमानिसहरू यौनविलासी छन् । ती नारी अस्मिताको ख्याल गर्दैनन् ,आफ्नो कुत्सित स्वार्थ पूरा गर्न मात्र आतुर छन् । त्यसैले पीडित नारीहरू विलासी चिन्तनविरुद्धका सङ्घर्ष गर्दै छन् अस्मिताप्राप्तिको सङ्घर्षमा लाग्दै छन् , अस्तित्वहीनताको विरुद्ध विद्रोहमा सरिक हुदै छन् ।

यस कृतिका कतिपय कथामा द्वन्द्वक(ालको मर्मान्त चित्रण पाइन्छ । यस क्रममा माओवादीद्वारा अपहरित व्यक्तिका परिवारको दयनीयता प्रकट भएको छ तथा द्वन्द्वकालीन कमजोर सुरक्षा व्यवस्थाको खुलासा भएको छ ।

पुंसकता–नपुंसकता सम्बन्ध जोडिराख्ने, भत्काइहाल्ने पुल हुनाले नियोगप्रति कथाकारको सहमतिजस्तो देखिएको छ ।

हाम्रो समाजका विसङ्गत यथार्थको दारुण चित्र यी कथाहरूमा पाउन सकिन्छ । अरूको जीवन बर्बाद हुनबाट बचाउन प्रयत्न गर्नेले आफ्नो परिवारको वास्ता नगरेको विसङ्गत यथार्थ यहा पाउन सकिन्छ ।

आजका मानिसलाई अप्ठ्यारा–सप्ठ्याराबीच बाँच्न गाह्रो परेको छ । विव(ाहित/ अविवाहित नारीका अन्तर्वेदनाको प्रकटीकरण गरिएको यस कृतिमा समलिङ्गी यौनसम्बन्धले पनि स्थान पाएको छ ।

वर्तमानप्रति व्यङ्ग्य ,आजका मानिसका स्वार्थी प्रवृत्ति तथा पुरुषसत्तावादी चिन्तनप्रति तीक्ष्ण व्यङ्ग्य पाइन्छ ।

कताकति आध्यात्मिक जस्तो पनि लाग्ने यो उत्तरआधुनिक चिन्तनमा आधारित छ ।

शैलीगत पक्ष

यो कृति बजारमा देखा पर्ने

गरेका भन्दा पृथक् प्रकारको छ । प्रचलित परम्पराअनुसार न कथा, कथा सङ्ग्रह, न उपन्यास नै भन्न सजिलो छ । कतै शब्द संयोजन, कतै वर्णविन्यास, कतै लिङ्गगत, कतै आदरगत तथा कतै मुद्रणगत त्रुटि पाइन्छन् । यस्तै कतै अङ्ग्रेजी प्रयोग तथा कतै हिन्दी वाक्यको प्रयोग भएको पनि पाइन्छ ।

यौनेतर कथा पनि परेको कुनै कथा एकालापजस्तो पनि छ । विज्ञान प्रविधिको शब्द प्रयोजित यस कृतिमा प्रतीकहरूको प्रयोग पर्याप्त पाइन्छ । 'पोखरीजस्तो स्वच्छ मन' विम्ब अलि नमिलेजस्तो लागे तापनि 'सिसाकलम', 'मोती', 'बलियाबाङ्गा र सोभ्का बूासहरू', 'पोखरी' तथा' पहाड 'जस्ता प्रतीकहरूले कथाको सौन्दर्यमा रौनक थपेका छन् ।

नेपाली कथासाहित्यका सशक्त हस्ताक्षर परशु प्रधानका यी कथाहरू विषयवस्तुगत दृष्टिले रोचक त छन् नै साथै मौलिक तथा विशिष्ट छन् ।

हाल-मकवानपुर

· slj tf

## देश

**– मुकुन्द प्रयास**

धुलै धुलो भएको माटोमा
पाइला टेकेपछि
एकपटक बुङ्ङ धुलो उड्छ
हो ... त्यही हो देशको माटो
नपत्याए एक पटक आफ्नै अनुहारमा दलेर हेर
ठुस्स गनाउँछ आफ्नै देशजस्तो ।

पोहोर साल खलामा दाइँ मच्चाउँदा
देश
गोरु सँगसँगै घुमेथ्यो मियोवरिपरि
र लटरम्म पाथीभरि भरेथ्यौं देश जस्तै धान
यसपाली त असारमै हाम्रो धान बगायो बाढीले
धानसँगै देश पनि त फलेन यसपाली
नपत्याए
खलेजाँतो नपाएको भ्फोँकमा
एक साता रिसाएकी दिलकुमारीलाई सोधे हुन्छ
नढाँटी भनिदिन्छे देखे भोगेको सत्य कुरा ।

पानी नपरे पनि नफल्ने मकै
पानी धेरै परे पनि नफल्ने कोदो
तर श्रम रोपिरहनुपर्छ
उम्रिए पनि नउम्रिए पनि पसिनाको विरुवा
पसिना र देश उस्तै उस्तै हुन्
आफ्नो पसिना नमीठो गनाउँदैन
आफ्नो देश विरानो हुँदैन ।

# नम्बर पुगेन

– अच्युतरमण अधिकारी

नम्बर पुगेन, पुगेन त के भो पुगेन । नपुगे नपुगोस् । त्यसलाई पुऱ्याउनै पर्ने के छ र ! पुऱ्याउनु पऱ्यो पुऱ्याउँला । यदि सुन्याउँदा, चुन्याउँदा काम चल्छ भने त त्यसै पनि गरुँला र काम गरुँला अघि सरुँला, यसमा पनि त्यति आपत्ति छैन । आज आपत्ति परेमा भोलि विपत्ति पर्नसक्छ क्या ! भर्सक त सम्पत्तिले आपत्ति टार्न सक्छ क्या ! सम्पत्तिले कत्राकत्रा मानिस अलकत्रा पोतेर फुर्तीले बसेका छन् । फूर्तिमा फुर्तितो फुर्तीमान यो बाहिरी सागरमा पौडिदा फुर्ति देखाउँछ । वास्तविक अन्तरसागरको रेखा शुरु भएपछि गहिरिएर भित्र परेपछि त उसले पनि बाबुको बिहे देख्नेपर्छ । त्यसमा पनि द्रव्यसंसारभित्रको भव्य व्यवहार नै अघि सरेर यो स्वाद चखाउन थालेपछि बेस्वाद केही कुरामा पाइन्न क्यारे । द्रव्यसंसार स्वार्थ व्यवहार त्यही नै सही घरबार ! यत्ति कुरा नजान्ने त वानर पनि छैन क्या ! लत्रिएर, उत्रिएर, झुत्रिएरर चुत्रिएर भए पनि बानी र व्यवहार चल्छ र वानरले छिचोल्छ पनि तर जब स्वार्थ समाप्त हुन्छ अनि त त्यो कता भग्छ कता कहाँबाट कहाँ पुग्छ कसैलाई पत्तै हुँदैन ।

नम्बर पुगेन भने नपुगोस् नै ! त्यस नम्बरले मात्र के पो गरिहाल्छ र ! नम्बर त केवल नम्बर हो । कसैलाई के को नम्बर, कसैलाई के को नम्बर हामी जस्तालाई तल न माथिको के नम्बर ! आखिर बेनम्बरे त यसै हौं उसै हौं - यहाँ नम्बर किन चाहियो ! यसैमा उसैबाट ल्याई मलजल गरे पनि पुग्छ । यो नम्बर, यति नम्बर, त्यति नम्बर- कति - कति र कहाँ कहाँ खोइ नम्बर ! भिनाजुले भाका हाले नम्बरको मेम्बर खडा गरेर । साना जाहाजको नम्बर हालेर उनले जहाजी यात्रा शुरु गरे । जहाजी यात्रा मेघ यात्रा, मदन यात्रा यस्ता अनेक यात्रा जति यात्रा भए पनि आखिर जात्रा न मात्रा यस्तै हुन्छ यहाँको यात्रा । यस्ता- उस्ता र कस्ता-कस्ता जात्रामा यहाँ चल्छ घोडेजात्रा ! घोडे जात्राका जात्रेदारहरू जात्रैजात्रामा घोडा कुदाएर हिँडिरहेका देखिन्छन् । यहाँ कुनै देखिन्छन्, कुनै लेखिन्छन् र कुनै त त्यसै-त्यसै पोखिन्छन् । पनि । देखिनु, लेखिनु अनि पोखिनुको यथार्थ रहस्यले जे भए पनि जात्रा मात्रै भएर आउँछ र त्यसै - त्यसै त्यो त कराउँछ पनि ! यस्ता कराई -कराईमा कति कराई त्यसै त्यसै डडेर जान्छन् क्या !

नम्बर त आखिर नम्बरै हो ! नपुगे पछि त फसादै पऱ्यो बा ! यो नम्बर, त्यो नम्बर र ऊ नम्बरको मेम्बर भएर पनि नम्बरै पुग्दैन । भने के गर्नु त गाँठे । यस्ता अपुग नम्बरेहरू आखिर बेनम्बरे नै पनि त मानिन सक्छन् । अपुग नम्बरमा कुनै मेम्बर अडेर बस्न सक्तैन, लडेर खान पनि सक्तैन, बडेर जान पनि सक्तैन । यस्तै यस्ता असक्तताहरूमा के के छ अरुमा हेर्ने शक्ति पनि हुँदैन । यस्तो अपुग भएको परिस्थिति र परिवेश त जहिले तहिले र जताततता देखिदैन ! भएको के हो थाहा छैन तर नम्बर पुगेन । पुगेन-पुगेन र पुगेन मात्र छ यहाँ नम्बर पुगेन अरे ! लौ भैगो आजलाई विश्राम ! अस्तु

• s[t kl/qmdf

# गजल कसरी लेख्ने ? : नेपाली गजलको पाठ्यक्रम

● ज्ञानु विद्रोही




नेपाली साहित्यको ६० को दशक गजलको दशक बनेको छ। यहाँ दिन दुगुना रात चौगुना गजल र गजल सम्बन्धि गतिविधिमा बृद्धि भइरहेको छ । दिनहुँ भइरहने गजल गोष्ठी, गजलसङ्ग्रह प्रकाशन, अन्तर्क्रिया आदिले गजललाई द्रुतगतिमा अगाडि बढाइरहेको छ । तथापि गजलमा गुणस्तरको प्रश्न भने उत्तिकै उठिरहेको छ । मात्रात्मक बृद्धिमा गजल अग्रणी देखिए पनि गुणात्मक क्षमतामा अगाडि आउन नसकेको आरोप पनि उत्तिकै विद्यमान छ। भावगत विचलन, संरचनात्मक स्खलन या अतिवाद, फितलो सम्प्रेषणीयता, कलात्मक सून्यता आदि यसले भोग्नु परेका आरोपहरू एवम् कतिपय गजल सिर्जनाका यथार्थहरू हुन् । यसको प्रमुख कारण नै गजल सर्जकमा पाइएको साधनाको कमी हो। जबसम्म गजल र साधनालाई सँगसँगै डोऱ्याइँदैन गजल साच्चिकै गजल बन्दैन । हुन त यसमा दोष केवल सर्जकलाई मात्र दिन मिल्दैन। नेपाली साहित्यमा धैरैपछि आएरमात्र गजलका सिद्धान्तहरूको थोरबहुत व्याख्या गर्न थालिएको हो।

५० को उत्तरार्धमा गजलका सिद्धान्तहरूको व्याख्या गर्न प्रारम्भ गरिएता पनि कोरा गजल सर्जकहरूका निम्ति त्यो अमूर्त बनेर उभियो। सिद्धान्तलाई अभ्यासमा केलाउन कोरा सर्जकहरूलाई गाह्रो पऱ्यो, हुनसक्छ त्यसको सहजता खोज्दै २०६६ जेठमा गजलकार त्रय देवी नेपाल, सुरेश सुवेदी र घनेन्द्र ओझाले एक अभ्यासमूलक पुस्तक बजारमा ल्याए गजल कसरी लेख्ने ? यस कार्यमूलक पुस्तकको दोस्रो संस्करण ऐरावती प्रकाशन प्रा. लि.ले २०६६ चैत्रमा बजारमा सार्वजनिक गरेको छ।

गजल कसरी लेख्ने ? पुस्तकलाई "गजल प्रशिक्षणका लागि हाते किताव" मानिएको छ । यसैबाट यो प्रष्ट हुन्छ कि यो पुस्तक सर्जकलाई प्रशिक्षित गराउने अभ्यासमुलक छ । त्यसैले यसले प्रशिक्षणका विधिहरू र मनोवैज्ञानिक एवं संवेगात्मक विकासक्रमलाई समायोजन गरेको छ । प्रशिक्षण र प्रशिक्षित हुने वातावरणलाई पहिलो एकाइमा राखिएको यस पुस्तकमा दोस्रो एकाइमा गजलको स्पष्ट चिनारी प्रस्तुत गरिएको छ। जवसम्म एक प्रशिक्षार्थीले म के लेख्दै छु ? यसका आधारभूत तत्त्वहरू र शिल्पहरू केके हुन् ? जस्ता ज्ञान ग्रहण गर्दैन उसले सिर्जनामा पूर्णता दिन सक्दैन । यसैलाई मध्यनजर गर्दै उक्त एकाइमा गजलको सैद्धान्तिक ज्ञानका साथै गजलको आन्तरिक र वाह्य

दुवै संरचनाको राम्रो व्याख्या गरिएको छ। गजलका अनिवार्य तत्त्वहरू काफिया, रदिफ आदिको विभाजन र तिनीहरूको उदाहरण प्रस्तुतीले प्रशिक्षार्थीलाई गजल सिर्जनामा सहजता प्रस्तुत गरेको छ ।

तेस्रो एकाइ सरलताबाट जटिलतातिर भन्ने सिकाई सिद्धान्तमा आधारित छ। दोस्रो एकाइमा पाएको सैद्धान्तिक एवं संरचनात्मक ज्ञानलाई गजलको अर्को अनिवार्य तत्त्व लयमा कसरी प्रस्तुत गर्ने भन्ने प्रशिक्षण यो एकाइले दिन्छ। यस एकाइमा लयको व्यवहारिक परिचयसँगै लयका विषयमा उठेका भ्रमहरूलाई चिर्ने प्रयास पनि गरिएको छ । लय कसरी निमार्ण हुन्छ या गरिन्छ , लयमा गति र यति भनेका के हुन् ? यति भङ्ग कसरी, कहाँ, कस्तो अवस्थामा हुन्छ , यसबाट जोगिने सहज उपाय के हुनसक्छ ? आदि विषयको व्यवहारिक सरल र स्पष्ट व्याख्या गरिएकाले प्रशिक्षार्थीलाई सजिलै लयमा प्रवेश गर्ने आँट र हौसला मिल्दछ ।

पहिलो, दोस्रो र तेस्रो एकाइको सम्पूर्ण ज्ञानपछि कुनै पनि प्रशिक्षार्थीले शब्द, भाव र लयमा राम्ररी खेल्नसक्छ भन्ने विशिष्ट उद्धेश्यका साथ चौथो एकाइमा बहरको चर्चा गरिएको छ । तर यो खण्ड ऐच्छिक छ । एउटा राम्रो गजल सिर्जना गर्न बहरमै लेख्नुपर्छ भन्ने बाध्यता यसमा थोपरिएको छैन । तर बहरको ज्ञानलिन र बहरमा गजल लेख्न इच्छुकहरूका लागि सहजता प्रदान गर्न यो खण्ड पनि समावेश गरिएको छ । तर बहरको चिनारी या प्रस्तुतीमा कुनै क्लिष्टता छैन । अत्यन्तै शुरुमा वर्णको चिनारी र तिनीहरूको “रुक्न” मा प्रयोग गरेर सिकाइलाई सरलताबाट जटिलतातर्फ मोडिएको छ । मात्रा र रुक्नको प्रयोगसँगै गजलमा प्रयोगमा आएका मुख्य बहरहरूको कार्यमूलक अभ्यासले प्रशिक्षार्थीलाई सहजै प्रशिक्षित गर्न सफल भएको पाइन्छ ।

यसरी हेर्दा गजल कसरी लेख्ने ? पुस्तक नितान्त प्रशिक्षण केन्द्रित मात्र नभएर यसको साङ्गोपाङ्गो अध्ययनमा लागेका वर्ग, भर्खर गजल सिक्दै गरेका नवसर्जक एवं विद्यालय-विश्वविद्यालयमा अध्यापन गराइरहेका प्रवुद्ध वर्ग र तुलनात्मक अध्ययन खोजमा लागेका सर्जक सबैका निम्ति एक उत्तम श्रोत हो - विशिष्ट पाठ्यक्रम हो जसको निर्माण राज्यस्रोतबाट हुनुपर्थ्यो। यसअर्थमा राज्यलाई नै चुनौती दिने साहस गर्नु भएकामा सर्जक त्रय देवी नेपाल, सुरेश सुवेदी र घनेन्द्र ओझालाई हार्दिक साधुवाद ।

# युवा वर्ष मोती पुरस्कार सर्जक र सिर्जना बारे सुक्ष्म टिप्पणी

**● खिमानन्द पोखरेल**




२०४२ साल देखि २०६६ साल सम्म युवावर्ष मोती पुरस्कारबाट पुरस्कृत ४२ जना सर्जकहरूको सिर्जना पुस्तक नौलो तरिकाले बजारमा आएको छ। यो नै यसरी लेखिएको अत्यन्त नविन पुस्तक हो। यो कृतिमा तत्तत् स्रष्टाहरूलाई समेटेर पाठक सामू ल्याउने

ठूलो प्रयास डिल्लीराम मिश्रको देखिन्छ । मिश्रको यो अदम्य साहसलाई मान्नै पर्ने हुन्छ। आजसम्म यस किसिमको सिर्जनात्मक कृतिलाई निकाल्ने प्रयास नै गरिएको थिएन। डिल्लीराम मिश्रको मनमस्तिष्कले यस किसिमको सोच बनाउनुलाई गहन सोच मान्नै पर्छ। ३४८ पेजमा फैलिएको यो कृति एकपटक हरेक श्रष्टाले पढ्नै पर्ने देखिन्छ। बाहिरी आवरणमा मोतीराम भट्टको युवा तस्वीर देख्दैमा नै पढौं पढौं जस्तो लाग्छ भने यसभित्र प्रवेश गरिसकेपछि त झन् छोड्नै मन लाग्दैन । यसभित्र समेटिएका जति सर्जकहरू छन् त्यति सर्जकहरूको फोटो र परिचय सहित समेटेर यो कृति ल्याउने प्रयास भएको देखिन्छ ।

यो पुस्तक निकाल्नु भन्दा अघि डिल्लीराम मिश्रद्वारा लेखिएको ग्रन्थ नेपाली प्रतिभा र पुरस्कार बजारमा आइसकेको छ । यसभित्र विधागत रुपले श्रष्टाहरूलाई छुट्टाएर आ-आफ्नै किसिमले यहाँ राखिएको देखिन आउँछ भन्ने कुरा युवा वर्ष मोती पुरस्कार सर्जक र सिर्जनाले विस्तृत रुपमा श्रष्टालाई नै जानकारी गराउन चाहेको देखिन्छ। यो पुस्तकको बाहिरी आवरणमा नै मोतीराम भट्टको तस्वीर रहेकोले नै मोतीराम भट्टबारे सम्पूर्ण पाठकहरूलाई बढी भन्दा बढी जानकारीको उद्देश्य राख्नु भन्ने कुरालाई नौलो ठान्न मिल्दैन । यो कृतिलाई विशेष रुपले ध्यानपूर्वक जसले अध्ययन गर्न सक्छ उसलाई यस कृतिका बारेमा र यस मित्र रहेका पठनिय सामग्रीका बारेमा गहिरिएर बुझ्ने मौका अत्यन्त गहनतम तरिकाले पाउन सक्छ।

डिल्लीराम मिश्रमा देखापरेका बहुज्ञानले यो कृतिको श्रृजना गरेको छ । यसले मिश्रको जीवनलाई एक आयाम माथि उठाई दिने प्रयास गरेको छ । मिश्र अत्यन्तै मेहनती स्रष्टा हुन् । उहाँले साहित्यानुरागीहरूलाई गुण भन्दा पनि महागुण लगाई सकेको कुरा भन्दा निर्विवाद रुपले धक फुकाए भन्न पाउँदा स्वयं गौरव मान्नुलाई स्वभाविकै ठान्नु पर्छ । गुन लगाएर साहित्य जगतलाई हँसाउने श्रष्टाहरू थोरै हुन्छन् हो त्यही थोरै श्रष्टा मित्रका अमूर्त श्रष्टा डिल्लीराम मिश्रलाई मान्नुपर्छ । जस्ले अदम्य साहस राखेर बिर्सनै नसक्ने गरी साहित्यलाई अपूर्व सेवा गर्दै जल्दो बल्दो तरिकाले गुणैगुण लगाएको देखिन्छ।

डिल्लीराम मिश्रले स्वार्थी भावना देखाएर लेखेको भए यो पुस्तक युवा वर्ष मोती पुस्कार सर्जक र सिर्जना पाठक समक्ष आउन सक्ने नै थिएन। कसैको रोजाईले सम्पूर्णलाई भलो हुन्छ भने गर्नुपर्छ भन्ने सोच मिश्रको मन मस्तिष्कमा उत्पन्न भएर नै यो पुस्तकको सृजना हुन पुगेको हो भन्ने ठान्नु अतिसयोक्ति न होला । यो पुस्तकको बारेमा धेरै जान्न र ज्ञान आर्जन गर्नलाई विशेष रुपले अध्ययन गरी यसभित्र रहेका तत्वलाई निकाल्नु अध्ययनकर्ताको कुरा पनि हो। यस भित्रको हल्का अध्ययनले सम्पूर्ण कुराहरू भन्दा यति खेर न पर्न पनि सक्छन्। तर विस्तृत रुपले अध्ययन गरिसकेपछि पुन कुनै बेला प्रस्तुत गर्ने जमर्कोमा रहेको छ यो कलम पात्र पनि। अनेक कठिनाईका बाबजुद पनि यो पुस्तक हामीसमक्ष देखा परेको छ यसले प्रत्येक श्रष्टालाई गुण लगाउने काम गरेको छ। यसलाई अध्ययन गर्न सक्नेले धेरै कुराहरू यस पुस्तक बाट प्राप्त गर्न सक्छन् भन्ने कुराको प्रचार प्रसार न गर्दामा पनि स्वतः जान्न सक्ने कुराको यथार्थता झल्किएको कुरा प्रमाणतः सिद्ध छ नै भन्ने कुरालाई मनन गर्नै पर्छ।

# रुपक वनबासी र इरानकी मेनका

● रश्मि असफल



रुपक वनवासी नेपाली गजल क्षेत्रको सु–परिचित नाम हुन्। यस भन्दा अघि हल्का मद्यपान गजलसंग्रह प्रकाशन गरेर सार्वजनिक भैसकेका वनवासीले अवरुद्ध गलाहरूमा सहलेखन गरेका थिए। उनी अक्षता द्वैमासिक पत्रिका र नेपाली साहित्यिक विद्यार्थी मञ्चका सचिव र गजल मञ्च नेपालका केन्द्रिय सदस्य पनि हुन्।

वि.सं. २०३९ सालमा तनहुँको पीपलटारमा जन्मिएका वनवासीले भारत, युएई र इरानको भ्रमण समेत गरिसकेका छन्।

वि.सं. २०६३ सालमा मोतिराम भट्ट तन्नेरी गजल पुरस्कारबाट सम्मानित वनवासीले हाल नयाँ गजल संग्रह ओ ! इरानकी मेनका प्रकाशनमा ल्याएका छन्।

म जस्तो सन्यासीलाई गर्‍यौ छल ओ ! इरानकी मेनका

सौन्दर्यले सिताराझैँ झलझल ओ ! इरानकी मेनका

समाजमा घटित विविध विषयवस्तुलाई साहित्यको सुन्दर विधा गजल मार्फत रुपक वनवासीले निकै गहकिला सन्देशहरू सम्प्रेषण गरेका छन् पाठकहरूलाई ।

गजल सुन्ने, गजल लेख्ने लहर अहिले जताततै छ । सबैको लोकप्रिय बन्न सफल गजल विधा मार्फतनै वनवासीले आफूलाई चित्त बुझ्े, नबुझ्ेका भाव गजलमार्फत पोखेका छन्। उनका अधिकाँश गजलहरूले सामाजिक विसँगति माथि व्यङ्ग्य प्रहार गरेका छन् । उनले इतिहास, प्रकृति, शैक्षिक क्षेत्र, विकासको राजनीतिलाई विज्ञान कानुन सबै क्षेत्रलाई गजलमार्फत झक्झकाएका छन् ।

विना गल्ती सजायँ गलत हो श्रीमान
अन्धो यो कस्तो अदालत हो श्रीमान

गतिला गतिला बिम्व तथा प्रतीक का प्रयोगले पाठकको मनमा हिर्काउन सक्नु विशेषता जस्तो लाग्छ गजल लेख्दा ।

थर्मोमिटरको पारो देखिदैन सजिलैसँग
दाउरोभित्रको आगो देखिदैन सजिलैसँग

उनका अधिकाँश गजल शृङ्रिकताबाट विमुख भएता पनि केही गजलहरू भने सुरा सुन्दरी र भट्टीभित्र मात्रै पनि सिमित भएका छन् ।

कमै मिल्ने प्यारजस्ती मायालुको के कुरा गरौं ?
बहमूल्य हारजस्ती मायालुको के कुरा गरौं ? पृ ११

सुरासुन्दरीमा कत्तिको लत छ भट्टीले भन्यो
छ भने हजुरलाई स्वागत छ भट्टीले भन्यो।
पृ ३

कुनै कुनै गजलमा बधशाला र अग्निज्वाला जस्ता गहकिला काफिया मिलाएर गजल संरचना गर्ने बनवासीका

कुनै गजलमा भने हरियाली, माहात्मा गान्धी, साक्षी त्यस्तै आँखा, बच्चा, ढुङ्गा, शोभा, कहाँ जस्ता अमिल्दा काफियाको प्रयोगले गजलमा हुने रुपलाई विगारिदिएको छ । यद्दपि उता गजलको भाव भने निकै चोटिला र गहकिला छन् ।

कुनै कुनै गजल काफियाबाटै सुरु भएका पनि छन् ।

कैफियत नभएको मान्छे भन्यौ दुःख लाग्यो

हैसियत नभएको मान्छे भन्यौ दुःख लाग्यो

पृ१७

वनवासीको गजलसङ्ग्रहको सरसर्ती अध्ययन गर्दा केही जटिल शब्दको प्रयोगले गेयात्मक गुणलाई नै असर गरेको जस्तो लाग्छ । केही आगन्तुक र तदभव् शब्दको पनि प्रयोग भएको पाइन्छ ।

इरानकी मेनकालाई समर्पित यस पुस्तकमा कालो बुर्का भित्रकी सुन्दर तस्विर भएकी इरानकी सुन्दरीलाई रातो गुलाव समर्पित गरी प्रेम प्रस्ताव राखेको भाव झल्किने देवेन्द्र थुम्केलीको सुन्दर आवरण सजिएको छ। कभर पृष्ठमा वनवासीको तस्विर,व्यक्तिगत विवरण र डा. डी.पीं भण्डारी र राजकुमार बानियाको छोटो भूमिका रहेको छ । पुस्तकभित्रको भूमिकामा गजलकार ज्ञानुवाकर पौडेल, वियोगी बुढाथोकी र प्रकाशकीय स्वरुप वैरागी जेठाको केही भनाई छ । ५५+१६ पृष्ठ रहेको यस कृतिको मूलय रु व्यक्तिगत ७५ र संस्थागत रु २०० रहेको छ । बनवासीको अन्य यस्तै सिर्जनशिल गजलका पुष्पगुच्छाहरू यसरी नै प्रकाशित हुँदै जाओस हार्दिक शुभेच्छा ।

# घनेन्द्र ओझाको 'एउटा अर्को सङ्ग्रामको घोषणा'

**● शान्ता अजनबी**




'एउटा अर्को सङ्ग्रामको घोषणा' कवि घनेन्द्र ओझाको पछिल्लो समयमा प्रकाशित कवितासङ्ग्रह हो । नेपाली साहित्यमा आशालाग्दा प्रतिभाका रुपमा आफ्नो छुट्टै पहिचान बनाउन सफल ओझाका 'आफ्नै चिहानमा टेकेर' (२०६१) गजलसङ्ग्रह, ' बल्झेर याद तिम्रो' (२०६२) गजल सङ्ग्रह, 'बाटो अझै छ बाँकी' (२०६५) संयुक्त गजलसङ्ग्रहजस्ता कृतिहरू सार्वजनिक भइसकेका छन् ।

नेपाली साहित्यको विकास, विस्तारमा एकदशकभन्दा लामो समय गुजारिसकेका ओझा 'अनासमण्डली', 'श्री एकता पुस्तकालय, विकास सञ्चार समूह, सिर्जना यात्रा, सिर्जनशील सञ्चार समूह जस्ता साहित्यिक तथा नेपाली भाषाको विकासमा संलग्न संस्थाहरूसँग पनि आबद्ध रहेका छन् । जीवनभन्दा बाहिर सिर्जना जान सक्दैन भन्ने मान्यता राख्ने ओझाले जीवन भोगाइका विभिन्न क्षणलाई कविताका माध्यमबाट प्रस्तुत गरेका छन् ।

आपूलाई वर्तमान समयको

उत्तरआधुनिक पात्र ठान्ने स्रष्टाले देख्ने, भोग्ने, लेख्ने सबै कुरा भ्रम भएको भन्ने मान्यता राखे तापनि त्यही भ्रमभित्रको वास्तविक जीवनलाई केलाउने प्रयास यसरी गरेका छन् :

फुस्रो घाम नउँदाएकै बेस
सपनाजस्तो बैंसको कुरा
छोडिदिऊँ वाहियात तर्कना
तरै पनि,
खेलिरहन्छ के-के । के-के
मनै त हो । (पृष्ठ ४७)

३५ शीर्षकमा संरचित प्रस्तुत कृतिका कतिपय कविताहरू यथा समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशितसमेत भइसकेका छन्। समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण, दमन, दुराचार, व्यभिचारको तीतो यथार्थ ओकल्न सफल छन् यस कृतिका अधिकांश कविताहरू ।

वर्तमान समयले निम्तयाएको द्वन्द्व, अनाहकमा विधवा बन्नुपरेका निर्दोष नारीहृदयको वेदना, फक्रन नपाएका अधमरा बालबालिकाका नियतिको चित्रण गर्दै कवि लेख्छन्-

भोलि, बाबा खोज्ने छ शिशुले
र, अभागिनी ऊ
बैंसमै पुछिएको सिउँदो छोपेर हत्केलाले
भित्तामा टाँसिएको
मृत लोग्नेको तस्वीर देखाउँदै
भन्ने छे
बाबु ! उही हो तेरो बाबा (पृष्ठ-३९)

परम्परावादी सामन्ती युगको अन्त्य चाहन्छन् कवि, वर्तमान समयमा सिर्जिएका तमाम समस्याको संजाल तोडेर नयाँ युगको आकाङ्क्षामा सुनौलो भविष्यको कल्पना गर्न पुग्छन् । शान्तिको विगुल फुक्दै चेतनाको दीप बाल्ने सन्देश बोकेका छन् उनका कतिपय कविताले भने । कतिपयचाहिँ विद्रोहको ज्वालामा घ्यु थपिएका जस्ता छन्, जस्तै :

दधिचि हाड घोटेर पत्थरमा
बनाउनु छ एउटा बज्र
र शङ्खघोष गर्नुछ
एउटा अर्को सङ्ग्रामको (पृष्ठ-५)

द्वन्द्वको चपेटामा परेका आमनेपालीका पीडालाई कलात्मक रुपमा प्रस्तुत गरिएको उक्त कृति मानिसले भोग्नुपरेका दुःख, पीडा, रोदन, हत्या, हिंसा, दमन आदिको समष्टि रुप हो ।

कतै पीडित बाउ बनेर, कतै लाचार आमा बनेर, कतै नाबालकको निश्चल आवाज बनेर, कतै गरिबको आँसु बनेर छताछुल्ल पोखिएका छन् कविका भावना कविताका हरेक शब्द-शब्दमा । त्यसो त कविले कविताका माध्यमबाट जेजति आक्रोश व्यक्त गरे पनि उनको चाहना भने स्वतन्त्र राष्ट्र निर्माण नै हो ।

युवावस्थामै देशको बिग्रँदो स्थितिप्रति चिन्तित देखिनु, सुन्दर शान्त नेपालको अपेक्षा गर्नु, अन्याय, अत्याचार जस्ता अराजक प्रवृत्तिको विरोध गरी स्वस्थ समाजको परिकल्पना गर्नु कवि र कृतिकै सबल पक्ष हुन्।

अन्त्यमा सिर्जना यात्रामा तल्लीन कविका कलमले कहिल्यै विश्राम नलिऊन्, नयाँ नयाँ विचार बोकेका सन्देशमूलक कृतिहरूको जन्म समय समयमा भइरहून् भन्ने कामनाका साथ हार्दिक बधाइ तथा शुभकामना ।

# 'म्हाङ'को परिक्रमा

● पी. तामाङ




'म्हाङ' रामकुमार जिम्बा - तामाङको प्रथम कथा सङ्ग्रह हो। तामाङ डाजाङद्वारा प्रकाशित 'म्हाङ' तामाङ भाषामा लेखिएको कथा हो । यस सङ्ग्रहमा वहाँका २०५२ देखि २०६२ सम्म लेखिएका सातवटा कथाहरू समेटिएको छ । पूर्वी पहाडी जिल्ला सङ्खुवासभाको सभापोखरी-४, सिन्चुवामा वि.सं. २०३७ सालमा जन्मनु भएका जिम्बाको उच्च शिक्षा अध्ययनका लागि काठमाडौं प्रवेश पछि मातृभाषी संगीसाथीहरूसँगको बाक्लो सम्पर्कले तामाङ भाषामा लेखनतर्फ आकर्षण बढ्यो । आफ्नो मातृभाषा तामाङ भए पनि पहिले वहाँ नेपालीमा लेख्नु हुन्थ्यो । वहाँका नेपाली भाषाका कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन भएको छ ।

वि.सं. २०४६ मा प्रजातन्त्रको पुनस्थापना पछि नेपालका आदिवासी जनजातिहरू आफ्ना मातृभाषाको संरक्षण तथा साहित्यको विकासका लागि सङ्गठीत रुपमा अघि बढ्ने क्रम चल्यो । यसै मेसोमा तामाङहरू पनि आफ्नो भाषा साहित्यको विकासका लागि सङ्गठित हुँदै अघि बढ्न थाले । नेपाल तामाङ घेदुङ र तामाङ सेमलेङ-सेङ्जाङले तामाङ भाषाको संरक्षण तथा साहित्य विकासमा अग्रणी भूमिका निर्वाह गर्दै तामाङ समुदाय माझ सचेतना फैलाउने कार्यलाई अगाडि बढाउँदै आइरहेको थियो । प्रजातन्त्र पुनस्थापना पछिको खुला परिवेशमा भाषिक आन्दोलनले पनि आकार ग्रहण गर्दै आइरहेको अवस्था थियो । यो परिवेशले पनि कथाकार जिम्वालाई तामाङ भाषामा कलम चलाउन प्रेरित गरेको हुनुपर्छ । पछि ०५९ सालदेखि तामाङ डाजाङले मासिक पत्रिका 'तामाङ डाजाङ' प्रकाशन गर्न थालेपछि वहाँको कथा पनि यस पत्रिकामा प्रकाशन हुन थाल्यो । यसपछि वहाँका कलम झनै तिखारिदै गएको देखिन्छ। हाल वहाँ तामा डाजाङको सहसचिव पनि हुनुहन्छ ।

'म्हाङ' मा वहाँले ग्रामीण जनजीवनले भोग्नु परेका गरीवी र सामाजिक समस्यालाई प्रस्तुत गर्नु भएको छ। गरीवी कै कारण आलेथेवाले आफ्नो भातथलो छाड्नु परेको कथा, 'स्योङ थेन ल्हुई (नदी र जीवन)' मा छ भने 'म्हाङ (सपना)' मा सोनामले विदेशीनु परेको छ। गरीवी कै कारण सहरमा रिक्सा चोलाउन पुगेको राते वेपत्ता भएको कुरा 'राते तामाङ' मा छ। 'सेमला डुप' (मनको डोरो) मा पाराङ जस्ता पात्रहरूले कसरी सुनिता जस्ता चेलीहरूको स्वच्छन्द प्रेममा खेलवाड गर्छ भन्ने देखाएको छ । मादकपदार्थ सेवन गरी विना कारण झै-झगडा गर्ने तोर्मे र उनका साथीहरूको कथा 'तोर्मे थेन

जी' मा छ भने सानीमाको भेदभावपूर्ण व्यवहार 'आसुआमा' (सानीमा) मा प्रस्तुत छ । विचलित नभई समस्यारुसँग जुध्दै गयौं भने एकदिन अवश्य समयले कोल्टो फेर्छ र दिन दुःखीहरूको पनि भाग्य फिर्छ भन्ने कुरा 'सोनामला भाग्य' (सोनामका भाग्य) मा प्रष्ट्याएको छ ।

तामाङ भाषाको पहिलो कथा सङ्ग्रह 'म्हाङ' मा पहाडी भेगको ग्रामीण परिवेश समेटिएको छ । छोटो वाक्य, सरल र सहज भाषा शैलीले कथा पढ्न रुचिकर छ । व्याख्या र सम्वाद शैलीमा लेखिएको कथा सम्वादको वीच-वीचमा आउने तामाङ उखान तुक्काले कथालाई तामाङ पन् मात्र दिएको छैन रोचक पनि बनाएको छ ।

# 'दण्डहीनता' भित्रका कथाहरु

● अस्मिता शर्मा




'दण्डहीनताको कथा' २०६५ सालको कार्तिक महिनामा प्राकशित कथा कृतिको नाम हो । यसका लेखक उदयपुर निवासी राममणि पोखरेल हुन् । प्रस्तुत सङ्ग्रहभित्र १५ थान कथाहरू छन् । यी कथामा समाजमा भइरहेका सामाजिक, आर्थिक, राजनैतिक, विसङ्गतीको चित्रण छ ।

सङ्ग्रहभित्रको पहिलो कथा रीमाको मुक्तिकथामा पुरानो चलन अनुसार छाउपडी प्रथाले गर्दा रीमा जस्ता कयौं नारीहरूले पालना गर्नु पर्ने नियम र पालना गर्दा उनीहरूले भोग्नुपरेको दयानीय अवस्थाको चित्रण गरिएको छ । यस कथा मार्फत अव पछिका सन्ततिहरूले त्यस्तो दुःख कष्टबाट मुक्ति पाउन भन्ने उद्देश्य राख्दै यस प्रथाको घोर विरोध गरिएको छ । दोस्रो कथा 'रगत पोखिएको रात'मा आन्दोलनको समयमा जुलुसमा हिँड्दा प्रहरीको लाठीबाट घाइते नेताको उपचार पाटीले पनि गरेन, सरकारले पनि गरेन, सँगै हिँडेका व्यक्तिले सत्ताको स्वाद चाख्न पुगे जनकमान जस्ताले समाजमा न्याय पाउन नसकेको यथार्थता छ । तेस्रो कथा 'दण्डहीनता'मा शरद र ईश्वर बीच वैमनुष्यता पैदा हुनु र शरदलाई कारवाही गर्ने चासो नदेखाएपछि दुवै बीच फाटो उत्पन्न हुनु तथा शरद जस्ता व्यक्तिले गर्दा देश अधोगतितर्फ धकेलिन पुग्ने यथार्थ चित्रण गरिएको छ । चौथो कथा ' अमरमानको षड्यन्त्र' हो । यसमा अमरमान आफू सरहका साथी भाईलाई गाउँमा बस्दा गरेको व्यवहार आफू ओहोदामा पुगेपछि साथी कमलमानलाई देखाएको व्हारले गर्दा उच्च ओहोदामा पुगेर पछि विगतलाई भुल्ने प्रविधिको विकास भएको कुरालाई चरितार्थ गरेको छ । 'डुकी र उसको परिवार' कथामा देशको राजनैतिक अवस्थाले गर्दा डुकी जस्ता कयौं नेपालीले आफ्नो जीवन

कालमा भोग्नु परेको कहालिलाग्दो दुःखका क्षणहरूलाई दर्शाउन खोजिएको छ । 'सरावती पासवान र उसको गाउँ' छैटौं कथा हो । यस कथामा देशमा भैरहेको राजनैतिक अस्थिरताले मधेशीको विचार परिवर्तन नभएसम्म नेपालको पैचान खुल्न सक्दैन भन्ने यथार्थतालाई दर्शाउन खोजिएको छ ।

'भुतले साइलो' सातौं कथा हो । यस कथामा समाजमा सोझासाझा चेलीहरू पनि बाध्यता र विवशताले गर्दा जनयुद्धमा होमिन बाध्य भएको कारुणिक घटनालाई समावेश गरिएको छ । भुतले साहिलो जस्तो पुरुषले पनि छोरी भुकुण्डीको लागि जन युद्धकै कमरेडसँग गुहार मागेर रोएको छ । आठौं कथा 'उनी बाँच्न सफल भए' मा पूर्णवहादुर जस्ता सोझा जनताका छोराछोरीले विना कसुर राज्य सत्ताको परिवर्तन हुने क्रममा दुःख पाएका कुराहरूलाई प्रस्तुत गरिएको छ । पूर्णवहादुरलाई विनाकसुर प्रहरीले लगेर थुनेको र पछि वाचा गराएर छाडियो । 'तारानाथ र जनैको डोरो'मा माओवादी द्वन्द्वको बेलामा गाउँमा पुलिस र माओवादीले तारानाथ जस्ता सिधा सादा जनताहरूलाई विनाकाम दुःख दिएको घटनालाई दर्शाउन खोजिएको छ । 'सन्तानको दायित्व'मा छोराछोरीको निम्ति आमाबाबुले ठूलो सपना बोकेर कर्तव्य निभाएका हुन्छन् तर आफू नसक्ने अवस्थामा पुगेपछि अस्पतालको बेडमा आफन्त विहिन बनेर उपचार गराउन बाध्य भएको प्रसङ्ग यस कथामा पाइन्छ । एघारौं कथामा अमृता जस्ती महिलाको बोलवाला चलेको घर परिवारमा जसरी उनको श्रीमान समेत पीडित भएका र त्यस्ती महिला एउटा पदमा रहेर देशको अवस्था कस्तो होला र समाजमा पनि घुस र भ्रष्टाचारीले गर्दा कहिले देश अघि बढ्न नसकेको तथा जनताले केही आरोप लगाएमा आत्महत्या गर्छु भन्ने धम्किदिने त्यस्ता नेताले जनताको लागि केही गर्दैनन् भन्ने प्रसङ्ग दर्शाइएको छ । जनआन्दोलनले देशमा परिवर्तन भएता पनि परिवर्तन हुने क्रममा देशमा विकास निर्माणमा परिवर्तन भने आउन सकेन जसको फस्वरुप एउटी महिला रसाईलीबाट शर्मामा परिवर्तन भएजस्तै पाटीपाटीमा परिवर्तन भयो त्यस परिवर्तन सँगै देशमा झन् गम्भीरता उत्पन्न गरायो ।

टीकावीर उपाचारको क्रममा भारत जान लागेको थियो । रेलमा यात्रा गर्ने क्रममा सबै मधेशीहरू र ती एकजोडी चाहिँ नेपाली २५/२६ वर्षको भन्न मिल्ने युवतीलाई केटाले बेच्नको लागि ल्याएको रहेछ फटाहाले जालमा परेकी केटी पो रहिछे टीकावीरले त्यस केटीलाई निगरानी गर्दागर्दै उद्धार गरायो । हाम्रो देशमा सिमा खुल्ला छ । काँडेवार लगाउन साहस गर्दैनौं जसको परिणाम स्वरुप नेपाली चेलीहरू वर्षेनी बेचिने क्रम बढ्दो् छ भन्ने कुरालाई यस कथाले दर्शाउन  खोजेको छ । प्रजातन्त्रको स्थापनासँगै सारा नेपाली जनताहरू खुशीयाली मनाइरहेका थिए । त्यसै बेला एउटी महिला दुई वटा छोराहरूलाई लिएर आफ्नो श्रीमानको खोजीमा अरुसँग आएपनि उनले आफ्नो अभिभावक गुमाइन् ।

'सिमाविवाद' कथामा फेकनले समाजमा झैं-झगडा गराएकोले ऊ गाउँ छोडेर केही दिन हरायो । त्यसपछि फुकिमायाले आफ्नो लोग्नेले गरेको झगडाको लागि आफू माफि मागि र आफू पनि लोग्नेलाई ल्याएर माफि माग्न लगाउने सर्त राखी र गल्ती भन्ने कुरा सबैबाट हुन्छ त्यसैले हामीले एकआपसमा मिलेर बस्न सिकेनौं भने बाह्य शक्तिले अक्रमण गर्छन् भन्ने कुरा कथामा दर्शाउन खोजिएको छ ।

# शर्मिला खड्का दाहालको समयको क्यानभासभित्र

●अरुणबहादुर खत्री "नदी"




वि.सं. २०५५ सालमा समष्टिमा "असफल सङ्घर्ष" कथा लिएर साहित्यिक क्षेत्रमा प्रवेश गरेकी कथाकार शर्मिला खड्का (दाहाल) को समयको क्यानभासमा नामक कथासङ्ग्रह २०६५ सालमा प्रकाशित भएको छ। यस कृतिभित्र समयको क्यानभासमा, पवित्र सम्बन्ध, असंबर्द्धित शान्ति, निश्चय-अनिश्चय लगायत विभिन्न शीर्षकका चौबीस कथाहरू राखिएका छन्। समयको क्यानभासमा कथाभित्र मेरो साहित्यमा कसरी रुचि बढ्यो त्यसको आफ्नै कथा छ। मेरो घरछेउमा हिन्दी पत्रपत्रिका बेच्ने थोक विक्रेताको डेरा थियो। बिहे हुनुअघि मसँग प्रशस्त समय हुन्थ्यो। त्यस समयमा म गृहशोभा, मनोरमा, कादम्बिनी, सरिता आदि खुब पढ्थे। त्यस समयमा नेपाली पत्रपत्रिका उति साह्रो निस्कदैनथे। ती पत्रपत्रिकामा भएका कथाले मलाई कथाप्रति निकै रुचि जगाउन थाल्यो भनिएको छ। शर्मिलाका अधिकांश कथाहरूले समयलाई बोकेको छ। समयलाई बोलेको छ। अझ विशेषगरी असन्तुलित सामाजिक संरचनाभित्र विविध ढङ्ग र रङमा हुर्किएका विभेदपूर्ण संस्कृति र त्यसका प्रवाहलाई चिरफार गरिएको छ।

कथामा परिवर्तनको चाहना मात्र होइन परिवर्तनपछि आवश्यक परिष्कृत सोच र स्थितिको कल्पना पनि गरिएको छ। असंबर्द्धित शान्ति कथामा आज शान्ति हराइसकेको छ। उसको ठाउँमा म सृष्टि आएजस्तै शान्ति बिलाईसकेको छ। सायद सबैले शान्तिलाई आफूसँग राख्ने हैन अर्काको नासो हो भन्ने मान्यता राखेर नै यस्तो भएको हुनसक्छ भनेको पाइन्छ। सुकन्या उर्फ नीलिमा कथामा जनयुद्धमा समर्पित एक युवती र एक भीषण सङ्घर्षको कथा र आफू समाप्त भएर पनि अरुको प्राण बचाउन गरेको प्रयत्न छ। कथाकार शर्मिलाका कथा मन र मष्तिस्कका, भावना र चेतनाका नयाँ समय र प्रवृत्तिका कलापूर्ण निष्पादन हुन्। कथाको यथार्थता र जीवन्तताले प्रत्येक पाठकलाई गहिरोसंग छोएर जान्छ। उनका सबै कथाहरूले समसामयिक आधुनिक चेतनाको प्रतिनिधित्व गर्छन्। निश्चय-अनिश्चय कथाभित्र छोरी भए जन्मनुको पीडाले उसको मुटु टुक्रेको छ। उसको शरीर जलेको छ। छोरीको आमा हुनुको अभिशापले भनिएको छ। उसको आकाश अन्धकार भएको छ, धरती भासिएको छ, जताततै दलदल छ, पाइला राख्ने ठाउँ छैन यस कथामा शर्मिला लेख्दछिन्। ओ अपराजिता कथामा पुरुषमा रहेका दम्भ, अभिमान र श्रेष्ठता मनोग्रन्थी प्रकट हुन्छ। यो नर-नारीबीचको मनोवैज्ञानिक द्वन्द्वको कथा हो। यसमा दृढ मनोबल, ज्ञान, सीप र शक्ति भएकी नारीलाई आफ्ना सारा शक्ति खर्चेर हराउन चाहन्छ, आरोपित गर्न चाहन्छ।

फ्रेमभित्रको फोटो कथामा आदित्यलाई साँच्चै बाँच्नुको सार्थकता भेट्टाएझैं लागेको छ । यसको उजाड मरुभूमिमा घनघोर वर्षा भएको महसुस गयो । दुबै जनालाई त्यो सुनामीले सञ्जीवनी दिएको आभास भयो भनिएको छ। अब फेरि सुनामीमा बाँच्न दुबैजना अभ्यस्त भएका छन् यस कथाभित्र ।

शर्मिलाका कथाको भाषा सरल, सरस र रोचक छ । पात्र-पात्राहरू त्यही जीवन्त वा व्यावहारिक भाषामा कुराकानी गर्छन् जो प्रचलित छ । शर्मिलाका सबै कथामा नेपालीपन अर्थात् हाम्रो खास मौलिकता छ । सरिता मलाई माफ गर कथाभित्र पुरुषपात्रको सिर्जना भएको छ । प्रतिष्ठा कमाइरहेकी सरिता अघि बढ्छे विनोद उसंग निकट सम्बन्धमा छ । यो उसको कथा हो कथामा देश फर्कदा मसंग केही रकम, राष्ट्रियताले पोलेको मुटु र साथी हर्केको माया छातीभरि थियो कथाकार शर्मिलाले लेखेकी छिन् । बाँसुरीको धुन कथा एक मनोवैज्ञानिक कथा हो । पुरानो प्रेमको सम्झना बल्झेर आउँछ एक युवकमा तर युवती अर्काकी भएकी छे । यो वियोगान्तको राग उत्पन्न गर्ने गहिरो कथा हो । वर्तमानको व्यक्तिगत, सामाजिक र राष्ट्रिय सन्दर्भ नै लेखनको आधार बनेको हुन्छ । तिनै आधार कथाका मेरुदण्ड हुन् । बौद्धिक गम्भीरताको भार शर्मिलाका प्रत्येक कथाले लिएका छन् । समाजभित्र रहेका समस्याहरू हामीले अनुभूत गरेका र याद नगरेकाहरू पनि मज्जाले रमाएका छन् । कल्पनाको क्यानभासमा कथाभित्र तिमीले अज्ञानतावश गरेका गल्तीहरू पनि सहज भइदिन्छन् भनिएको छ। कथाकार शर्मिला सोच्दछिन् तिमी नै संसार हौ तिमी नै सृष्टि हौं तिमी नै सागर हौ । एउटा समुद्र अथाह पीडा बोकेर पनि शान्त र सुरम्य हुनुपर्ने बाध्यताले थिचिएझैं कथाकारले आफ्ना पीडाहरू उनीभित्र गाभ्न चाहन्छीन् । फूल अर्थात् सुन्तली एक असफल जोडीको कथा हो। सोझो जङ्गबहादुरले सुन्तलीलाई प्रेम, स्नेह, सुख र बासनाको तृप्ति दिन सकेन । सहरी तडकभडकले उम्लिएकी सुन्तली जीवनको अन्धकारमा समाप्त भएकी छे। एउटा आयाम जीवनको कथामा सलाइनको पानीको थोपासंग म आफ्नो अतीत बगाउन पुग्दछु। मेरो जीवनले दश वर्षको साउने झरी बगाइसकेछ भनिएको छ । यस कथामा जुन मानसिक पीडामा म छटपटिरहेछु त्यही पीडा भौतिक रुपले मेरी छोरी भोग्न बाध्य छे । कथाकार शर्मिलाको कथालेखन अगाडि बढ्दै जाओस् । आउँदा दिनमा अरु कथासङ्ग्रह जन्मन सकोस् भन्न चाहन्छु ।

# अक्षरयात्रा घोषणापत्र २०६६

● हरि खनाल



अक्षरहरू कहिले फेवातालमा डुङ्गाहरूसँगै प्रवाहित हुन्छन् त कहिले वेगनासतालमाथि पुगेर लहरिन्छन्। तीनै अक्षरहरू कहिले पातालेछाँगोमा पुगेर सुसेली हाल्छन् त कहिले महेन्द्रगुफाभित्र पसेर रहस्य खोतल्छन्। हैन यी अक्षरहरू कति चलायमान छन् हँ ?

यी अक्षरहरू यात्रामा छन्, यी यात्राहरू पोखराका हुन्। पोखरेली स्रष्टाहरू अक्षरसँगै वेगवान हुँदै अघि बढ्ने गर्छन् हरेक महिनामा तेस्रो शनिवारका दिन । वि.सं २०६२ साल असार १८ गते सुन्दरीडाँडा वेगनासबाट आरम्भ भएको अक्षरयात्रा पोखराका अधिकांश स्थानहरूसँग परिचय स्थापित गर्दै तनहुँ लमजुङको स्पर्शसमेत गरेर उही स्थान अर्थात सुन्दरीडाँडामा आइपुग्दा ५० श्रृङ्खला पार गर्न पुग्यो । यात्राको आरम्भ गजल सन्ध्या, नवनीत साहित्य सागर र भावना परिवार अक्षर यात्राका सारथी बने । पछिल्लो चरणमा गजल सन्ध्या र नवनीत साहित्य सागरबाट अक्षरयात्राले निरन्तरता पाइरहेको छ ।

अक्षर यात्रा साहित्यकार प्रकट पंगेनी शिवको शब्दमा साहित्य पर्यटन हो । साहि( त्य पर्यटन सस्तो मनोरञ्जनमात्रै नभएर सिर्जनशील र दिशावोध गराउने दरिलो माध्यम पनि हो ।' साहित्यकार सरुभक्त जीवनलाई अक्षरहरूको यात्रा मान्दछन् । नेपालको रमणीय स्थल पोखरा, प्रकृतिको अनुपम छटाले भरपूर छ र यीनै प्राकृतिक छटाहरूलाई नियाल्दै र खेल्दै पोखरामा अक्षरहरू अनवरत यात्रा गरिरहेका छन् । गजल सन्ध्या पोखराका पूर्व उपाध्यक्ष दीपक समीपका विचारमा अक्षरयात्राले महिनौंसम्म रचना नगरी बसेका स्रष्टाहरूलाई रचनागर्भ प्रदान गरेको छ । पोखराकै कवि तीर्थ श्रेष्ठ लेख्छन्, ' यात्रा भन्नासाथ सुखद् अनुभूति हुने गर्छ। नयाँ ठाउँ, नयाँ मान्छे, सँगै हिंड्ने पुराना साथी भएपनि परिवेश नयाँ' अक्षरयात्रा एउटा साहित्यिक चिराग हो भन्दै अक्षरहरूलाई यात्रामा लगिरहने उद्घोष गर्छन स्रष्टा ईश्वररमण अधिकारी। आरम्भदेखि ५० औं सृङ्खलासम्म आइपुग्दा यस यात्राले कैयन नवोदित साहित्यकारहरूलाई स्थापित बन( ाएको अनुभव छ सरस्वती श्रेष्ठ 'सरू'को ।

पोखरामा जुर्मुराएर उठेको अक्षरयात्राले ५० औं बिसौनीसम्म आइपुगेपछि 'अक्षरयात्रा घोषणापत्र २०६६ जारी गरेको छ । जसको प्रस्तावनामा 'साहित्य सिर्जना आन्दोलनको महान अभियान हो। एउटा आदर्शगन्तव्यतर्फ उन्मुख भई साहित्यले समाजमा क्रान्ति गरिरहन्छ ....साहित्य क्रान्तिको सम्बाहक हो र अक्षरयात्रा साहित्यको नवीन सन्धानको यात्रा हो ' भनिएको छ। १२ ओटा उद्देश्यहरू, ८ओटा कार्यक्रमका विशेषताहरू, ५० ओटा यात्राहरूको सङ्क्षेपसमेत प्रस्तुत गरिएको ५ पृष्ठको घोषणापत्र भएको पुस्तकमा ८ जना साहित्यकारहरूको विचार तथा अनुभवहरू समेटिएको छ । रुपेन्द्र प्रभावी कटु, अध्यक्ष गजल सन्ध्या, लक्ष्मण थापा , अध्यक्ष नवी( नतम साहित्य सागर पोखराबाट संयुक्त रुपमा हस्ताक्षर गरी जारि गरिएको यस घोषणापत्रमा साहित्यकारहरूको विचारहरू समेत अध्ययन गरिसकेपछि अक्षरयात्राको शैशवकाल देखि हालसम्मको आरोह अवरोह वोध गर्न सकिन्छ। तथापि कतिपय लेखाइहरूमा स्वभाविक रूपमा उही कुरा आउने भएकाले विचारहरूमात्र पस्कनुको सट्टा ५० ओटा यात्राका महत्वपूर्ण सिर्जनाहरूको झलक (उत्कष्ट) समावेश भएको भए घोषणापत्र अझ राम्रो हुन सक्थ्यो भन्ने कोणबाट पनि हेर्न सकिन्छ । समग्रम अक्षरयात्रा पोखरेली स्रष्टाहरूको साहित्य अभियान हो यसबाट देशका अन्य साहित्यकार हरूले पनि प्रेरणा प्राप्त गर्न सक्दछन्। साहि( त्यलाई जनताको सुखदुखसँग सामिप्य गराउने , उनीहरूकै भोगाइलाई साहित्यमा उतार्ने अभियानले साहित्य जनताको हुन सक्ने स्पष्ट छ। अक्षरका यात्राहरूले निरन्तरता पाऊन्।

# ललिता दोषी र नीलकमल बालउपन्यास

● मुक्तिनाथ शर्मा



साहित्यकार ललिता दोषीले नेपाली साहित्यभण्डारमा एउटा सानु चिटिक्कको बाल(उपन्यास दिनुभएको छ। यो बालउपन्यासको नाम छ 'नीलकमल' । नीलकमल मार्फत दोषीले साना नानीहरूलाई भोलिका योग्य नागरिक बनाउन र सुसंस्कृत तुल्याउन प्रयत्न गर्नुभएको देखिन्छ । यो सराहनीय कार्य हो। यसमा सम्पन्न र विपन्न परिवारका बालबालिका पात्रलाई आपसमा प्रेम गर्न र असल मान्छे बन्न प्रेरणा भर्ने प्रयत्न भएको देखिएको छ। त्यस्तै गैरजिम्मेवार बाबु-आमाले आफ्ना नानीहरूलाई असल शिक्षा नदिदा समस्या परेको कुरा देखाएर सतर्क गराउने प्रयत्न भएको पनि छ जो महत्वपूर्ण विषय हो। यस्ता महत्वपूर्ण विषयलाई कथावस्तुमा राखी सरल भाषामा लेखिएको बालउपन्यास भएकोले हाम्रा साना नानीहरूलाई पढ्न रुची हुनु त छँदैछ प्रौढहरूका निमित्त पनि पठनोपयोगी देखिन्छ । नीलकमल मार्फत् एक खुड्ककिलो माथि उठेकिछन् साहित्यकार ललितादोषी ।

ललिता दोषी भर्खर उदाएकी नयाँ स्रष्टा होइनन्। सूर्यकुमारी तथा कुल बहादुर गजुरेलकी सुपुत्रीका रूपमा वि.सं. २०२५ सालमा ललितपुरको इमाडोलमा जन्मेकी दोषी नेपालीमा एमए गरेकी प्रतिभा हुन् । वर्तमान साहित्य जगतमा राम्रो स्थान बनेको छ उनको। कविता, कथा, बालगीत एवं बाल कथा बालउपन्यास लगायत अरु विधामा समेत दौडेको देखिन्छ उनको कलम ।

साहित्यकार दोषीका हाल सम्ममा १ प्रेमको परिभाषा (कथा संग्रह), २) भत्किएका किनारा (कथा संग्रह), ३) वुद्ध रोएझैं लाग्छ (कविता संग्रह), ४) दुखेको घाउ (कथा संग्रह), ५) मानिस नै देवता (बाल कथा संग्रह) र ६) नीलकमल

(बालउपन्यास) क्रमसः २०५६, २०५७, २०५८, २०६०, २०६३, २०६४ र २०६५ मा प्रकाशित भएका देखिन्छन् । उनी आफुलाई साहित्य साधनामा लगाइ रहेकी छन् र ठाउँ ठाउँमा समय समयमा हुने साहित्य गोष्ठीहरूमा समेत भेटिइन्छिन् । त्यहाँ सुन्दर वाचनकर्तामा ठहर्‍याइन्छ । उनका कवितामा विशेष गहनता हुन्छ र वाचनकला एवं स्वरले नयाँ स्वाद पस्कने गर्दछन् । त्यसैले उनको उपस्थिति सबैका निमित्त प्रिय हुन पुग्दछ । यसकारण पनि नेपाली साहित्य जगतले माया गरेको छ ।

नेपालको निरंकुश, अदुरदर्शी राज(नीतिका कारण सिंगो देश शिक्षादीक्षामा पछाडि परेको थियो । त्यसमा पनि नारी शिक्षाको अभावनै रहेको हो । त्यसकारण हाम्रो साहित्य एक तर्फी अपुरो र अधुरो

थियो । यसले गर्दा हामी चिन्तित थियौं । किनभने समाजका जुनसुकै काममा पनि नारी र पुरुषको बराबरी सहभागिता हुँदा त्यो कार्य मजबुत हुन्छ । साहित्य पनि त्यस्तै हो । तर हाम्रा आमा, दिदी, फुपू, बहिनी, छोरी पत्नी भाञ्जी आदि जुनसुकै नाताका भएपनि पुरुषका पियारी हुन, यस्तो सत्य हुँदाहुँदै पनि यहाँ नारी अशिक्षित भएका कारण साहित्यजगत पनि अधुरो भएको हो । देशमा प्रजातन्त्रको मिर्मिरे उज्या(लो आएपछि नारी शिक्षाको थालनी सँगसँगै साहित्य जगतमा पनि नारी स्रष्टाहरू देखापर्न थाले । अहिले हामी सन्तोषको सास फेर्न थालेका छौं । किनभने अब नेपाली साहित्य पनि नारी र पुरुषको सहभागितामा अगाडि बड्दैछ । यसै मेलोमा दरिलो उपस्थितिमा उनी पनि देखा परेकी छिन् । अब सवैले स्वागत गरौं उनलाई । अहिले यत्ति..........।

# प्रकृति प्रेमी–हेमप्रभास

**● वैरागी जेठा**




हेमप्रभास अधिकारी, धादिङे प्रतिभा हुन् । उनी सानै उमेरमा धेरै प्रगतिको फट्को मार्न सफल भएका छन् । आफू जन्मेको पहाडका गाउँलाई प्रतिक बाएर कविले सृजना गरेका छन् । उनी आफ्नो गाउँलाई अत्याधिक माया गर्दछन् । कविले मनको मथ पहाडलाई बनाएका छन् । आफ्ना इन्द्रियालाई सचेत गराएका छन् । उनी पहाडको पीडालाई माया गरेर रमा(उँदछन् । मानवीय आधुनिक राष्ट्रसेवक र विद्वानहरूलाई पहाड प्रति चिन्तनशील हुन आग्रह गरिएको छ । यदि देशमा शान्ति दिने हो भने पहाडका कथा, व्यथाहरूलाई व्यवहारीक सामाजिक प्राणका रूपमा लिनसक्नु पर्छ भन्ने कुराको कवितामा वर्णन पाइन्छ । कविको गाउँ पनि एउटा विकट क्षेत्र हो । खासै त्यहाँ सामाजिक चेतना, उठ्न सकेको छैन । युद्ध पीडाले ग्रसित रहेकाले पनि आक्रोश, कुण्ठनका कुराहरू कवितामा उल्लेख छन् ।

यस कविता संग्रहमा जम्मा जम्मी चालीसवटा कविताहरू संकलन गरिएको छ । जनकविकेशरी धर्मराज थापा, नवराज लम्साल, राजन भट्टराई शिशिर शर्मा, दीपक चिन्तकका समालोचकीय सुभकामना पत्रहरू राखेर कविता संग्रह तय गरिएको छ । आवरण, तस्वीर, कलाकार राजश्रेष्ठको कलात्मक, विम्बात्मक रहेको पाउन सकिन्छ । एउटा मान्छेले पहाड बोकेर पहाडतिर उक्लँदैगरेको दृश्यले पनि हृदय भएका मान्छेको मन पगाल्छ ।

यसपाली नवराज रिजालले मलाई पुस्तक परिचय लेख्न सुम्पिनुभयो । धेरै समय भइसकेको थियो, पुस्तक परिचय नलेखेको । नकार्न सकिन उहाँले सुम्पिएको जिम्मेवारी धेरै थिए त्यसमध्ये यो पनि

एक थियो । मेरा थुप्रै काम हुँदाहुँदै पनि झोलाबाट झिकेर पहाड बोकेर पहाडतिर नामक कवितासंग्रह दिनुभयो । मलाई निकै खुशी लाग्यो । यतिबेला यसै संग्रहमा डुबेको छु । आफ्नो लेखनी समय कविहरूलाई नै दिँदा मनमा आनन्द आउँछ । यो समय कविहरूलाई अर्पिन लागेको छु ।

हेमप्रभास एक नयाँ कवि । पहिलो गजलसंग्रहले उनलाई कवित्वको झिल्काको रूपमा देखाइसकेको छ । कवितामा पनि उठेका छन् । कवित्वश ील्पमा अलिकति ध्यान पुऱ्याउन सके भने हेमप्रभास आँखु झैं बाँचिरहन्छन् । धादिङको एउटा विकट गाउँमा जन्मिएका सक्रिय एक युवकलाई आत्मसात् गर्दै मैले उनलाई पग्रतिपथको फ्रेममा राखेर पढ्न चाहन्छु । यहाँ पहाड भित्रको हृदय बोलेका छन् । गजल लेखनीबाट कवितामा प्रवेश गरेका कारण नै यस कृति जन्मिन पुगको हो । यहाँ स्थापित हुन संघर्षरत रहेको शैली र भाव छ । गण्डकी र आँखु बीचमा उनले निकै सङ्घर्षगरेर राजधानी काठमाडौं आइपुगेका छन् । आँखु, ज्यामरुङ, गोलाभञ्ज्याङ मुरलीभञ्ज्याङ जस्ता टाकुरा छिचोलेर सहर आएका कविले तिनकै पीडाल(ाई आत्मबोध गराउँदै, बिम्ब, प्रतिकका रूपमा कविताहरू मुखरित भएको पाउन सकिन्छ ।

प्रस्तुत कवितामा हेमप्रभासले आफ्ना सिर्जनामा, आफ्नी आमा र गाउँले आमाहरूले भोगिरहेको पीडालाई काव्यशैलीमा उतारेका छन् । पहाडका आमाको कारुणसीक सम्वेदना कवितामा झंकार भएको छ । आमाले, कुन झरी, कुन घाम, कुन वर्षात् सँधै नाम्लो र डोकोसँग विताएका जीवनलाई करुणरसमा कविता प्रस्तुति रहेको पाउन सकिन्छ । जस्तोसुकै हुरीबतास आओस्, महाप्रलयहोस् आमाले रुझेर डोकोमा घाँसका भारी बोकेर बाँच्नु परेको छ, यी आमाहरूको दिन कहिले फिर्छ भन्ने भावना रहेको पाउन सकिन्छ ।

धादिङ पहिला पश्चिम एकनम्वरमा पर्थ्यो । शहरको नजिक भएर पनि विकास निर्माणमा कुनै परिवर्तन पाउन सकेको थिएन । अहिले गणतन्त्र आउँदा पनि पहाड विरामी परेको छ, उसको शैया उठाउने कोही छैन, तिनै पहाडको भाषालाई कविले बोलेको हुनसक्छ । गणतान्त्रिक नेपाली संरचना बन्न लाग्दा पनि देशको भौगोलिक विस्तारमा परिवर्तन हुन नसक्दा कवि निकै दुखित भएका छन् । बाह्रवर्षको द्वन्द्वले सृजना गरेका अपराधहरूले धेरै आमाको कोख रित्तिएको छ । कवि सरोकारवालाहरूसँग साहित्य मार्फत् वार्ता गर्दछन् । राजनीतिक दृष्टिले धादिङको कटुञ्जे निकै पीडित छ । शिक्षा, स्वास्थ्य, सामाजिक, धार्मिक चेतनाले पनि पछिरहेका हुनाले कवि अत्यन्त समृद्ध शैलीमा आफ्ना सृजना लेख्दछन् ।

कवि हेम प्रभासमा गेय र स्मृति सुगम रहेका छन् । पहाड मार्करसमा कलम चलाएका छन् । गणतन्त्र आएपनि यस युगलाई अन्धकार युग देख्तछन् कवि । जनमानसलाई चेतना जगाउन पहाडलाई बिउँताउन खोज्ने सुधारवादी कविका रूपमा पाउन सकिन्छ कवि हेमप्रभासलाई ।

कवि हेम प्रभासका कविता खारिदै जाउन् । अझ कलात्मक सुन्दरता छाओस्, कविताले सधैं सजिव आदर्श बाटो पहिला(उँदै प्रगतितिर लम्किरहुन् भन्दै बिदा । यस पाठकले अरु प्रगति उन्मुख विचार दृष्टिले उच्च खरिएका कृति अध्ययन गर्न पावोस् भन्ने कामना सहित........... ।

हामी नेपालीहरूमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ । नयाँ प्रविधि र नयाँ क्षेत्रहरूमा हामी जानैपर्छ । मुख्यतः हामीमा प्रतिबद्धता, लगनशीलता, आँट र साहस चाहिन्छ ।

नेपाल सरकार

**सूचना तथा सञ्चार मन्त्रालय**

सूचना विभाग